# लेखापरीक्षण प्रतिवेदन

# अपिहिमाल गाउँपालिका, दार्चुला

आर्थिक वर्ष २०८१/८२



## महालेखापरीक्षकको कार्यालय

काठमाडौं, नेपाल

# लेखापरीक्षण प्रतिवेदन

# अपिहिमाल गाउँपालिका, दार्चुला

आर्थिक वर्ष २०८१/८२

**महालेखापरीक्षकको कार्यालय**

काठमाडौं, नेपाल

## दूरदृष्टि (VISION)

**जवाफदेहिता, पारदर्शिता र निष्ठा प्रवर्धन गर्ने विश्वसनीय सार्वजनिक संस्था**

*(Be a Credible Public Institution in Promoting Accountability, Transparency and Integrity)*

## गन्तव्य (MISSION)

**स्वतन्त्र एवम् गुणस्तरीय लेखापरीक्षण सेवा प्रदान गर्ने**

*(Provide Independent and Quality Audit Service)*

## मूल्य मान्यता (Core Values)

| | |
|---|---|
| स्वतन्त्रता | *(Independence)* |
| निष्ठा | *(Integrity)* |
| पारदर्शिता | *(Transparency)* |
| जवाफदेहिता | *(Accountability)* |
| व्यावसायिकता | *(Professionalism)* |

# महालेखापरीक्षकको भनाइ



नेपालको संविधानको धारा २४१ मा सङ्घ, प्रदेश र स्थानीय तहको लेखा कानुन बमोजिम नियमितता, मितव्ययिता, कार्यदक्षता, प्रभावकारिता र औचित्यसमेतको विचार गरी महालेखापरीक्षकबाट लेखापरीक्षण हुने व्यवस्था छ। लेखापरीक्षण ऐन, २०७५ को दफा २० को उपदफा २ मा महालेखापरीक्षकले प्रत्येक स्थानीय तहको लेखापरीक्षण सम्पन्न गरी अलग अलग लेखापरीक्षण प्रतिवेदन जारी गर्न सक्ने व्यवस्था छ। लेखापरीक्षण गर्दा लेखापरीक्षण ऐन, २०७५, नेपाल सरकारी लेखापरीक्षणमान, लेखापरीक्षण मार्गदर्शन, स्थानीय तह लेखापरीक्षण निर्देशिका, महालेखापरीक्षकको वार्षिक लेखापरीक्षण योजना र स्थानीय तहसँग सम्बन्धित ऐन, नियमलाई आधार लिइएको छ। सोहीबमोजिम स्थानीय तहको २०८१।८२ को लेखापरीक्षण सम्पन्न गर्दा देखिएका बेहोरा उल्लेख गरी प्रारम्भिक प्रतिवेदन जारी गरिएकोमा सो उपर प्राप्त प्रतिक्रियासमेत सम्बोधन गरी राय सहितको प्रतिवेदन जारी गरिएको छ।

वित्तीय विवरणको शुद्धता, प्रचलित कानुनको परिपालना, राजस्व प्रक्षेपण तथा बजेट निर्माण, योजना तर्जुमा एवं कार्यक्रम कार्यान्वयन, खरिद व्यवस्थापन तथा विकास निर्माण, सार्वजनिक सेवा प्रवाह, आन्तरिक नियन्त्रण प्रणाली, आन्तरिक आय परिचालन, जनशक्ति व्यवस्थापन, जिम्मेवारी एवं जवाफदेहितालगायतका विषयहरूको अध्ययन, विश्लेषण तथा मूल्याङ्कन गर्नुका साथै स्रोत साधनको प्राप्ति, उपयोग एवं परिचालन सन्दर्भमा मितव्ययिता, कार्यदक्षता र प्रभावकारिता समेतलाई दृष्टिगत गर्दै कार्यान्वयनयोग्य सुझाव प्रदान गरी सुशासन कायम गर्न सहयोग गर्नु लेखापरीक्षणको उद्देश्य रहेको छ।

सबै स्थानीय तहको स्थलगतरूपमा लेखापरीक्षण सम्पन्न गरी लेखापरीक्षणको क्रममा देखिएका बेहोरा उपर स्थानीय तहका पदाधिकारी तथा जिम्मेवार कर्मचारीहरूसँग छलफलसमेत गरिएको छ।

यस वर्ष सामान्यतया स्थानीय तहमा कार्यसम्पादनका लागि आवश्यक कानुन निर्माण पूर्ण रूपमा नभएको, विद्यमान कानुनको पूर्ण परिपालना हुन नसकेको, बजेट अनुशासन कमजोर रहेको, आन्तरिक आय न्यून रहेको, करदाताको अभिलेख व्यवस्थित नभएको, आन्तरिक आयलाई व्यवस्थित गर्न नसकिएको, प्रशासनिक खर्चमा वृद्धि हुँदै गएको, योजनालाई खण्डीकृत गरी कार्य गर्ने गरेको, वर्षान्तको खर्च उच्च रहेको, आयोजनाको प्राथमिकीकरण गरेर बजेट विनियोजन नभएको, निर्माणको सुनिश्चितता नभएका आयोजनाहरूको समेत विस्तृत आयोजना प्रतिवेदन तयार गरिएको, जटिल प्रकृतिका कार्यहरूसमेत उपभोक्ता समितिबाट गराएको, जनशक्ति व्यवस्थापन हुन नसक्दा सेवा प्रवाह प्रभावकारी हुन नसकेको, स्वीकृत दरबन्दी बेगरका कर्मचारीसमेत करारमा नियुक्ति गरेको, सार्वजनिक सम्पत्तिको अभिलेख तथा संरक्षण र उपयोग प्रभावकारी रूपमा हुन नसकेकोले आन्तरिक नियन्त्रण र लेखाङ्कन तथा प्रतिवेदन एवं बेरुजु फर्स्यौटमा सुधार गर्नुपर्ने लगायतका बेहोरा देखिएका छन्।

लेखापरीक्षणबाट उल्लेख गरेका बेहोराको समयमा नै फर्स्यौट तथा सुझावहरूको कार्यान्वयनबाट वित्तीय अनुशासनमा अपेक्षित सुधार गरेर स्थानीयतहबाट हुने विकास निर्माण तथा समग्र कार्यसम्पादन र सेवा प्रवाहलाई प्रभावकारी बनाउनुपर्दछ।

अन्तमा, स्थानीय तहको लेखापरीक्षणमा सहयोग पुऱ्याउने पदाधिकारी तथा कर्मचारी लगायत सबै सरोकारवाला प्रति आभार व्यक्त गर्दछु। साथै लेखापरीक्षण कार्यमा संलग्न कर्मचारीहरूमा समेत विशेष धन्यवाद व्यक्त गर्दछु।

**(तोयम राया)**

**२०८३ वैशाख** **महालेखापरीक्षक**

महालेखापरीक्षकको कार्यालय
Office of the Auditor General
प्रादेशिक लेखापरीक्षण महानिर्देशानालय, सुदुरपश्चिम प्रदेश
काठमाडौ

प.सं.:2082/83 मिति : २०८३-१-२९
च.न :APPROVED/FAR/2081-82/LOC/806

श्रीमान् अध्यक्षज्यू,
अपि हिमाल गाउँपालिका,
गाउँ कार्यपालिकाको कार्यालय, दार्चुला ।

**बिषय - लेखापरीक्षण प्रतिवेदन सम्बन्धमा ।**

लेखापरीक्षण ऐन, २०७५ को दफा २० को उपदफा (२) बमोजिम त्यस पालिकाको आर्थिक वर्ष-२०८१।८२ को लेखापरीक्षण सम्पन्न गरी तयार गरिएको लेखापरीक्षण प्रतिवेदन यसैसाथ संलग्न गरी पठाइएको व्यहोरा जानकारीका लागि अनुरोध छ।

( थवराज अधिकारी )
नायब महालेखापरीक्षक

महालेखापरीक्षकको कार्यालय
Office of the Auditor General
प्रादेशिक लेखापरीक्षण महानिर्देशानालय, सुदुरपश्चिम प्रदेश
काठमाडौ

प.सं.:2082/83 मिति : २०८३-१-२९
च.न :APPROVED/FAR/2081-82/LOC/806

श्रीमान् अध्यक्षज्यू ,

अपिहिमाल गाउँपालिका,

गाउँकार्यपालिकाको कार्यालय, अपिहिमाल, दार्चुला ।

**विषयः लेखापरीक्षण प्रतिवेदन ।**

## १. कैफियत सहितको राय

हामीले त्यस गाउँपालिकाको आर्थिक वर्ष २०८१।८२ को प्राप्ति र भुक्तानीको एकीकृत वार्षिक प्रतिवेदन, बजेट तुलनात्मक विवरण, स्थानीय संचित कोषको वार्षिक आर्थिक विवरण र त्यससँग सम्बन्धित लेखानीति तथा टिप्पणीहरू समावेश भएको एकीकृत वित्तीय विवरणको लेखापरीक्षण गरी रायसहितको प्रतिवेदन पेस गरेका छौं।

हाम्रो रायमा, यस प्रतिवेदनको कैफियत सहितको राय व्यक्त गर्ने आधार खण्डमा उल्लेख भएका विषयले पार्ने असर बाहेक,पालिकाबाटपेस भएको २०८२ आषाढ मसान्तसम्मको आर्थिक वर्ष २०८१।८२ को प्राप्ति र भुक्तानीको एकीकृत एवं वार्षिक प्रतिवेदन, बजेटको तुलनात्मक विवरण, स्थानीय सञ्चित कोषको वार्षिक आर्थिक विवरण त्यससँग सम्बन्धित लेखानीति तथा टिप्पणीहरूसमावेश भएको स्थानीय तहको एकीकृत वित्तीय विवरणले नेपाल सार्वजनिक क्षेत्र लेखामान (नगदमा आधारित) र आर्थिक कार्यविधि तथा वित्तीय उत्तरदायित्व ऐन तथा प्रचलित कानुनबमोजिम सारभूत रूपमा सही र यथार्थ अवस्था चित्रण गर्दछ।

## २. कैफियत सहितको राय व्यक्त गर्ने आधार

२.१. महालेखापरीक्षकबाट स्वीकृत नेपाल सार्वजनिक क्षेत्रलेखामानको ढाँचामा वित्तीय विवरण तयार गर्नुपर्नेमा यस पालिकाले तयार गरेको वित्तीय विवरणमाअन्तरसरकारी अख्तियारी, आन्तरिक आय, विविध कोष, लगायतकाकारोबार समावेश गरेको छैन।

२.२. गाउँपालिकाको आय र व्यय तर्फको रू.७८ करोड ९ लाख ४३ हजारको लेखापरीक्षणबाट रु.३० लाख ९३ हजार बेरुजू देखिएकोमा प्रतिक्रियाबाट रु.१५ लाख २६ हजार सम्परीक्षण भई असुल गर्नुपर्ने रु.९ लाख ६ हजार, प्रमाण कागजात पेस गर्नुपर्ने रू.३ लाख २१ हजार, नियमित गर्नुपर्ने रु.२ लाख ४० हजार र पेश्की बाँकी रु.१ लाख गरी जम्मा रु.१५ लाख ६७ हजार बाँकी रहेको छ। गत वर्षसम्म कायम बेरुजू रु.५ करोड ४ लाख ८४ हजार मध्ये रु.५८ लाख ७२ हजार सम्परीक्षण भई यसवर्षको थपसमेतहालसम्म अद्यावधिक बेरुजू रु.४ करोड ६१ लाख ७९ हजार बाकी रहेको छ। बेरुजु वर्गीकरण, अद्यावधिक बेरुजु स्थिति र बेरुजु सम्परीक्षणको बेहोरा यसैसाथ संलग्न छ।

२.३. आम्दानी तथा खर्चको स्रेस्ता नगदमा आधारित लेखा प्रणाली अवलम्बन गरेकोले पालिकाको पेस्की बाहेक सम्पत्ति तथा दायित्व यकिन हुने कुनै जानकारी खुलाएको छैन। हाम्रो लेखापरीक्षण कार्य नेपालको संविधान, लेखापरीक्षण ऐन तथा महालेखापरीक्षकको कार्यालयले अवलम्बन गरेका सरकारी लेखापरीक्षण मानदण्ड,मार्गदर्शन तथा लेखापरीक्षणसँग सम्बन्धित अन्य प्रचलित कानुनबमोजिम गरिएको छ। वित्तीय विवरण तयार गर्ने स्थानीय तहसँग हामी स्वतन्त्र छौं। त्यसैगरी स्वीकृत आचारसंहिताको पालना गरी कार्यसम्पादन गरेका छौं। लेखापरीक्षणको क्रममा प्राप्त गरेका लेखापरीक्षण प्रमाणहरू हाम्रो राय व्यक्त गर्ने आधारका लागि पर्याप्त र उपयुक्त छन् भन्ने कुरामा कार्यालय विश्वस्त छ।

**३. अन्य बेहोरा-** लेखापरीक्षणबाट ऐन नियमको परिपालना, आन्तरिक नियन्त्रण व्यवस्था, स्थानीय वित्त व्यवस्थापन,सम्पत्तिको संरक्षण, स्रोत साधनको प्राप्ति र उपयोग, शासकीय प्रवन्ध, स्रोत सुनिश्चितता र बजेट


व्यवस्थापन र विकास प्रशासन र सोको कार्यान्वयन, अनुदान वितरण तथा अनुगमन, सेवा प्रवाह, स्थानीय प्रशासन, जवाफदेहिता र सुशासन लगायतका विषयमा सुधार गर्नुपर्ने देखिन्छ।

## ४. वित्तीय विवरण उपर व्यवस्थापन र लेखा उत्तरदायी अधिकृतको जिम्मेवारी

नेपाल सार्वजनिक क्षेत्र लेखामानबमोजिम सही र यथार्थ हुने गरी वित्तीय प्रतिवेदन तयार गर्ने तथा जालसाजी वा अन्य गल्तीका कारण वित्तीय प्रतिवेदन सारभूतरूपमा गलत आँकडारहित स्वरूपमा बन्ने गरी आवश्यक आन्तरिक नियन्त्रण प्रणाली लागू गर्ने जिम्मेवारी स्थानीय सरकारमा रहेको छ। गाउँकार्यपालिका, प्रमुख/ अध्यक्ष र प्रमुख प्रशासकीय अधिकृत गाउँपालिकाको वित्तीय प्रतिवेदन प्रक्रियाको अनुगमनका लागि जिम्मेवार रहेका छन्।

## ५. वित्तीय विवरणको लेखापरीक्षणउपर लेखापरीक्षकको जिम्मेवारी

वित्तीय प्रतिवेदन समग्रमा जालसाजी वा त्रुटिका कारण सारभूत रूपमा गलत आकडा रहित रहेको छ भनी यथोचित आश्वस्तता प्राप्त गरी राय सहितको लेखापरीक्षण प्रतिवेदन जारी गर्नु लेखापरीक्षणको उद्देश्य हो। लेखापरीक्षणमा यथोचित आश्वस्तताले उच्च स्तरको आश्वस्तता प्रदान गरेको हुन्छ। लेखापरीक्षण ऐन तथा महालेखापरीक्षकको कार्यालयले अवलम्बन गरेको नेपाल सरकारी लेखापरीक्षण मान, मार्गदर्शन तथा लेखापरीक्षणसँग सम्बन्धित अन्य प्रचलित कानुन बमोजिम लेखापरीक्षण कार्य सम्पादन गरिएको छ। यसरी लेखापरीक्षण गरिएको अवस्थामा समेत आन्तरिक नियन्त्रण र वित्तीय प्रतिवेदनको प्रकृति, लेखापरीक्षणका विधि तथा लेखापरीक्षण सम्पन्न गर्न लागेको समय जस्ता लेखापरीक्षणका अन्तर्निहित सीमाहरूका कारण वित्तीय विवरण वा आर्थिक कारोबारमा भएका सबै प्रकारका जालसाजी वा त्रुटि पत्ता लाग्न सक्ने निश्चितता हुँदैन। वित्तीय विवरणका उपयोगकर्ताले सामान्यतया गर्ने आर्थिक निर्णयमा फरक पार्ने अवस्था देखिएका जालसाजी वा त्रुटिका एक वा समग्र सूचनालाई सारभूत रूपमा गलत आकडा मानिएको छ।



(थवराज अधिकारी)
नायब महालेखापरीक्षक

## बेरुजु वर्गीकरण

### चालु वर्षको बेरुजु

| प्रारम्भिक बेरुजु | | | प्रतिक्रियाबाट सम्परीक्षण | | | प्रतिक्रियाबाट थप बेरुजु रकम | बाँकी बेरुजु | | | बेरुजु | | | | | | |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| | | | | | | | | | | असुल गर्नु पर्ने | नियमित गर्नुपर्ने | | | | | पेस्की |
| दफा संख्या | | रकम | दफा संख्या | | रकम | | दफा संख्या | | रकम | असुल गर्नु पर्ने | अनियमित भएका | प्रमाण कागजात पेश नभएका | जिम्मेवारी नसारेका | सोधभर्ना नलिएका | जम्मा | पेस्की |
| सैद्धान्तिक | लगती | | सैद्धान्तिक | लगती | | | सैद्धान्तिक | लगती | | | | | | | | |
| ८८ | २३ | ३०,९३,१०६ | ० | ११ | १५,२५,९९९ | ० | ८८ | १२ | १५,६७,१०७ | ९,०६,१०० | २,४०,००० | ३,२१,००७ | ० | ० | ५,६१,००७ | १,००,००० |

### अद्यावधिक बेरुजू स्थिति

| जिल्ला | गत वर्ष सम्मको बाँकी | समायोजन | यो वर्ष सम्परीक्षण | बाँकी बेरुजु | यो वर्ष सम्परीक्षणबाट कायम बेरुजु | यो वर्षको बेरुजु | कुल बेरुजु बाँकी |
|---|---|---|---|---|---|---|---|
| दार्चुला | ५,०४,८४,००० | ० | ५८,७१,९१७ | ४,४६,१२,०८३ | ० | १५,६७,१०७ | ४,६१,७९,१९० |

### बेरुजु सम्परीक्षणको विवरण

| क्र.सं | आर्थिक वर्ष | बेरुजुको दफा | बेरुजुको व्यहोरा | सम्परीक्षण भएको रकम |
|---|---|---|---|---|
| १ | २०८१/८२ | ५४.३ | सामाजिक सुरक्षातर्फ | ९८,००० |
| २ | २०८१/८२ | ७५ | बढी भुक्तानी (तामाखानी पर्यटकिय पदमार्ग निर्माण) | १,४३,९८६ |
| ३ | २०८१/८२ | ६०.२ | एज विल्ड ड्रइङ | २,००,००० |
| ४ | २०८१/८२ | ६०.३ | प्रोभिजनल सम | १,२०,००० |
| ५ | २०८१/८२ | ५८ | खण्डेश्वरी माध्यमिक विद्यालय (ठेक्का नं.03/2080/081/NCB/WORKS/AHRM) | ७,८८,६६३ |
| ६ | २०८१/८२ | ६९ | कार्यसम्पन्न प्रतिवेदन (भवानी माध्यमिक बिद्यालय) | १,७५,३५० |
| | | | | |

| | | | | |
|---|---|---|---|---|
| | | | **जम्मा** | **१५,२५,९९९** |
| **गत विगतको समपरीक्षण** | | | | |
| ७ | २०८०/८१ | १९ | स्वकीय सचिव | ५,२२,७२० |
| ८ | २०८०/८१ | २७ | शिर्षक फरक पारी खर्च | २,५२,९०० |
| ९ | २०८०/८१ | ५४ | व्यवस्थापन खर्च | ५५,०४० |
| १० | २०८०/८१ | ३५ | विद्यालय भान्से | २,२५,००० |
| ११ | २०८०/८१ | ५० | भेरिएशन | १,०४,८०१ |
| १२ | २०८०/८१ | ४०.२ | बढी निकासा | ९६,४८३ |
| १३ | २०८०/८१ | ४०.३ | निशूल्क पाठ्यपुस्तक | ४५,७५३ |
| १४ | २०८०/८१ | ४८ | गुणस्तर परीक्षण | १५,०९,१०१ |
| १५ | २०७९/८० | ६८.२ | १० शैया अस्पताल | ३०,६०,११९ |
| | | | **जम्मा** | **५८,७१,९१७** |
| | | | **कुल जम्मा** | **७३,९७,९१६** |

# अपिहिमाल गाउँपालिका, दार्चुला

# ( ८०७७३५०१३०० )

# अपिहिमाल गाउँपालिका , दार्चुला

## परिचय

१

**(क) कार्यालय परिचयः**-स्थानीय शासन पद्धतिलाई सुदृढ गरी स्थानीय तहमा विधायिकी, कार्यकारिणी र न्यायिक अभ्यासलाई संस्थागत गर्दै स्थानीय सरकार सञ्चालन गर्न यस पालिकाको स्थापना भएको हो। स्थानीय सरकारले सञ्चालन गर्ने कार्यमा सहकारिता, सह-अस्तित्व र समन्वयलाई प्रवर्द्धन गर्नु र स्थानीय सरकारका काममा जनसहभागिता, उत्तरदायित्व, पारदर्शिता सुनिश्चित गरी नागरिकलाई गुणस्तरीय सेवा प्रदान गर्नु पालिकाको उद्वेश्य रहेको छ।यस पालिकामा ६ वडा, ६१३.९५ वर्ग किलोमिटर क्षेत्रफल तथा ६७९८ जनसंख्या रहेको छ।

**(ख) लेखापरीक्षणको उद्देश्यः**- लेखापरीक्षण गरिने निकायको वित्तीय विवरण तथा कारोबारको परीक्षण गरी उचित आश्वस्तता (Reasonable Assurance) प्रदान गर्नु वित्तीय लेखापरीक्षणको उद्वेश्य हो । यस कार्यालयको आर्थिक वर्ष २०८१।८२ को सबै प्रकारका आर्थिक कारोबारको परीक्षण एवं प्रचलित कानुनको परिपालनाको मूल्याङ्कन गरी प्रतिवेदन गर्नु लेखापरीक्षणको उद्वेश्य रहेको छ ।

**(ग) लेखापरीक्षणको क्षेत्र र अवधिः**-यस कार्यालयको विनियोजन, राजस्व, धरौटी, कोष तथा अन्य आय-व्यय, मौज्दात हिसाब, वित्तीय व्यवस्थापन, कार्यक्रम सञ्चालन, जिन्सी व्यवस्थापन, जनशक्ति व्यवस्थापन तथा सेवा प्रवाह लगायत आर्थिक वर्ष २०८१/८२ मा सञ्चालित क्रियाकलापलाई लेखापरीक्षण क्षेत्रमा समावेश गरिएको छ । स्थलगत लेखापरीक्षणको अवधि २०८२।५।२ देखि २०८२।५।२ सम्म रहेको छ ।

**(घ) लेखापरीक्षण विधिः**-लेखापरीक्षण ऐन, २०७५ र नेपाल सरकारी लेखापरीक्षण मानदण्ड तथा मार्गदर्शनमा नमुना छनौट गरी लेखापरीक्षण सम्पन्न गर्न सकिने आधार तथा कार्यालयले स्वीकृत गरेको जोखिममा आधारित लेखापरीक्षण योजनाका आधारमा निकायको आन्तरिक नियन्त्रणको परीक्षण तथा विश्लेषणात्मक र विस्तृत परीक्षण विधि अवलम्वनबाट लेखापरीक्षण सम्पन्न गरी प्रतिवेदन जारी गरिएको छ । लेखापरीक्षण गर्दा देखिएका व्यहोरा सम्बन्धमा कार्यालय प्रमुख तथा लेखा प्रमुख लगायतका पदाधिकारीहरूसँग छलफल सम्पन्न गरी कायम भएका व्यहोराहरू यस प्रतिवेदनमा समावेश गरिएको छ ।

**(ङ) लेखापरीक्षणको सीमाः**-लेखापरीक्षण ऐन, २०७५ र नेपाल सरकारी लेखापरीक्षण मानदण्ड, २०७७ तथा मार्गदर्शनमा नमुना छनौट गरी लेखापरीक्षण सम्पन्न गर्न सकिने आधार तथा महालेखापरीक्षकको कार्यालयले नेपाल लेखापरीक्षण व्यवस्थापन प्रणाली (NAMS) अवलम्बन गरी स्वीकृत भएको जोखिममा आधारित लेखापरीक्षण योजना, लेखापरीक्षण गरिएको निकायबाट पेश भएका लेखा एवं सोसँग सम्बन्धित कागजात, विवरण, लिखित प्रतिनिधित्व पत्र, लेखापरीक्षण अनुबन्ध पत्र समेतको आधारमा लेखापरीक्षण सम्पन्न गरी प्रतिवेदन जारी गरिएको छ । आम्दानी तथा खर्चलाई नतिजासँग तुलना गरी विश्लेषण गर्नका लागि पर्याप्त भौतिक एवं स्थलगत अवलोकन गर्न भौगोलिक कठिनाइ, समय सीमा, स्रोतको उपलब्धता, प्रमाणको प्रकृति तथा पहुँच जस्ता अन्तर्निहित जोखिमहरु सीमाको रुपमा रहेका छन् । सारभूत रूपमा उल्लेखनीय नदेखिएका व्यहोरालाई प्रतिवेदनमा समावेश गरिएको छैन ।

**(च) आर्थिक कारोबारको स्थितिः**-पालिकाको रु. ७८ करोड ९ लाख ४३ हजार को लेखापरीक्षण सम्पन्न गरिएको छ । सो को विस्तृत विवरण अनुसूची -१ मा संलग्न छ ।

**(छ) लेखापरीक्षणमा परीक्षण गरिएका मुख्य विषयहरु:-** लेखापरीक्षण योजना अनुसार परीक्षण गरिएका विषयहरु अनुसूची-२ मा संलग्न छन् ।

# लेखापरीक्षणबाट देखिएका व्यहोराहरु

२ **आर्थिक कारोबारको एकीकृत विवरण**

स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को दफा ७२ मा पालिकाले प्रत्येक आर्थिक वर्षको आय र व्ययको हिसाव राख्नु पर्ने व्यवस्था छ । पालिकाले उपलब्ध गराएको आर्थिक वर्ष २०८१।८२ को आर्थिक कारोकारको एकीकृत प्रतिवेदन देहाय अनुसार रहेको छ ।

| आर्थिक कारोबारको एकीकृत विवरण | | | | | |
|---|---|---|---|---|---|
| **प्राप्ति** | | | **भुक्तानी** | | |
| **विवरण** | **रकम** | **रकम** | **विवरण** | **रकम** | **रकम** |
| **सुरुमौज्दात** | | **२८३२३९६९** | **चालु खर्च** | | **१९७२५९४०४** |
| १.संचितकोष | १०२०४६३९ | | १.पालिकातर्फ | ९२८६६१०४ | |
| २.धरौटी | १३३८७२१२ | | २. संघीय सशर्त | ९९२५६८२७ | |
| ३.कार्यसञ्चालन कोष | २८२७८९४ | | ३. संघीय विशेष | ० | |
| ४.अन्य कोष | १९०४२२५ | | ४. प्रदेश सशर्त | २२८००४८ | |
| **यसवर्षको आय** | | **२१७८३८१** | ५. प्रदेश विशेष | २८५६४२५ | |
| १.आन्तरिकआय | २१७८३८१ | | **पुँजीगतखर्च** | | **८३४४४२१६** |
| **२.वित्तीय हस्तान्तरण (संघ)** | | **२५८५१४०१३** | १. पालिकातर्फ | ६०२५०६८८ | |
| क)समानीकरण अनुदान | ६७१६८३२० | | २. संघीय सशर्त | २९३०२१३ | |
| ख) राजस्व बाँडफाँट | ६७८८५६९३ | | ३. संघीय विशेष | १५०००००० | |
| ग) सशर्त अनुदान | १०८४६०००० | | ४. संघीय समपुरक | ० | |
| घ) समपुरक अनुदान | ० | | ५. प्रदेश सशर्त | १२३९९४ | |
| ङ)विशेष अनुदान | १५०००००० | | ६. प्रदेश विशेष | ४०००००० | |
| च)रोयल्टी | | | ७. प्रदेश समपुरक | ११३९३२१ | |
| छ)अन्य | | | **अन्तरसरकारी अख्तियारी (संघ)** | | **७४७७०७४३** |
| **३.वित्तीय हस्तान्तरण (प्रदेश)** | | **३१६२३७५८** | क. सामाजिक सुरक्षा | २४९१२६९७ | |
| क)समानीकरण अनुदान | ५९५६००० | | ख) स्थानीय तह प्रशासकीय भवन पुर्वाधार विकास कार्यक्रम | ६४००००० | |
| ख)राजस्व बाँडफाँट | २०७५७९४ | | ग) घरेलु तथा साना उद्योग प्रवर्द्धन केन्द्र | ८६१२०२ | |
| ग)सशर्त अनुदान | १५५८०००० | | घ) एकिकृत स्वास्थ्य पुर्वाधार विकास कार्यक्रम | ३१४६०६२३ | |
| घ)समपुरक अनुदान | ११३९३२१ | | ङ) उच्च पहाडी एवम् हिमालीक्षेत्र स्वरोजगार कार्यक्रम | ६३७३४१० | |
| ङ)विशेष अनुदान | ६८७२६४३ | | च) औद्योगिक पुर्वाधारविकास कार्यक्रम (बिशेष आर्थिक क्षेत्र) | १४९१३२८ | |
| च)रोयल्टी | | | छ) स्वास्थ्य क्षेत्र सुधार कार्यक्रम | ३२७१४८३ | |
| छ)अन्य | | | **अन्तरसरकारी अख्तियारी (प्रदेश)** | | **२६८४९४०७** |
| **४.अन्तर सरकारी अख्तियारी (संघ)** | | **७४७७०७४३** | ऋण फिर्ता(साँवा) | | |
| क सामाजिक सुरक्षा | २४९१२६९७ | | ऋणको ब्याजभुक्तानी | ० | |

| | | | | | |
|---|---|---|---|---|---|
| ख) स्थानीय तह प्रशासकीय भवन पुर्वाधार विकासकार्यक्रम | ६४००००० | | धरौटी फिर्ता तथा सदर स्याहा | ७९०५९०१ | |
| ग) घरेलु तथा साना उद्योग प्रवर्द्धन केन्द्र | ८६१२०२ | | कार्यसञ्चालन कोषबाट भएको खर्च | १८९४३५०६ | |
| घ) एकिकृत स्वास्थ्य पुर्वाधार विकासकार्यक्रम | ३१४६०६२३ | | अन्यकोषबाट भएको खर्च | | |
| ङ) उच्च पहाडी एवम् हिमाली क्षेत्र स्वरोजगार कार्यक्रम | ६३७३४१० | | गैरसरकारी संस्थाबाट सञ्चालित योजना | ० | |
| च)औद्योगिक पुर्वाधार विकास कार्यक्रम (बिशेषआर्थिक क्षेत्र) | १४९१३२८ | | अन्य सहयोगमा सञ्चालित योजना | ० | |
| छ) स्वास्थ्य क्षेत्र सुधार कार्यक्रम | ३२७१४८३ | | अन्य खर्च भएमा | | |
| **५.अन्तर सरकारी अख्तियारी (प्रदेश)** | ० | **२४२५४०४४** | **अनुदान फिर्ता** | | **७२७८१३६** |
| ६.ऋण/ वित्तीय व्यवस्था | ० | | **१. संघतर्फ** | | |
| ७.धरौटी आय | ५४२४३०४ | | क) सशर्त अनुदान | ६२७२९६० | |
| ८.कार्यसञ्चालन कोष आय | ३४२०००० | | ख) विशेष अनुदान | ० | |
| ९.अन्य कोषको आय | १५४०९७४० | | ग) समपुरक अनुदान | ० | |
| १०.गैरसरकारी संस्थाबाट सञ्चालित योजना | ० | | **२. प्रदेशतर्फ** | | |
| ११.अन्य सहयोगमा प्राप्त सञ्चालित योजना | ० | | क) सशर्तअनुदान | ९८८९५९ | |
| १२.अन्य आय भएमा | ० | | ख) विशेषअनुदान | १६२१८ | |
| | | | ग) समपुरकअनुदान | ० | |
| | | | **अन्तिम मौज्दात** | | **३००६३००२** |
| | | | १. संचितकोषको मौज्दात | १४५३९०३५ | |
| | | | २.धरौटी | १०९०५६१४ | |
| | | | ३.कार्यसञ्चालन कोष | २२१४१२८ | |
| | | | ४. अन्यकोष | २४०४२२५ | |
| **जम्मा** | ४१९६६४९०८ | **४१९६६४९०८** | **जम्मा** | ४१९६६४९०८ | **४१९६६४९०८** |

३ **वित्तीय प्रतिवेदन**

स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को दफा ७२ मा नेपाल सरकारले निर्धारण गरे बमोजिमको आय र व्ययको वर्गीकरण तथा खर्च शीर्षक सम्बन्धी व्यवस्था अवलम्बन गर्नुपर्ने तथा दफा ७६(२) मा स्वीकृत ढाँचामा लेखा राख्नुपर्ने व्यवस्था छ । स्वीकृत सार्वजनिक क्षेत्र लेखामान (NPSAS) अनुसार पालिकाको कारोवारको लेखाङ्कन तथा प्रतिवेदन गर्नुपर्दछ । पालिकाले उपलव्ध गराएको स्थानीय तहको कोषको प्राप्ति र भुक्तानीको एकीकृत वार्षिक प्रतिवेदन (म.ले.प.फा.नं २७०) सम्बन्धमा निम्नानुसार देखिएको छ ।

**(विस्तृत विवरण बेरूजु दफा ३ सँग सम्बन्धित अनुसूचीमा संलग्न छ ।)**

४ **वित्तीय विवरणको यथार्थता**

पालिकाको आर्थिक कार्यप्रणालीको लेखाङ्कनको गर्न स्थानीय सञ्चित कोष व्यवस्थापन प्रणाली (सुत्र) प्रयोगमा रहेको छ । सोही प्रणालीबाट स्थानीय तहको कोषको प्राप्ति र भुक्तानीको एकीकृत वार्षिक प्रतिवेदन (म.ले.प.फा.नं २७०) तयार गरिएको छ । पालिकाले घरेलु तथा साना उद्योग प्रवर्द्धन केनद्रमा रू.८,६१.२०२।००, एकिकृत स्वास्थ्य पूर्वाधार विकास कार्यक्रममा रू.३,१४,६०,६२३।००, उच्च पहाडी एवम् हिमाली क्षेत्र स्वरोजगार तथा आर्थिक सशक्तिकरण कार्यक्रममा रू.६७,४३,४१०।००, औद्योगिक पूर्वाधार विकास कार्यक्रममा रू.१४,९१,३२८।००, सामाजिक सुरक्षा तथा संरक्षण कार्यक्रममा रू.२,४९,१२,६९७।००, स्थानीय तह प्रशासकीय भवन पुर्वाधार विकास कार्यक्रममा रू.६४,००,०००।०० र स्वास्थ्य क्षेत्र सुधार कार्यक्रममा रू. ३२,७१,४८३।००, समेत गरी रू.७,४७,७०,७४३।०० सुत्रमा लेखाङ्कन गरेको छैन । पालिकाबाट भएका सबै कारोबारहरू वित्तीय विवरण (म.ले.प.फा.न.२७०) मा समावेश गर्नुपर्दछ ।

५ **बैङ्क हिसाब विवरण**

स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को दफा ७६ अनुसार पालिकाको कारोबार, आय व्ययको लेखा प्रणाली तथा राजस्व र खर्च शीर्षकको वर्गीकरण अनुसार लेखाङ्कन गर्नुपर्ने व्यवस्था छ । सोही बमोजिम पालिकाले कारोवारको बैङ्क हिसाब मिलान विवरण (म.ले.फा.नं. २७० को टिप्पणी ६.२) तयार गरी हिसाब भिडान गर्नुपर्दछ । पालिकाले पेश गरेको विवरण अनुसार देहाय बमोजिम यो वर्षको अन्त्यमा स्रेस्ता अनुसार मौज्दात रहेको छ ।

| संकेत | कोष खाता | गतबर्षको मौज्दात (रू.) | घट/बढ नगद | मौज्दात (रू.) | नगद मौज्दात |
|---|---|---|---|---|---|
| ग १.१ | आन्तरिक राजस्व खाता | ० | | ० | ० |
| ग १.२ | बाँडफाँडबाट प्राप्त राजस्व खाता | ० | | ० | ० |
| ग १.३ | आन्तरिक अनुदान खाता | ० | | ० | ० |
| ग ४.१ | स्थानीय तह सञ्चित कोष खाता | १,०२,०४,६३८.८४ | ४३,३४,३९५.८५ | १,४५,३९,०३४.६९ | |
| ग ३.१ | स्धानीय तह धरौटी खाता | १,३३,८७,२११.६४ | -२४,८१,५९७.२५ | १,०९,०५,६१४.३९ | |
| ग २.२ | चालूखर्च खाता- जोर वर्ष | ० | | ० | |
| ग २.४ | पुँजीगत खर्च खाता- जोर वर्ष | ० | | ० | |
| ग २.७ | विविध खर्च खाता | २८,२७,८९३.८३ | -६,१३,७६५.७९ | २२,१४,१२८.०४ | |
| ग ५.१ | स्थानीयतह विविध कोष खाता | १४,५८,८९०.०० | ५,००,०००.०० | १९,५८,८९०.०० | |
| ग ७.२ | स्थानीय तह प्रकोप व्यवस्थापन कोष खाता | ४,४५,३३५.०० | | ४,४५,३३५.०० | |
| जम्मा | | २,८३,२३,९६९.३१ | ५८,६३,७१,३३६.९७ | ३,००,६३,००२.१२ | |

६ **खर्च बिश्लेषण**

पालिकाले यसवर्ष आन्तरिक आयबाट रू.२१,७८,३८०।८० राजस्व बाँडफाँडबाट रू.६,९९,६१,४८७।२८, अनुदानबाट रू.२२,०१,७६,२८४।००तथा अन्य प्राप्ती रू.२,३५,०६,४१९।०८ लगायत रू.३१,५८,२२,५७१।१६ प्राप्ती भएकोमा चालुतर्फ रु.१९,७२,५९,४०४।०९ तथा अन्यकोषतर्फको भुक्तानी रू.३,३३,७९,९१८।१२ र पुँजीगततर्फ रू. ८,३४,४४,२१५।९१ समेत रु.३१,४०,८३,५३८।१२ खर्च भएको छ। खर्च मध्ये आन्तरिक आयको हिस्सा ०.६९ प्रतिशत रहेको छ। पालिकालाई प्राप्त भएको सबै अनुदान, आन्तरिक आय तथा राजस्व बाँडफाँडको रकमबाट ६२.८० प्रतिशत चालु र २६.५७ प्रतिशतमात्र पुँजीगत निर्माणमा खर्च भएको देखिन्छ। यसबाट पालिकाले विकास निर्माण कार्यक्रम सञ्चालनमा न्युन खर्च गरी प्रशासनिक कार्यमा बढी खर्च गरेको देखिन्छ। प्रशासनिक खर्च नियन्त्रण गर्दै प्राप्त अनुदान र राजस्व बाँडफाँडको रकम अधिक रूपमा विकास निर्माणमा परिचालन गरिनुपर्दछ ।

७ **आन्तरिक नियन्त्रण व्यवस्था**

स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को दफा ७८ बमोजिम आन्तरिक नियन्त्रण प्रणाली तयार गरी सम्पादन गरिने कार्यहरु मितव्ययी, कार्यदक्षता र प्रभावकारी ढंगबाट सम्पादन गर्न र वित्तीय प्रतिवेदन प्रणालीलाई विश्वसनीय बनाउन तथा प्रचलित कानून बमोजिम कार्यसम्पादन गर्न आ-आफ्नो कामको प्रकृति अनुसारको आन्तरिक नियन्त्रण व्यवस्था तयार गरी लागू गर्नुपर्ने व्यवस्था छ। त्यस्तै आर्थिक कार्यबिधि तथा बित्तिय उत्तरदायित्व ऐन २०७६ को दफा ३१ र नियमाबली २०७७ को ८१ बमोजिम कार्यालयले आन्तरीक नियन्त्रण प्रणाली तयार गरी प्रकाशन एबं लागु गर्नुपर्ने ब्यबस्था रहेको छ। आन्तरिक नियन्त्रण प्रणालीमा देहाय अनुसारको कमी कमजोरी रहेको पाइयो ।कार्यालय प्रमुखले कानूनको परिपालना गरि आन्तरिक नियन्त्रण प्रणालीको यथोचित व्यवस्थापनद्वारा कार्य सम्पादन र सेवा प्रवाहलाई प्रभावकारी बनाउनु पर्दछ।

• आन्तरिक नियन्त्रण प्रणाली तर्जुमा गरेको भए तापनि पूर्ण रुपमा कार्यान्वयनमा नरहेको,
• तोकिएबमोजिम सबै प्रकारका आर्थिक कारोबारको आन्तरिक लेखापरिक्षण नगराएको,
• दरबन्दी अनुसार पदपूर्ति नभएको
• पालिका प्रमुखले ३ दिनभन्दा बढी अवधिको भ्रमण आदेश कार्यपालिकाको वैठकबाट स्वीकृत वा अनुमोदन गराउनु पर्नेमा त्यसो नगरी आफैले स्वीकृत गर्ने गरेको देखियो।
• सवारी लगबुक, सवारीसाधन तथा उपकरण मर्मत रजिष्टर नराखेको,
• आन्तरिक स्रोतको परिचालन प्रभावकारी रुपमा गर्न नसकेको,
• जिन्सी मालसामनको निरिक्षण भए पनि निरिक्षण प्रतिवेदनमा उल्लेख भएको लिलाम बिक्री गर्नुपर्ने मालसामन ६ महिनाभित्र लिलाम नगरेको र समयमा लिलाम बिक्रीको प्रक्रिया नगर्दा नोक्सानी भएको,

कार्यालयले आन्तरिक नियन्त्रणलाई सुदृढ बनाउन ऐन, नियममा भएका व्यवस्थाहरुको पालना गर्नुपर्दछ ।

## ८ त्रैमासिक पूँजीगत खर्च

आर्थिक कार्यविधि तथा वित्तीय उत्तरदायित्व नियमावली, २०७७ को नियम ३५ बमोजिम बजेट तथा कार्यक्रम कार्यान्वयन गर्ने कार्यालयले त्रैमासिक प्रगती विवरण वनाई कार्यसम्पादन गर्नुपर्ने व्यवस्था छ। पालिकाबाट प्राप्त विवरण अनुसार त्रैमासिक पूँजीगत खर्चको स्थिति देहाय बमोजिम छ।

| बजेट उपशिर्षक | कुल खर्च (रू.) | त्रैमासिक खर्च (रू.) | | | | आषाढ महिनाको खर्च (रू.) |
|---|---|---|---|---|---|---|
| | | प्रथम | दोस्रो | तेश्रो | चौथो | |
| पूँजीगत खर्चतर्फ | ८३४४४२१६ | ० | ३५७१७६९ | २०८२५५५१ | ५९०४६८९६ | ४२६२०९३६ |
| प्रतिशत | १००.०० | ०.०० | ४.२८ | २४.९६ | ७०.७६ | ५१.०८ |

जस अनुसार यो वर्ष पूँजीगत खर्च रू.८ करोड ४४ लाख ४४ हजार खर्च भएकोमा दोस्रो त्रैमासिकमा रू. ३५ लाख ७२ हजार अर्थात् ४.२८ प्रतिशत, तेस्रो त्रैमासिकमा रू. २ करोड ८ लाख २६ हजार अर्थात् २४.९६ प्रतिशत र चौथो त्रैमासिकमा रू. ५ करोड ९० लाख ४७ हजार अर्थात् ७०.७६ प्रतिशत खर्च गरेको देखियो। यसरी नै आषाढ महिनामा मात्र रू. ४ करोड २६ लाख २१ हजार अर्थात् ५१.०८ प्रतिशत खर्च देखिनुले बर्षान्तमा आएर खर्चको चाप बढेको देखिएकाले सन्तुलित खर्च व्यवस्थापन भएको देखिएन। स्वीकृत कार्यक्रम अनुसार त्रैमासिक रुपमा सन्तुलित हुने गरी खर्च व्यवस्थापन गरिनुपर्दछ। वर्षान्तमा हतारमा काम गराउँदा कामको गुणस्तरमा असर पर्ने देखिएकोले नियममा भएको व्यवस्था अनुरुप बर्षान्तमा खर्च गर्ने परिपाटीमा नियन्त्रण गर्नुपर्दछ।

## ९ क्षेत्रगत बजेट र खर्चको स्थिति

स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को ६६ र ६७ मा स्रोत अनुमान तथा बजेट सीमा निर्धारण समितिले बिषय क्षेत्रगत बजेटको सीमा निर्धारण गर्ने र सोही सीमाभित्र रहि बजेट तथा कार्यक्रमको प्राथमिकिकरण गरी बजेट तर्जुमा गर्नुपर्ने व्यवस्था छ। पालिकाबाट प्राप्त विवरण अनुसार यो वर्षको क्षेत्रगत बजेट र खर्चको स्थिति देहायअनुसार रहेको देखियो। उपर्युक्त विवरण अनुसार सभाले विनियोजन गरेको बजेट मध्ये सामाजिक विकासमा सबैभन्दा बढी ५६.२१ प्रतिशत र सुशासन तथा अन्तर सम्बन्धित क्षेत्रमा सबैभन्दा

घटीमा ४.७७ प्रतिशत रहेको छ। पालिकाले आफ्नो आवधिक योजना बनाई दिगो विकासका अल्पकालिन तथा दिर्घकालिन लक्ष्य तय गरी बजेट कोडिङमार्फत प्राथमिकता प्राप्त क्षेत्रमा बजेट विनियोजन गर्नुपर्दछ।

| क्र.सं. | क्षेत्र/उप क्षेत्र | विनियोजन (रू.) | खर्च (रू.) | खर्च (प्रतिशत) |
|---|---|---|---|---|
| १ | आर्थिक विकास | ३३८९१००० | ३११९२५५१ | ११.११ |
| २ | सामाजिक विकास | १७६५०९००० | १५७७९३४२६ | ५६.२१ |
| ३ | पूर्वाधार विकास | १९७६०००० | १७५९८२५४ | ६.२७ |
| ४ | सुशासन तथा अन्तरसम्बन्धित क्षेत्र | १४९६६००० | १३३८०९०२ | ४.७७ |
| ५ | कार्यालय सञ्चालन तथा प्रशासनिक | ७५६९६००० | ६०७३८४८८ | २१.६४ |
| कुल जम्मा | | ३२०८२२००० | २८०७०३६२० | १००.०० |

१० **बजेट पेश, पारित र अख्तियारी**

स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को दफा ७१ मा स्थानीय तहले आगामी आर्थिक वर्षको राजस्व र व्ययको अनुमान कार्यपालिकाबाट स्वीकृत गराई असार १० गतेभित्र सभामा पेश गर्ने र यसरी पेश भएको बजेट छलफल गरी असार मसान्तभित्र सभाबाट पारित गर्नुपर्ने व्यवस्था छ । सोही ऐनको दफा ७३ मा सभाबाट बजेट स्वीकृत भएको ७ दिनभित्र स्थानीय तहका प्रमुखले प्रमुख प्रशासकिय अधिकृतलाई बजेट खर्च गर्ने अख्तियारी प्रदान गर्नुपर्ने व्यवस्था छ । यस पालिकाको उपप्रमुखले मिति २०८०।३/१० मा रु.३२ करोड ९ लाखको बजेट सभा समक्ष पेश गरेकोमा सभाबाट मिति २०८०।३।१० मा पारित भएको छ। यसैगरी स्थानीय तहका प्रमुखले मिति २०८०।३।१७ मा प्रमुख प्रशासकीय अधिकृतलाई बजेट खर्च गर्ने अख्तियारी प्रदान गरेको देखियो। ऐनमा निर्धारित अवधिभित्र खर्च गर्ने अख्तियारी दिन सम्बन्धितको ध्यान जानुपर्दछ । आर्थिक वर्षभित्र सम्पन्न गरिसक्ने गरी बजेट, कार्यक्रम र योजना व्यवस्थापन गर्नुपर्दछ ।

११ **बजेट सीमा निर्धारण समिति**

स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को दफा ६६(१) बमोजिम पालिकामा प्राप्त हुने आन्तरिक आय, राजश्व बाँडफाँडबाट प्राप्त हुने रकम, अनुदान, ऋण र अन्य आयको प्रक्षेपण तथा सोको सन्तुलित वितरणको खाका र बजेट सीमा निर्धारण गर्न ७ सदस्यीय स्रोत अनुमान तथा बजेट सीमा निर्धारण समिति गठन गर्नुपर्ने व्यवस्था छ । उक्त समितिले आयको प्रक्षेपण, साधनको सन्तुलित वितरणको खाका, बजेटको कूल सीमा, बजेटको क्षेत्रगत सीमा निर्धारण, बजेट तथा कार्यक्रमको प्रथमिकिकरण, विषयक्षेत्रगत बजेट तर्जुमा मार्गदर्शन तय गर्नुपर्ने जस्ता कार्यहरु बैशाख १० गतेभित्र सम्पन्न गरिसक्नुपर्ने र बजेट प्रक्षेपण गर्दा बजेट वर्षपछिको थप दुई वर्षकोसमेत प्रक्षेपण तयार गर्नुपर्ने व्यवस्था छ । साथै आगामी आर्थिक वर्षको बजेट सीमा प्रमुख प्रशासकिय अधिकृतले बैशाख १५ गतेभित्र पालिकाका विषयगत शाखा तथा वडा समितिलाई उपलब्ध गराउनुपर्ने कानुनी व्यवस्था छ । पालिकाले त्यस्तो समिति गठन गरेको देखिएन। ऐनमा व्यवस्था भएअनुसार बजेट सीमा लगायत क्षेत्रगत विषय समेटी बजेट प्रक्षेपण सम्बन्धी नियम तथा कार्यविधि तर्जुमा एवं सोको पालना गर्न सम्बन्धित पदाधिकारीको ध्यान जानुपर्दछ ।

१२ **बजेट तथा कार्यक्रम तर्जुमा**

स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को दफा ६७(१) मा ४ सदस्यीय बजेट तथा कार्यक्रम तर्जुमा समिति गठन गरी आगामी वर्षको नीति तथा कार्यक्रम, बजेट तथा कार्यक्रम, कार्यक्रमको प्राथमिकीकरण, विषय क्षेत्रगत कार्यक्रम, योजना तथा कार्यक्रममा दोहोरोपना हुन नदिई आपसी तादाम्यता तथा परिपूरकता कायम गर्नुपर्ने व्यवस्था छ। पालिकाले समिति गठन गरेको भएता पनि आगामी आर्थिक वर्षको नीति तथा कार्यक्रम, कार्यक्रमको प्राथमिकीकरण, कार्यक्रमबीच परिपूरकता कायम गर्न कुनै मापदण्ड तथा कार्यविधि तयार गरेको नदेखिएकोले बजेट तर्जुमा गर्दा ऐनमा भएको परिपालनामा ध्यान दिनुपर्दछ ।

१३ **रकमान्तर**

स्थानीय सरकार संचालन ऐन, २०७४ को दफा ७९ मा स्थानीय निकायले रकमान्तर गर्दा कार्यपालिकाले स्वीकृत वार्षिक बजेटको अधिनमा रही कुनै शीर्षकबाट पूँजीगत शीर्षकमा पच्चीस प्रतिशत नबढाई रकमान्तर गर्नसक्ने व्यवस्था छ । त्यस्तै स्थानीय तहमा वजेट तर्जुमा, कार्यान्वियन, आर्थिक व्यवस्थापन तथा सम्पत्ति हस्तान्तरण सम्बन्धी निर्देशिका, २०७४ को बुदा ३.१ मा पूँजीगत खर्चको रूपमा विनियोजित भएको रकम चालु खर्चमा रकमान्तर नगर्ने उल्लेख गरेको छ । यसवर्ष पालिकाले २२ वटा योजना तथा कार्यक्रमबाट रू.७६,५१,०००।०० घटाएकोमा २५ वटा योजना तथा कार्याक्रममा रू.८६,५१,०००।०० वढाएको देखिन्छ। पालिकाले १९ वटा चालु प्रकृतिका योजना तथा कार्यक्रमबाट रू.६७,५१,०००।०० रकमान्तर गर्दा २२ वटा चालु प्रकृतिका योजनामा रू.७७,५१,०००।०० रकमान्तर गरी वढाएको देखिन्छ। हिउँदे अधिवेशनबाट अनुमोदन गराएको देखिन्छ। पूँजीगत शीर्षकबाट चालु शीर्षकमा बजेट रकमान्तर प्रक्रियालाई नियन्त्रण गर्नुपर्दछ ।

## १४ योजना तर्जुमा तथा कार्यान्वयन

स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को दफा २४ बमोजिम स्थानीय तहले योजना बनाउँदा सहभागितमूलक, उत्पादनमूलक र प्रतिफलमुखी योजना छनौट गरी प्राथमिकिकरण गर्नुपर्ने व्यवस्था छ । साथै योजना बनाउँदा मध्यम तथा दीर्घकालीन प्रकृतिका आयोजनाहरुको सूचीसमेत तयार गरी कार्यान्वियनमा ल्याउनुपर्ने व्यवस्था छ । पालिकाबाट प्राप्त विवरण अनुसार यो वर्ष निम्नानुसार रू.१ लाख भन्दा साना १४ योजनामा रू. ९ लाख ५८ हजार र रू.१ लाख देखि ५ लाख सम्मका ५१ योजनामा रू.१ करोड ३७ लाख ७३ हजार खर्च गरेको देखियो । साना तथा टुक्रे योजनामा बजेट विनियोजन गर्दा दीर्घकालिन उपलव्धि नहुँने हुँदा यस्ता कार्यमा नियन्त्रण गरी दीगो प्रतिफल प्राप्त हुने योजना छनौटलाई प्राथमिकतामा राखिनुपर्दछ। यो वर्ष पालिकाबाट सम्पन्न योजनाहरूको संख्यात्मक विवरण निम्नानुसार छन ।

| विवरण | योजना संख्या | बजेट खर्च (रू.) |
|---|---|---|
| रु.१ लाख सम्म | १४ | ९५७८९२ |
| रु.१ देखि ५ लाख सम्म | ५१ | १३७७३१३३ |
| रु.५ देखि १० लाख सम्म | १४ | ११५२८६९० |
| रु.१० देखि २० लाख सम्म | १३ | २०८६७८२२ |
| रु.२० देखि ५० लाख सम्म | ६ | २१३१६६७९ |
| रु.५० लाख देखि माथी | १ | १५०००००० |
| जम्मा | ९९ | ८३४४४२१६ |

## १५ दायित्व बाँकी

आर्थिक कार्यविधि तथा वित्तीय उत्तरदायित्व ऐन, २०७६ को दफा १२ मा बजेट तर्जुमा गर्दा प्रचलित कानून बमोजिम सृजित दायित्वको लेखाजोखा गर्नुपर्ने र अर्थ मन्त्रालयको कार्य संचालन निर्देशिका, २०७७ को बुँदा न ४.१.३ मा बजेट अनुमान गर्दा गतवर्षको भुक्तानी दिन बाँकी दायित्वको लागि आवश्यक बजेट अनुमान गरे पश्चात मात्र अन्य पूँजीगत कार्यक्रमको लागि बजेट अनुमान गर्नुपर्ने व्यवस्था छ । पालिकाले सिद्ध मकरीकोट पर्यटकीय पदमार्ग योजनामा गतवर्षको भुक्तानी दिन बाँकी लगायत क्रमागत तथा अधुरो योजनाको रू.७४,००,०००।०० राखी आगामी आ.व. २०८२।८३ को लागि ब्यय अनुमान गरिएको देखियो । आगामी वर्षको लागि समेत दिर्घकालिन अवधिको लागि दायित्व सृजना हुने गरी कार्यक्रम तथा योजना छनौट गर्दा दिगो विकास हुने रोजगारमूलक प्रकृतिका आयोजना छनौट गर्नुपर्ने साना साना योजनाहरु छनौट गरी सोको लागि थोरै रकम विनियोजन गर्ने र अधुरो योजनाको रुपमा आगामी वर्ष समेत सोही साना योजनाहरूमा बजेट निरन्तर विनियोजन गर्न लगाउने प्रवृत्तिले बजेट खर्च उत्पादनमूलक नहुनुका साथै नयाँ नीति तथा कार्यक्रमको कार्यान्वयनमा समेत प्रभाव परेको देखीयो । अतः यस प्रकारको बजेट व्यवस्थापनमा नियन्त्रण कायम हुनुपर्दछ ।

## १६ लक्ष्य प्रगति

आर्थिक कार्यविधि तथा वित्तीय उत्तरदायित्व नियमावली, २०७७ को नियम ३५(१)मा वजेट तथा कार्यक्रम कार्यान्वियन गर्ने प्रत्येक कार्यालयले अनुसुची-२ बमोजिमको ढाँचामा त्रैमासिक प्रगति विवरण तयार गर्नुपर्ने व्यवस्था छ । पालिकाले त्रैमासिक तथा वार्षिक प्रगति विवरण बनाएको देखिएन । बजेट खर्च गर्ने जिम्मेवारी प्राप्त पदाधिकारीले बजेट खर्चको तोकिएको ढाँचामा वार्षिक प्रगति विवरण तयार गरी सम्बन्धित निकायमा पठाउन पालिकाको ध्यान जानुपर्दछ।

| कार्यक्रम/योजना | कुल कार्यक्रम | वार्षिक प्रगति स्थिति | | | | | |
|---|---|---|---|---|---|---|---|
| | | शून्य प्रगति | १-२५% | २५-५०% | ५०-७५% | ७५-१००% | कुल खर्च (रू.) |
| २२५२२ | १५४ | ३० | १ | ८ | १० | १०५ | ३७५१७६८९.५४ |
| ३११०० | १०९ | १० | २ | २ | ६ | ८९ | ८३४४४२१५.९ |
| जम्मा | २६३ | ४० | ३ | १० | १६ | १९४ | १२०९६१९०५ |

पालिकाबाट प्राप्त उल्लिखित विवरण अनुसार २६३ कार्यक्रम तथा आयोजना मध्ये शुन्य प्रगती हुने ४० योजना तथा कार्यक्रम छ। ७५ प्रतिशत भन्दा बढी प्रगती हाँसिल गर्ने योजना तथा कार्यक्रमको संख्या १९४ रहेको छ।

- शुन्य प्रगती हासिल हुनुको कारण बजेट नै अर्को कार्यक्रम तथा योजनामा रकमान्तर गरी लाने तथा बजेट भएपनि कार्यक्रम कार्यान्वियन नगरेको कारण शुन्य प्रगति भएको देखिन्छ।
- २६३ योजनामध्ये २२३ योजना तथा कार्यक्रममा रू.१२ करोड ९ लाख ६२ हजार खर्च गरेको छ।

लक्ष्य अनुसारको प्रगति हाँसिल गर्न पालिकाको ध्यान दिनुपर्छ ।

## १७ आन्तरिक लेखापरीक्षण

स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को दफा ७७ मा स्थानीय तहले कानुन बमोजिम आफ्नो आर्थिक कारोबारको आन्तरिक लेखापरीक्षण गराउनु पर्ने उल्लेख छ। त्यसै गरी आर्थिक कार्यविधि तथा वित्तीय उत्तरदायित्व ऐन, २०७६ को दफा ३३ मा प्रत्येक कार्यालयले त्रैमासिक रुपमा आन्तरिक लेखापरीक्षण गर्नुपर्ने व्यवस्था छ। आन्तरिक लेखापरीक्षण गरेको पाइएन । तसर्थ कानुनमा तोकिए बमोजिम आर्थिक कारोबारको त्रैमासिक रुपमा आन्तरिक लेखापरीक्षण गराई आन्तरिक नियन्त्रण प्रणालीलाई प्रभावकारी बनाउने तर्फ ध्यान दिनुपर्दछ।

## १८ अनुदान फिर्ता

आर्थिक कार्यविधि तथा वित्तीय उत्तरदायित्व नियमावली, २०७७ को नियम ४५ र सुदूरपश्चिम प्रदेश आर्थिक कार्यविधि तथा वित्तीय उत्तरदायित्व नियमावली, २०८० को नियम ४४ मा क्रमशः सङ्घीय सञ्चित कोषबाट र प्रदेश सञ्चित कोषबाट स्थानीय तहमा हस्तान्तरण भएको सशर्त, समपुरक र विशेष अनुदानको रकम सम्बन्धित आर्थिक वर्षभित्र खर्च नभई बाँकी रहेको अवस्थामा उक्त रकम सम्बन्धित सङ्घीय ईकाइका कोषहरुमा फिर्ता गर्नुपर्ने व्यवस्था छ। प्राप्त विवरण अनुसार यो वर्ष संघ र प्रदेशबाट प्राप्त उल्लिखित अनुदानको रकमको विवरण निम्नानुसार छन। प्राप्त अनुदान मध्ये यो वर्ष भरी खर्च नभई बाँकी रहेको रकम मध्ये असार मसान्तमा देहाय बमोजिमको रकम फिर्ता गरेको छ।

| श्रोत | बजेट शिर्षक | निकासा (रू.) | खर्च (रू.) | बाँकी (रू.) | फिर्ता (रू.) | फिर्ता गर्न बाकी (रू.) |
|---|---|---|---|---|---|---|
| संघीय सरकार | शसर्तअनुदान चालु | १०,५४,६०,०००.०० | ९,९२,५६,८२७.२७ | ६२,०३,१७२.७३ | ६२,०३,१७२.७३ | ० |
| | शसर्त अनुदान पुँजीगत | ३०,००,०००.०० | २९,३०,२१३.०० | ६९,७८७.०० | ६९,७८७.०० | ० |
| | विषेश अनुदान चालु | ० | ० | ० | ० | ० |
| | विषेश अनुदान पुँजीगत | १,५०,००,०००.०० | १,५०,००,०००.०० | ० | ० | ० |
| | समपुरक अनुदान पुँजीगत | ० | ० | ० | ० | ० |
| जम्मा | | १२,३४,६०,०००.०० | ११,७१,८७,०४०.२७ | ६२,७२,९५९.७३ | ६२,७२,९५९.७३ | ० |
| प्रदेश सरकार | शसर्त अनुदान चालु | २३,८०,०००.०० | २२,८०,०४७.५० | ९९,९५२.५० | ९९,९५२.०० | ० |
| | शसर्त अनुदान पुँजीगत | १,३२,००,०००.०० | १,२३,१०,९९४.०० | ८,८९,००६.०० | ८,८९,००६.०० | ० |
| | विषेश अनुदान चालु | ६८,७२,६४३.०० | ६८,५६,४२५.०० | १६,२१८.०० | १६,२१८.०० | ० |
| | विषेश अनुदान पुँजीगत | ० | ० | ० | ० | ० |
| | समपुरक अनुदान पुँजीगत | ११,३९,३२१.०० | ११,३९,३२१.०० | ० | ० | ० |
| जम्मा (रू.) | | २,३५,९१,९६४.०० | २,२५,८६,७८७.५० | १०,०५,१७६.५० | १०,०५,१७६.०० | ० |
| कुल जम्मा (रू.) | | १४७०५१९६४ | १३९७७३८२८ | ७२७८१३६ | ७२७८१३६ | ० |

## १९ अनुदानको अनुगमन

समपुरक तथा बिशेष अनुदान सम्बन्धी कार्यविधि, २०७५ को बुँदा न ११ र सुदूरपश्चिम प्रदेश विशेष अनुदान सम्बन्धी कार्यविधि, २०७९ को बुँदा नं. १२ मा अनुदानबाट संचालन हुने आयोजना प्रभावकारी रुपमा लक्षित प्रतिफल प्राप्त हुने गरी संचालन भए नभएको सम्बन्धमा सम्बन्धित स्थानीय तहको प्रमुखको नेतृत्वमा गठित समितिले नियमित अनुगमन गर्नुपर्ने र सोको चौमासिक रुपमा प्रगति प्रतिवेदन प्रदेश नीति तथा योजना आयोगले तोकेको विद्युतीय प्रणालीमा प्रविष्टि गरी सम्बन्धित मन्त्रालय, नेपाल सरकारको सम्बन्धित विषयगत मन्त्रालय, प्रदेश नीति तथा योजना आयोग, प्रदेश कोष तथा लेखा नियन्त्रक कार्यालय र जिल्ला समन्वय समिति समक्ष पेश गर्नुपर्ने व्यवस्था छ। त्यसैगरी अनुदानबाट संचालित योजनाहरुको गुणस्तरको सम्बन्धमा लाभान्वित वर्ग र समुदाय तथा सार्वजनिक सुनुवाईमार्फत नागरिक समाजबाटसमेत निगरानी गर्ने प्रणालीको विकास गर्नुपर्ने व्यवस्था छ । पालिकाबाट निम्नानुसार योजनाहरु विशेष तथा समपुरक अनुदान अन्तर्गत संचालन भएकोमा उल्लिखित कार्यविधिमा भएको व्यवस्था बमोजिम नियमित अनुगमन गरी अनुगमन तथा प्रगति विवरण सम्बन्धित निकायहरुमा पठाइने प्रणालीको विकास गरेको छैन । त्यसैगरी नागरिक समाज तथा सार्वजनिक सुनुवाईमार्फत निगरानी हुने प्रणालीको विकास गरेको देखिदैन । तसर्थः कार्यविधिमा भएको व्यवस्थाको पालना गरी संचालित योजनाको गुणस्तर तथा सोबाट प्राप्त हुने लाभमा अभिवृद्धि गराउनुपर्दछ।

| क्र स | स्रोत | संचालित योजनाहरु | बजेट खर्च (रू.) |
|---|---|---|---|
| १ | सघ विषेश अनुदान | खण्डेश्वरी मा.वि विद्यालय भवन निर्माण | १५००००००. |
| २ | समपुरक अनुदान | छिपुल्केदार धार्मिक तथा पुरात्विक मन्दिर निर्माण अपिहिमाल ६ | ११३९३२१. |
| ३ | प्रदेश विषेश अनुदान | नवप्रवर्तनमा आधारित उद्यमशिलता तथा आयआर्जन कार्यक्रम | २८५६४२५. |
| ४ | प्रदेश विषेश अनुदान | वडानं. ३४५ र ६ का बस्तीहरुमका( राउला सम्भाड तल्लो सौगन्ना र खडीयान) खानेपानी आयोजना निर्माण | ४००००००. |
| | जम्मा रू. | | २२९९५७४६. |

## २० सेवा प्रवाहको स्थिति

स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को दफा ११ (२) मा पालिकाको काम कर्तव्य र अधिकारको व्यवस्था छ। पालिका तथा अन्तर्गतका वडाहरुबाट यस बर्ष सम्पादित सेवा प्रवाहको स्थिति निम्नानुसार रहेको छ । पालिकाबाट यो वर्ष नागरिकता सिफारिस, घरबाटो सिफारिस, जन्म तथा मृत्यु दर्ता, नाता प्रमाणित, बसाईसराई, सम्बन्धबिच्छेद, बिवाह दर्ता र अन्य दर्ता तथा सिफारीस जस्ता विषयमा पञ्जिकरण तथा सिफारिस गरेको भएतापनि सोको आर्थिक वर्ष खुल्ने गरी स्पष्ट अभिलेख उपलव्ध गराउन सकेन । पालिकाले ऐन बमोजिम प्रवाह गरेका सेवाको अभिलेख व्यवस्थित गर्नुपर्दछ। पालिकाले वडा कार्यालयबाट सम्पादित सेवालाई सरल सहज र व्यवस्थित तुल्याउँदै सेवा प्रवाहलाई सूचना प्रविधिमा आधारित सरल र प्रभावकारी बनाउनु पर्दछ।

| विवरण | जम्मा |
|---|---|
| स्वीकृत घरनक्सा दर्ता पास | ० |
| **पञ्जिकरणतर्फ** | |
| जन्मदर्ता | १६२ |
| मृत्युदर्ता | ३६ |
| बसाईसराई दर्ता | १९ |
| विवाह दर्ता | ५८ |
| सम्बन्धविच्छेद दर्ता | २ |
| नागरिकता सिफारिस | २६८ |
| नाता प्रमाणित | १५३ |
| सर्जिमिन मुचुल्का | ११ |
| अन्य दर्ता | ० |
| **पूर्वाधार विकास सडक निर्माण** | |
| कालोपत्रे सडक निर्माण | विवरण प्राप्त नभएको |
| कालोपत्रे सडक मर्मत | विवरण प्राप्त नभएको |
| ग्राभेल सडक निर्माण | विवरण प्राप्त नभएको |
| ग्राभेल सडक मर्मत | विवरण प्राप्त नभएको |
| रिटेनिङ्ग वाल निर्माण | विवरण प्राप्त नभएको |

## २१ कानून निर्माण एवम् कार्यान्वयन

स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को दफा १०२ अनुसार स्थानीय तहहरुले आफ्नो अधिकारक्षेत्र भित्रका विषयमा ऐन तथा सोको अधिनमा रही नियम निर्देशिका, कार्यविधि र मापदण्ड बनाई कार्यान्वयनमा ल्याउन सक्ने व्यवस्था छ । जसअनुसार स्थानीय तह सञ्चालनको लागि पालिकाले यस आर्थिक वर्षमा १ वटा ऐन, २ वटा नियमावली, ३ कार्यविधि लगायत ६ वटा कानून निर्माण गरी कार्यान्यनमा ल्याएको छ। तसर्थः उक्त कानूनहरु राजपत्रमा प्रकाशन गरी कार्यान्वयनमा ल्याउनुपर्दछ ।

२२ **न्यायिक समिति**

स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को दफा ४६ देखि ५३ सम्म न्यायिक समितिको अधिकार क्षेत्र तथा न्यायसम्पादन प्रक्रियाको व्यवस्था गरेको छ। समितिमा परेको उजुरीमध्ये मेलमिलाप प्रकृतिका आधारमा विवाद दर्ता भएको ३ महिनाभित्र टुङ्गो लगाउने व्यवस्था छ। तर लेखापरीक्षणको क्रममा प्राप्त विवरण अनुसार गतवर्ष फर्स्यौट वा कारबाही किनारा गरी टुङ्गो लगाउन बाँकी ५ र यो वर्ष थप भएको ४ गरी कुल ९ विवाद दर्ता भएकोमा २ वटा फर्स्यौट भई २ बाँकी देखिन्छ । न्यायसम्पादन प्रक्रियालाई ऐनले तोकेको म्यादभित्र फर्स्यौट वा कारबाही किनारा गरी टुङ्गो लगाउनुपर्दछ ।

| गत आ.व सम्म फर्स्यौट नभएको विवाद संख्या | यो आ.व मा दर्ता भएको विवाद संख्या | यो आ.व. मा कुल फर्स्यौट भएको विवाद संख्या | कुल फर्स्यौट बाँकी विवाद |
|---|---|---|---|
| ५ | ४ | २ | २ |

२३ **सहकारी नियमन**

सहकारी ऐन, २०७४ को दफा ७३ अनुसार मासिक, चौमासिक, वार्षिक प्रतिवेदन बुझाउनु पर्ने र सहकारी नियमावली, २०७५ को नियम २८ (४), सहकारी संस्थाहरुको सुपरीवेक्षण, निरीक्षण तथा अनुगमन निर्देशिका, २०७८ को दफा ३ मा मासिक प्रतिवेदन प्रत्येक महिना ७ गतेभित्र एकीकृत सूचना व्यवस्थापन प्रणाली (COPOMIS) दाखिला गर्नुपर्ने व्यवस्था छ । पालिकाले उपलव्ध गराएको विवरणअनुसार पालिकाभित्र ४ वटा सहकारी संस्था रहेका छन् । पालिकाभित्रका सहकारी संस्थाहरुले एकीकृत सूचना व्यवस्थापन प्रणाली (COPOMIS) बाट विवरण दाखिला गरेको पाइएन । त्यसैगरी पालिकाबाट अनुगमन निरीक्षण गरी तयार गरिएको प्रतिवेदनसमेत लेखापरीक्षणका क्रममा पेश भएन । जसले गर्दा सहकारीको सञ्चालन अवस्था बारे अध्ययन गर्न सकिएन । तसर्थ ऐन, नियमावली र निर्देशिका अनुसार प्रणालीमा विवरण दाखिला गर्न लगाई सोको प्रभावकारी अनुगमन गर्नुपर्दछ ।

२४ **फोहरमैला व्यवस्थापन**

फोहरमैला व्यवस्थापन ऐन, २०६८ अनुसार स्थानीय तहहरुले स्रोतमै फोहरमैलाको वर्गिकरण गर्न लगाई सोही अनुसार सङ्कलन र व्यवस्थापन गर्नुपर्ने व्यवस्था छ । पालिकाले फोहर उत्सर्जन हुने स्रोतमा नै वर्गिकरण गरी कुहिने, नकुहिने, सिसाजन्य, अस्पतालबाट उत्पादित र इ-वेष्ट लगायतका फोहर वर्गिकरण गरी उपयुक्त व्यवस्थापन गरेको देखिएन । फोहरमैलाको उचित व्यवस्थापन गरी पालिकाको पर्यावरणलाई स्वच्छ राख्नुपर्दछ ।

२५ **म्याद नाघेको पेश्की**

आर्थिक कार्यविधि तथा वित्तीय उत्तरदायित्व नियमावली, २०७७ को नियम ५० मा पेश्की दिईएको रकम तोकिएको म्यादभित्र फर्स्यौट गर्नु/गराउनु पेश्की लिने दिने दुवैको कर्तव्य हुने उल्लेख छ । पालिकाले देहायका व्यक्ति तथा संस्थालाई दिएको पेश्की आर्थिक २०७६। ७७ मा दिएको पेश्की हाल सम्म फर्स्यौट नभएको र प्रत्येक आर्थिक वर्षमा अन्तमा अल्या गर्दै आएको देखिन्छ । वर्षको अन्त्यसम्म फर्स्यौट नभई रू.१४,८०,०००।०० बाँकी रहेको देखिन्छ। जिल्ला स्तरीय राष्ट्रपति रनिङ्ग शिल्डका गोविन्द सिंह कार्कीले लिएको पेश्की बाहेक बार्षिक प्रतिवेदन २०७८ को दाफा ४१ मा लगती बेरूजु कायम भएको देखिन्छ। म्याद नाघेको फर्स्यौट गर्न बाँकी रहेकोले उक्त पेश्की नियमानुसार असुल/फर्स्यौट गर्नुपर्ने रू.

| सि.नं. | पेश्कीको विवरण | पेश्की लिने ब्यक्ती फर्म वा कम्पनीको नाम | पेश्की लिएको मिति | फछ्यौंटको अन्तिम म्याद | म्याद नाघेको | कैफियत |
|---|---|---|---|---|---|---|
| | संस्थागत | | | | | |
| १ | तानसेन निरज स्वरोजगार कार्यक्रम (सिपमुलक कार्यक्रम) | आयुस किराना पसल | ०४/०१/२०८१ | २०८२/०३/३२ | ६०,०००.०० | बार्षिक प्रतिवेदन २०७८ को दाफा ४१ कायम भएको |
| २ | तानसेन निरज स्वरोजगार कार्यक्रम (सिपमुलक कार्यक्रम) | एच.डि.इलेक्ट्रोनिक्स | ०४/०१/२०८१ | २०८२/०३/३२ | ६०,०००.०० | बार्षिक प्रतिवेदन २०७८ को दाफा ४१ कायम भएको |
| ३ | तानसेन निरज स्वरोजगार कार्यक्रम (सिपमुलक कार्यक्रम) | खण्डेश्वरी मोवाइल रिपेरिङ्ग सेन्टर | ०४/०१/२०८१ | २०८२/०३/३२ | ६०,०००.०० | बार्षिक प्रतिवेदन २०७८ को दाफा ४१ कायम भएको |
| ४ | तानसेन निरज स्वरोजगार कार्यक्रम (सिपमुलक कार्यक्रम) | खुसी होटल एण्ड लज | ०४/०१/२०८१ | २०८२/०३/३२ | ६०,०००.०० | बार्षिक प्रतिवेदन २०७८ को दाफा ४१ कायम भएको |
| ५ | तानसेन निरज स्वरोजगार कार्यक्रम (सिपमुलक कार्यक्रम) | गणेश एण्ड धिरन किराना पसल | ०४/०१/२०८१ | २०८२/०३/३२ | ६०,०००.०० | बार्षिक प्रतिवेदन २०७८ को दाफा ४१ कायम भएको |
| ६ | तानसेन निरज स्वरोजगार कार्यक्रम (सिपमुलक कार्यक्रम) | चौड बाख्रा पालन | ०४/०१/२०८१ | २०८२/०३/३२ | ६०,०००.०० | बार्षिक प्रतिवेदन २०७८ को दाफा ४१ कायम भएको |
| ७ | तानसेन निरज स्वरोजगार कार्यक्रम (सिपमुलक कार्यक्रम) | दुदिला भेडापालन उद्योग | ०४/०१/२०८१ | २०८२/०३/३२ | ६०,०००.०० | बार्षिक प्रतिवेदन २०७८ को दाफा ४१ कायम भएको |
| ८ | तानसेन निरज स्वरोजगार कार्यक्रम (सिपमुलक कार्यक्रम) | न्यु वि.एन.के.ब्रदर्श भेडा पालन फर्म | ०४/०१/२०८१ | २०८२/०३/३२ | ६०,०००.०० | बार्षिक प्रतिवेदन २०७८ को दाफा ४१ कायम भएको |
| ९ | तानसेन निरज स्वरोजगार कार्यक्रम (सिपमुलक कार्यक्रम) | बि.एन.के.ब्रदर्श तरकारी फर्म | ०४/०१/२०८१ | २०८२/०३/३२ | ६०,०००.०० | बार्षिक प्रतिवेदन २०७८ को दाफा ४१ कायम भएको |
| १० | तानसेन निरज स्वरोजगार कार्यक्रम (सिपमुलक कार्यक्रम) | बोहरा कृषि फर्म | ०४/०१/२०८१ | २०८२/०३/३२ | ६०,०००.०० | बार्षिक प्रतिवेदन २०७८ को दाफा ४१ कायम भएको |
| ११ | तानसेन निरज स्वरोजगार कार्यक्रम (सिपमुलक कार्यक्रम) | भुमिराज बाख्रा पालन उद्योग | ०४/०१/२०८१ | २०८२/०३/३२ | ६०,०००.०० | बार्षिक प्रतिवेदन २०७८ को दाफा ४१ कायम भएको |
| १२ | तानसेन निरज स्वरोजगार कार्यक्रम (सिपमुलक कार्यक्रम) | सुर्मा भवानी राजीमा खेती | ०४/०१/२०८१ | २०८२/०३/३२ | ६०,०००.०० | बार्षिक प्रतिवेदन २०७८ को दाफा ४१ कायम भएको |
| १३ | तानसेन निरज स्वरोजगार कार्यक्रम | सिद्धनाथ मकरीकोट सुन | ०४/०१/२०८१ | २०८२/०३/३२ | ६०,०००.०० | बार्षिक प्रतिवेदन |

| | | | | | | |
|---|---|---|---|---|---|---|
| | (सिपमुलक कार्यक्रम) | चांदी उद्योग | | | | २०७८ को दाफा ४१ कायम भएको |
| १४ | तानसेन निरज स्वरोजगार कार्यक्रम (सिपमुलक कार्यक्रम) | हरिचन्द्र वाख्रा पालन उद्योग | ०४/०१/२०८१ | २०८२/०३/३२ | ६०,०००.०० | बार्षिक प्रतिवेदन २०७८ को दाफा ४१ कायम भएको |
| १५ | तानसेन निरज स्वरोजगार कार्यक्रम (सिपमुलक कार्यक्रम) | होटल हिल साईड | ०४/०१/२०८१ | २०८२/०३/३२ | ६०,०००.०० | बार्षिक प्रतिवेदन २०७८ को दाफा ४१ कायम भएको |
| | व्यक्तिगत | | | | | बार्षिक प्रतिवेदन २०७८ को दाफा ४१ कायम भएको |
| १६ | तानसेन निरज स्वरोजगार कार्यक्रम (सिपमुलक कार्यक्रम) | अपि सिमि खेती फर्म | ०४/०१/२०८१ | २०८२/०३/३२ | ६०,०००.०० | बार्षिक प्रतिवेदन २०७८ को दाफा ४१ कायम भएको |
| १७ | तानसेन निरज स्वरोजगार कार्यक्रम (सिपमुलक कार्यक्रम) | आर एस खुद्रा पसल | ०४/०१/२०८१ | २०८२/०३/३२ | ६०,०००.०० | बार्षिक प्रतिवेदन २०७८ को दाफा ४१ कायम भएको |
| १८ | तानसेन निरज स्वरोजगार कार्यक्रम (सिपमुलक कार्यक्रम) | एस डी खुद्रा पसल | ०४/०१/२०८१ | २०८२/०३/३२ | ६०,०००.०० | बार्षिक प्रतिवेदन २०७८ को दाफा ४१ कायम भएको |
| १९ | जिल्ला स्तरीय राष्टपति रनिग शिल्ड को लागि | गोविन्द सिह कार्की | ०४/०१/२०८१ | २०८२/०३/३२ | १,००,०००.०० | |
| २० | तानसेन निरज स्वरोजगार कार्यक्रम (सिपमुलक कार्यक्रम) | जनक सिह ठेकरे | ०४/०१/२०८१ | २०८२/०३/३२ | ६०,०००.०० | बार्षिक प्रतिवेदन २०७८ को दाफा ४१ कायम भएको |
| २१ | तानसेन निरज स्वरोजगार कार्यक्रम (सिपमुलक कार्यक्रम) | धामी कुखुरापशुपालन तथा कृषि फर्म | ०४/०१/२०८१ | २०८२/०३/३२ | ६०,०००.०० | बार्षिक प्रतिवेदन २०७८ को दाफा ४१ कायम भएको |
| २२ | तानसेन निरज स्वरोजगार कार्यक्रम (सिपमुलक कार्यक्रम) | प्रियान्सु खुद्रा पसल | ०४/०१/२०८१ | २०८२/०३/३२ | ६०,०००.०० | बार्षिक प्रतिवेदन २०७८ को दाफा ४१ कायम भएको |
| २३ | तानसेन निरज स्वरोजगार कार्यक्रम (सिपमुलक कार्यक्रम) | बोहरा कृषि फर्म | ०४/०१/२०८१ | २०८२/०३/३२ | ६०,०००.०० | बार्षिक प्रतिवेदन २०७८ को दाफा ४१ कायम भएको |
| २४ | तानसेन निरज स्वरोजगार कार्यक्रम (सिपमुलक कार्यक्रम) | मकरीकोट फलफूल तथा तरकारी फर्म | ०४/०१/२०८१ | २०८२/०३/३२ | ६०,०००.०० | बार्षिक प्रतिवेदन २०७८ को दाफा ४१ कायम भएको |
| | **कुल पेश्की** | | | | **१४,८०,०००.००** | |

| | |
|---|---|
| पेश्की | १,००,००० |

## २६ म्याद ननाघेको पेश्की

आर्थिक कार्यविधि तथा वित्तीय उत्तरदायित्व नियमावली, २०७७ को नियम ५० मा पेश्की दिईएको रकम तोकिएको म्यादभित्र फस्यौट गर्नु गराउनु पेश्की लिने दिने दुवैको कर्तव्य हुने उल्लेख छ । पालिकाले खण्डेश्वरी मा.वि विद्यालय भवन निर्माण गर्न बालिचन्द्र/ एस.के.जे.भि व्यवसायीलाई दिएको पेश्की रू.११,६४,७२५।०० सुत्रमा म्याद नाघेको देखिएको छ । उक्त कार्यको सम्झौताको म्याद २०८३ असार मसान्त सम्म रहेकोले उक्त पेश्की नियम अनुसार फछ्र्यौट गर्नुपर्दछ ।

## २७ अवकास कोष

स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को दफा ९१ बमोजिम स्थानीय तहले स्थानीय सेवाका आफ्नो दरबन्दीमा कार्यरत प्रत्येक कर्मचारीले खाईपाई आएको मासिक तलबबाट १० प्रतिशत रकम कट्टा गरी सो रकम बराबरले हुन आउने रकम थप गरी जम्मा गर्नुपर्ने व्यवस्था छ । पालिकाले यस वर्ष राजस्व बाँडफाट बाट कर्मचारी अवकास कोषमा रू.५,००,०००।०० ट्रान्सफर गरेको छ । तर उक्त कोषको सञ्चालन सम्बन्धी पालिकाबाट कुनै ऐन कानुनको व्यवस्था भएको देखिएन । यसरी कानूनको व्यवस्था नगरी पालिका अनुदानबाट सोझै कर्मचारी अवकास कोषमा रकम ट्रान्सफर गर्न मिल्ने नदेखिएकाले उक्त रकम फिर्ता लिई स्थानीय तहको सञ्चित कोषमा दाखिला हुनुपर्दछ । कानून बनाई कर्मचारीबाट समेत १० प्रतिशत कट्टा गरी कोषमा रकम जम्मा गर्नुपर्छ ।

## २८ पदाधिकारी सुविधा

स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को दफा ७३ मा प्रमुख प्रशासकिय अधिकृतले स्वीकृत बजेट खर्च गर्दा नियमितता, मितव्ययिता, कार्यदक्षता र औचित्यसमेत कायम राख्न आवश्यक व्यवस्था मिलाउनु पर्ने व्यवस्था छ । पालिकाको यसवर्ष पदाधिकारी सुविधाको वापत रू.५६,८३,६००।०० खर्च गरेकोमा पालिकाको आन्तरिक आय रू.२१,७८,३८०।८० रहेको छ। जुन आन्तरिक आयको २६०.९० प्रतिशत हुन जान्छ । पालिकाले आफ्नो आन्तरिक आयको आकार र कर्मचारी तथा पदाधिकारी सुविधा बीचमा आवश्यक तादम्यता मिलाई चालु खर्चलाई व्यवस्थित र मापदण्डमा आधारित बनाउनु पर्दछ ।

## २९ खेलकूद सदस्य सचिव

सुदूरपश्चिम प्रदेश खेलकूद नियमावली, २०७७ को परिच्छेद-३ (७) मा स्थानीय खेलकुद समितिको गठन सम्बन्धि व्यवस्था उल्लेख छ । जसमा, स्थानीय खेलकुद समितिको सदस्य सचिव सम्बन्धित स्थानीय तहको खेलकूद हेर्ने शाखाको प्रमुख नै सदस्य सचिव हुने व्यवस्था छ । तर पालिकाले नियमावलीको विपरित र थप व्ययभार हुनेगरि १ जना खेलकुद सदस्य सचिव करारमा नियुक्ति गरी बार्षिक रू.२,४०,०००।०० भुक्तानी गरेको छ जुन नियमसम्बत देखिदैन ।अतः यस्ता खर्चलाई नियन्त्रण गरि अनियमित देखिएको रू.

| क्र.सं. | नाम | प्रति महिना रु. | रकम रु. |
|---|---|---|---|
| १. | कमल सिंह रोकाया | २०,०००।०० | २,४०,०००।०० |
| जम्मा रू. | | | २,४०,०००।०० |

| | |
|---|---|
| अनियमित भएको | २,४०,००० |

## ३० सफ्टवेयर खरिद

नेपाल सरकारको सूचना प्रविधि प्रणाली (व्यबस्थापन तथा सञ्चालन) निर्देशिका, २०७१ को बुँदा नं.४.१ मा कुनै सरकारी निकायले आफ्नो कार्य विद्युतीय माध्यमबाट सञ्चालन गर्नका लागि प्रयोग गर्ने सूचना प्रविधि प्रणालीको निर्माण गर्दा त्यस्तो प्रणाली सम्बन्धी कागजात तयार गरी मानक अनुरुप भए नभएको निर्धारण गर्न सूचना प्रविधि विभागबाट स्वीकृत गराउन पर्ने व्यबस्था रहेको छ । स्थानीय तहले यो वर्ष निम्नानुसार Development and implimentation of planing management system नामको सफ्टवेयर खरिद गरी देहायबमोजिम रू.४,८५,३३५।०० खर्च गरेकोमा खरिद भएका सफ्टवेयरको सूचना तथा प्रविधि विभागबाट परिक्षण जाँच तथा स्वीकृत लिएको देखिएन। साथै सप्लाईकर्ताबाट सफ्टवेयरको SOURCE CODE समेत नलिएको हुँदा खरिद प्रकिया नियमसम्मत देखिएन । यस्ता सफ्टवेरको SOURCE CODE प्राप्त गर्नुका साथै स्वीकृति लिई प्रयोग गर्नुपर्दछ।

| क्र.सं. | सफ्टवेयरको नाम | प्रयोजन | आपुर्तिकर्ता | रकम (रु.) | कैफियत |
|---|---|---|---|---|---|
| १ | Development and implimentation of planing management system. | योजना तर्जुमा गर्न | स्मार्ट टेक नेपाल प्रा.लि | ४,८५,३३५।०० | संचालनमा रहेको |

३१ **प्रशासकीय संगठन तथा कर्मचारी व्यवस्थापन**

स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को दफा ८३ बमोजिम स्थानीय तहको कार्यबोझ, राजस्व क्षमता, खर्चको आकार र स्थानीय आवश्यकता समेतलाई ध्यानमा राखी कर्मचारी समायोजन भएपछि मात्र संगठन तथा व्यवस्थापन सर्वेक्षणका आधारमा स्थानीय तहमा संगठन संरचना कायम हुने व्यवस्था छ । सभाले २०८० असार १ मा प्रशासकीय अधिकृतसहित १२२ दरबन्दी स्वीकृत रहेकोमा यस सम्बन्धमा देखिएका व्यहोरा देहाय अनुसार रहेको छ।

- लेखापरीक्षणको क्रममा प्राप्त विवरणअनुसार कार्य व्यवस्थापनका दृष्टिकोणले महत्वपूर्ण मानिएका प्रमुख प्रशासकीय अधिकृत, प्रशासन अधिकृत, लेखा अधिकृत, इन्जिनीयरसहित २६ पदहरु रिक्त रहेका छन् । दरबन्दी बमोजिम जनशक्तिको पूर्णता नहुँदा विषयगत कार्यक्रम सञ्चालन, सेवा प्रवाह तथा पालिकाको समग्र कार्यसम्पादनमा असर परेको स्थिति छ । तसर्थः रिक्त पदहरु पूर्ति गरी सेवा प्रवाह प्रभावकारी बनाउनुपर्दछ।

- स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को दफा ८३ मा स्थानीय तहले आफ्नो अधिकारक्षेत्र र कार्यबोझको विश्लेषण गरी संगठन तथा व्यवस्थापन सर्भेक्षणको आधारमा स्थायी प्रकृतिको कामको लागि तथा सेवा करारबाट लिईने कर्मचारीको दरबन्दी प्रस्ताव गर्नुपर्ने र अस्थायी दरबन्दी सृजना गर्न नसकिने व्यवस्था छ । त्यसैगरी सो दफामा नगर प्रहरी, सवारी चालक, सयस, बगैंचे, प्लम्बर लगायतका पदमा मात्र प्रतिस्पर्धाको आधारमा करारमार्फत सेवा लिन सकिने व्यवस्था छ । पालिकाले यो वर्ष विभिन्न पदमा ६२ कर्मचारीहरु करारमा राखी रू.१,६९,६८,०६२।०० खर्च लेखेको छ । यसरी खर्च लेख्दा पालिकाको आन्तरिक स्रोत र कार्यबोझ समेतलाई बिचार नगरी दरबन्दी सृजना गरेको पाइयको हँदा यसमा नियन्त्रण कायम हुनुपर्दछ। उल्लिखित करार सेवाका पदहरु व्यवस्थापन सर्वेक्षण गरी निर्धारण भएको देखिएन । साथै प्रतिस्पर्धाको आधारमा कर्मचारी नियुक्त नगरी सोझै तथा पुराना कर्मचारीलाई नै निरन्तरता दिएको देखियो । कानून बमोजिम करार सेवाबाट पुर्ति गरिने पदहरु प्रतिस्पर्धाको माध्यमबाट मात्र पदपुर्ति गर्नुपर्दछ ।

**(विस्तृत विवरण बेरूजु दफा ३१ सँग सम्बन्धित अनुसूचीमा संलग्न छ ।)**

३२ **सवारी साधन भाडा**

स्थानीय सरकार संचालन ऐन, २०७४ को दफा ७३ मा प्रमुख प्रशासकीय अधिकृतले स्वीकृत बजेट खर्च गर्दा नियमितता, मितव्ययिता, कार्यदक्षता र औचित्य समेत कायम राख्न आवश्यक व्यवस्था मिलाउनु पर्ने र सार्वजनिक खरिद नियमावली, २०६४ को नियम ८४ अनुसार मालसामान खरिद, अन्य सेवाको खरिद गर्न रु. २० लाखसम्म शिलबन्दी दरभाउपत्र र सो भन्दा माथीको लागि बोलपत्र माग गरी प्रतिस्पर्धा गराई खरिद गर्नु पर्ने व्यवस्था छ । पालिकाले देहायका सवारी साधन भाडामा लिई रु ७२७८८०।०० खर्च गरेको छ । यसरी पटक पटक एकै प्रकृतिको सेवा खरीद गर्दा सार्वजनिक खरीद कानूनको पालना भएको देखिएन। उक्त सवारी साधन भाडामा लिदा सार्वजनिक खरीदको कानूनको पालना हुने गरी मात्र सावारी साधन भाडामा लिनु पर्छ।

३३ **घर भाडा**

स्थानीय सरकार संचालन ऐन, २०७४ को दफा ७३ मा प्रमुख प्रशासकीय अधिकृतले स्वीकृत बजेट खर्च गर्दा नियमितता, मितव्ययिता, कार्यदक्षता र औचित्य समेत कायम राख्न आवश्यक व्यवस्था मिलाउनु पर्ने र सार्वजनिक खरिद नियमावली, २०६४ को नियम ९४(११) मा सार्वजनिक नियकाले वार्षिक पाँच लाख भन्दा बढी भाडा तिर्नुपर्ने गरी घर भाडामा लिनुपरेमा नियम ९४(४)

बमोजिम प्रमुख जिल्ला अधिकारीको अध्यक्षतामा रहने समितिबाट घर भाडा निर्धारण गर्नुपर्ने व्यवस्था छ। पालिकाले यस वर्ष घर भाडा विभिन्न ठाउँमा घर भाडा लिदा कार्यालय प्रयोजनका लागि सम्झौतामा उल्लेख गरी रू. ४४६१३५।०० खर्च गरेको छ। पालिकाले कोठाको क्षेत्रफललाई आधार नलिई निर्धारण गरेको घरभाडा कानून सम्मत देखिदैन। यस्तो कार्यमा सुधार गरी कानून बमोजिम भाडा निर्धारण गराई प्रयोजन खुलाई मात्र घर भाडा लिनु पर्छ।

### ३४ विविध खर्च

स्थानीय सरकार संचालन ऐन, २०७४ को दफा ७३ मा प्रमुख प्रशासकीय अधिकृतले स्वीकृत बजेट खर्च गर्दा नियमितता, मितव्ययिता, कार्यदक्षता र औचित्यसमेत कायम राख्न आवश्यक व्यवस्था मिलाउनुपर्ने व्यवस्था छ। पालिकाले यो वर्ष खाना, खाजा, सभा संचालन तथा अन्य विविध शीर्षकमा रू.८,३१,४५२।०० खर्च गरेको छ। विविध खर्चलाई आन्तरिक आयको आकारसँग तादम्यता कायम गरी खर्चको औचित्यसमेत पुष्टि हुनेगरी निश्चित वस्तुगत मापदण्ड बनाई मितव्ययिता कायम गर्न पालिकाको ध्यान जानुपर्दछ ।

### ३५ मसलन्द तथा कार्यालय सामग्री

सार्वजनिक खरिद ऐन, २०६३ को नियम ८(२) मा यस ऐन अन्तर्गत बनेको नियम बमोजिम खरिद गर्दा प्रतिस्पर्धा सीमित हुने गरी टुक्रा, टुक्रा पारी खरिद गर्न नहुने उल्लेख छ। त्यस्तै सोही नियमावली, २०६४ को नियम ३ मा खरिदलाई बढि सुविधाजनक समुहमा विभाजन गर्ने वा प्याकेजमा समावेश गर्ने व्यवस्था छ। नियम ८ मा खरिद योजना बनाउँदा खरिदको सम्भावित प्याकेज बनाउनुपर्ने र नियम ९ मा खरिद सम्बन्धी सम्पुर्ण काम एउटै सम्झौताबाट हुनसक्ने नसक्ने एकिन गर्नुपर्ने व्यवस्था छ । यो वर्ष पालिकाले विभिन्न समयमा पटक पटक गरी रू. १८८६२६५।०० को कार्यालय मालसमान खरिद गरेको देखियो। खरिदलाई खुला र प्रतिस्पर्धात्मक बनाई खरिद कार्य मितव्ययी बनाउनुपर्छ ।

### ३६ पत्रपत्रिका, छपाई तथा सूचना प्रकाशन

आर्थिक कार्यविधि तथा वित्तीय उत्तरदायित्व नियमावली, २०७७ को नियम ४१ बमोजिम खर्च गर्दा उपलब्धि समेतलाई ध्यान दिई खर्चको सुनिश्चितता गर्ने व्यवस्था छ । पालिकाले यो वर्ष पत्रपत्रिकामा सन्देश प्रकाशन वापत विभिन्न समयमा संचार गृहहरुलाई रू.६६४१५६।०० खर्च गरेको पाईयो । यसप्रकारको खर्चमा नियन्त्रण कायम गरी सार्वजनिक स्रोतको मितव्ययी उपयोग हुनुपर्दछ ।

### ३७ आर्थिक सहायता

स्थानीय सरकार सञ्चालन ऐन, २०७४ मा स्थानीय तहलाई आर्थिक सहायता, चन्दा, पुरस्कार एवम् संस्थागत अनुदान वितरण गर्न पाउने व्यवस्था रहेको देखिंदैन । पालिकाले आर्थिक सहायता प्रयोजन वापत यस वर्ष विभिन्न ५० व्यक्तिलाई रू. ९,५८,०००।०० आर्थिक सहायता वितरण गरेको देखियो । यस्तो विविध प्रकृतिको खर्चलाई आन्तरिक आयको आकार सँग तादम्यता कायम गरी खर्चको औचित्य समेत पुष्टि हुनेगरी निश्चित वस्तुगत मापदण्ड बनाई मितव्ययिता कायम गर्नुपर्दछ ।

### ३८ ईन्धन खर्च

अर्थ मन्त्रालयबाट जारी कार्य संचालन निर्देशिका, २०७७ मा सवारी साधन प्रयोग गर्ने व्यक्तिलाई सोही अनुसार विभिन्न परिमाणमा ईन्धन उपलव्ध गर्न सकिने व्यवस्था छ। पालिकाबाट प्राप्त विवरण अनुसार २ पाङ्ग्रे १ थान, एम्बुलेन्स र जेनरेटर एक एक थान रहेकोमा इन्धन कार्यालय प्रयोजन शिर्षकमा रू.३४५७८५.२१ र इन्धन अन्य शिर्षकमा रू. ८३५७०.७९ गरी जम्मा रू. ४२९३५६।०० इन्धनमा खर्च गरेको छ। सवारी साधन प्रयोग गर्ने पदाधिकारीहरुले प्रयोग गरेको ईन्धनको अभिलेख र दमकल, ब्याकहो लोडर जस्ता मेशिनको प्रयोग अवधि र उक्त मेशिनहरुले खपत गर्ने ईन्धनको मापदण्ड समेत नबनेकोले ईन्धन खपतको वस्तुगत परीक्षण गर्न सकिने अवस्था देखिएन। ईन्धन खपत सम्बन्धमा Public Asset Management System (PAMS) को पुर्ण रुपमा प्रयोग गरी इन्धन खर्चको व्यवस्थित अभिलेखाङ्कन गरी ईन्धन खर्चलाई मापदण्डमा आधारित बनाउनु पर्दछ।

### ३९ भ्रमण खर्च र अभिलेख

भ्रमण खर्च नियमावली २०६४ को नियम २१ मा भ्रमणमा खटिने पदाधिकारी वा कर्मचारीले भ्रमण प्रारम्भ गरेपछि सम्वन्धित कार्यालयले भ्रमण आदेश नम्बर, भ्रमणमा खटिनेको नाम र दर्जा , खटिएको स्थान, मितिसमेत खुल्ने स्थान र बस, जिपको टिकटसमेत

गरी अनुसूची ६ बमोजिमको ढाँचामा कार्यालय प्रमुखबाट प्रमाणित गरी भ्रमण अभिलेख राख्नुपर्ने र भ्रमणमा खटाउने पदाधिकारीले विश्वसनीय आधार र प्रमाण स्थापित हुने गरी आवश्यकता अनुसार आन्तरिक नियन्त्रण प्रणालीको व्यवस्थासमेत गर्नुपर्ने व्यवस्था छ । पालिकाले यसवर्ष कर्मचारीलाई भ्रमणमा, पदाधिकारी भ्रमण तथा अन्य भ्रमणमा गरी जम्मा रू.१८,७०,१३८।०० खर्च गरेकोमा भ्रमण अभिलेख खाता प्रमाणित, कोष प्रमाणित, बस वा माईक्रो बसको टिकट, र अनुगमन प्रतिवेदन राखेको पाईएन। जसले गर्दा अनुगमन तथा भ्रमणको सहि सदुपयोग भएको छ भन्ने आधार रहेन । भ्रमण पश्चात अनिवार्य रुपमा कामको जिम्मेवारी र व्यहोरा खुलेको अनुगमन प्रतिवेदन राख्ने व्यवस्थासमेत गरी नियमावलीको व्यवस्था पालना गरिनुपर्दछ ।

४० **बढी दररेट विश्लेषण**

सार्बजनिक खरिद नियमावली, २०६४ को नियम १० अनुसार सार्बजनिक निकायले निर्माण सम्बन्धि कार्यको लागत अनुमान तयार गर्दा निर्माण सम्बन्धि नर्मस भए त्यस्तो नर्मस बमोजिम र त्यस्तो नर्मस नभएको अवस्थामा आवश्यक नर्मस तयार गरी नेपाल सरकार मन्त्री परिषदबाट स्वीकृत गराई स्वीकृत नर्मस बमोजिम लागत अनुमान तयार गर्नुपर्दछ । सार्वजनिक खरिद नियमावली, २०६४ को नियम १०(४) मा सार्वजनिक निकायले लागत अनुमान तयार गर्दा सिमेन्ट, फलामे डण्डी, इंटा, माटो, बालुवा, क्रकंट पाता, पोलिथिन पाईप, जि.आई.तार लगायतका निर्माण सामग्रीको दरभाऊ, मेशिन र उपकरणको भाडा वा कामदारको ज्याला निर्धारण गर्दा जिल्ला दररेट निर्धारण समितिले निर्धारण गरेको दररेटको आधारमा निर्धारण गर्नुपर्ने उल्लेख छ । कार्यालयले तयार गरेको दर बिश्लेषणको दरभन्दा फरक दर राखी अन्तिम बिलको भुक्तानी गरेको कारणबाट निम्न आईटमवाईज कार्यमा सारभुत रुपमा बढी भुक्तानी भएको पाईपो । यसरी बढी भुक्तानी भएको रकममा उपभोक्ताको अंशकट्टी गर्दा हुन आउने रु. २,९९,७५८।- थप व्ययभार परेको छ । अतः सम्बन्धित उपभोक्ता समितिबाट असुल गर्नुपर्ने रू.

| सि.नं. | गो.भौ./ मिति | योजनाको नाम | आईटमवाईज कार्यको बिवरण | खुद भएको कार्य परिमाण (घ.मी.) | भुक्तानी भएको दर (मू.अ.कर सहित) रु. | भुक्तानी हुनुपर्ने दर (मू.अ.कर सहित) रु. | बढी भुक्तानी भएको रकम रु. | उ.स.को अंश रु. | असुल हुनुपर्ने रकम रु. | कैफियत |
|---|---|---|---|---|---|---|---|---|---|---|
| १. | १२७। २०८२। ३।२ | पाथा कसौती खानेपानी तथा सरसफाई योजना | PCC 1:3:6 Work | ०.१३ | ४३३३३। ४० | २५४५८। ९० | २३२४ | १५२५३ (२६.८२%) | ४१६१८ | कार्यालयले तयार गरेको दर बिश्लेषणको दरभन्दा फरक दर राखी नापी किताब र कार्य सम्पन्न प्रतिबेदन तयार गरेको |
| | | | PCC 1:2:4 Work | २.०८ | ४४७६१। ६३ | २७६९२। ८५ | ३५५०३ | | | |
| | | | Stone Masonry Wall 1:4 C/S | १.०१ | ३९१२०। ६६ | २४३४७। ७३ | १४९२१ | | | |
| | | | 20 mm Cement Plaster 1:3 | ५.४३ | १५९७। ०० | ८३७।७० | ४१२३ | | | |
| २. | ७८। ०८१। १२।२६ | घाजिरदरेखि बिरेस्थान पन्यारसम्म पि.सि.सी. गर्ने कार्य | PCC 1:3:6 Work | ९.४५ | ४४३३१। ५० | २४२९६। ६५ | १८९३२९ | २५४२७ (१३.२८) | १६३९०२ | कार्यालयले तयार गरेको दर बिश्लेषण अनुसार PCC Work 1:3:6 को मोटार तयार गर्नका लागि आवश्यक पर्ने पानीका लागि बढीमा रु. ३०० प्रति घन मिटर सम्म राख्नु पर्नेमा अश्वभाबिक परिमाण र दर राखेको कारण प्रति घ.मी. रु.१८९१७ भुक्तानी दर बढेको । |
| ३. | ३१। ०८१। १०।१८ | खल्कोटदेखि सल्लीसम्म पि.सि.सी. गर्ने कार्य | PCC 1:3:6 Work | १३.३५१९ | २६५९०। १५ | १८०७९। ३९ | ११३६३५ | १९३९७ (१७.०७%) | ९४२३८ | कार्यालयले तयार गरेको दर बिश्लेषण अनुसार PCC Work 1:3:6 को मोटार तयार गर्नका लागि आवश्यक पर्ने पानीका लागि बढीमा ३०० प्रति घन मिटर |

| | | | | | | | | | | |
|---|---|---|---|---|---|---|---|---|---|---|
| | | | | | | | | | | सम्म राख्नु पर्नेमा अश्वभाबिक परिमाण र दर राखेको कारण प्रति घ.मी. रु.१८९१७ राखेको कारण भुक्तानी दर बढेको । |
| जम्मा रू. | | | | | | | ३५९८३५ | ६००७७ | २९९७५८ | |

| | |
|---|---|
| असुल गर्नुपर्ने | २,९९,७५८ |

४१ **धरौटी सदरस्याहा**

आर्थिक कार्यविधि तथा वित्तीय उत्तरदायित्व नियमावली, २०७७ को नियम ६७(२) मा न्यायिक वा अर्धन्यायिक निकायमा रहेको धरौटी फिर्ता पाउने ठहर भएको एक वर्षसम्म सम्बन्धित व्यक्ति फिर्ता माग्न नआएमा एक वर्ष पुगेपछि त्यस्तो धरौटी रकम फिर्ता लिन आउनु भनी त्यस्तो निकायले पन्ध्र दिनको म्याद दिई कुनै राष्ट्रियस्तरको दैनिक पत्रिकामा सूचना प्रकाशन गर्नु पर्नेछ । नियमा ३ मा उपनियम (२) बमोजिमको म्यादभित्र त्यस्तो धरौटी रकम फिर्ता लिन नआएमा राजस्व खातामा जम्मा गरी हिसाब मिलान गर्नुपर्ने व्यवस्था छ । पालिकाको धरौटी खातामा रू. १,०९,०५,६१४।३९ रकम भएकोमा विगत बर्षहरूदेखि धरौटी फिर्ता गर्नुपर्ने रकम धरौटी खातामा बाँकी रहेको देखिन्छ । अतः यस सम्बन्धमा पालिकाले यकिन गरी धरौटी सदरस्याह गर्नुपर्दछ ।

४२ **आय अनुमान**

स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को दफा ६६ बमोजिम स्रोत अनुमान तथा बजेट सीमा निर्धारण समितिले पालिकामा प्राप्त हुने आन्तरिक आय समेतको व्यवस्थापन गर्न सक्ने व्यवस्था छ। पालिकाले पेश गरेको आय-व्ययको अनुमानमा निम्नानुसार आन्तरिक आयतर्फ रू. २२ लाख ५५ हजार आय प्राप्त गर्ने अनुमान गरेकोमा रू. २१ लाख ७८ हजार आय प्राप्त गरेको छ। आम्दानीका अन्य स्रोतको पहिचान गरी आयको अनुमान यर्थाथपरक बनाई आय आर्जन बृद्धि गर्नेतर्फ विशेष ध्यान दिन आवश्यक देखिएको छ। करदाता कार्यालयमा दाखिला गर्न आएको अवस्थामा मात्र असुल गर्ने तर अनुगमन गरी सोको लगत राख्ने अभ्यास नभएकोले करदाताको लगत राखी राजस्व असुल गर्ने प्रमाणलीको विकास हुनुपर्दछ।

| क्र.सं. | राजस्व संकेत | आम्दानी शीर्षक | अनुमान | आम्दानी |
|---|---|---|---|---|
| १ | ११३१३ | सम्पती कर | ० | १,०२,५७२.६० |
| २ | ११३१४ | भुमिकर/मालपोत | ५,०४,०००.०० | २,०१,०६३.२० |
| ३ | ११३१७ | वहालकर | १,४४,०००.०० | ६,०२,४१२.०० |
| ४ | ११३१८ | वहालविटौरी कर | १२,०००.०० | ० |
| ५ | ११६११ | व्यवसायलेभुक्तानी गर्ने | ० | २६,०२५.०० |
| ६ | ११६३१ | कृषि तथा पशुजन्य वस्तुको व्यावसायिक कारोवारमा लाग्ने कर | ३३,६००.०० | ३८,९५०.०० |
| ७ | ११६९१ | अन्यकर | १,५८,४००.०० | २,२१,४८०.०० |
| ८ | १४१९१ | पर्यटन शुल्क | १,२००.०० | १३,६३०.०० |
| ९ | १४२२१ | न्यायिक दस्तूर | ३,६००.०० | ० |
| १० | १४२२४ | परीक्षाशुल्क | १४,४००.०० | २,३००.०० |
| ११ | १४२२९ | अन्य प्रशासनिक सेवा शुल्क | ४,३५,६००.०० | १,६७,२९५.०० |
| १२ | १४२४३ | सिफारिश दस्तुर | १,१४,८४०.०० | २,९३,०८०.०० |
| १३ | १४२४४ | व्यक्तिगत घटना दर्ता दस्तुर | ७९,२००.०० | १,१७,४१०.०० |
| १४ | १४२४५ | नाता प्रमाणित दस्तुर | ३६,०००.०० | २०,१३०.०० |
| १५ | १४२४९ | अन्यदस्तुर | १,५८,४००.०० | ७२,८८०.०० |
| १६ | १४२५३ | व्यावसाय रजिष्ट्रेशन दस्तुर | ३९,६००.०० | ० |
| १७ | १४२६३ | जलस्रोत सम्बन्धी अन्य दस्तुर | ६,०००.०० | १६,०५०.०० |
| १८ | १४३१२ | प्रशासनिक दण्ड, जरिवाना र जफत | ३२,४००.०० | ० |
| १९ | १४३१३ | धरौटी सदरस्याहा | ७,२००.०० | ० |
| २० | १४५२९ | अन्य राजस्व | ० | -४००. |
| २१ | १४६११ | व्यवसाय कर | ४,७५,२००.०० | १,०३,९००.०० |
| २२ | १५१११ | बेरूजू | ० | १,७९,६०३.०० |
| जम्मा रू. | | | २२,५५,६४०.०० | २१,७८,३८०.८० |

४३ **व्यवसाय कर**

स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को दफा ५८ मा पालिकाले आफ्नो कार्यक्षेत्र भित्र रहेका विभिन्न व्यवसाय गर्ने व्यक्तिबाट व्यवसाय कर उठाउनुपर्ने व्यवस्था रहेको छ । यस वर्ष पालिकाले व्यवसाय दर्ता तथा नवीकरण शुल्क वापत रु.१०३९००।०० कर सङ्कलन गरेकोमा पालिकाको क्षेत्रभित्र रहेका व्यवसायीहरुको अभिलेख अध्यावधिक गरेको छन्। जसबाट पालिकाले सङ्कलन गरेको व्यवसाय कर यथार्थ मान्न सक्ने अवस्था छैन। तसर्थ पालिकाले आफ्नो क्षेत्र भित्र सञ्चालनमा रहेका सम्पूर्ण व्यवसायीको अद्यावधिक अभिलेख राखी करको दायराभित्र ल्याउनु पर्दछ।

४४ **विज्ञापन कर**

नेपालको संविधानको अनुसूची ९ को बुदा न ४ मा विज्ञापन करको अधिकार क्षेत्र स्थानीय तहलाई तोकिएको छ। सुदूरपश्चिम प्रदेश आर्थिक ऐन, २०८० को दफा ५ मा विज्ञापन कर लगाउन र उठाउन पाइने अधिकार स्थानीय तहलाई दिइएको छ। पालिकाको आर्थिक ऐन, २०८० मा होर्डिङ् वोर्ड ब्यानर तथा माईकिङ् मार्फत गरिने विज्ञापनलाई मात्र कर लगाउने व्यख्या गरिएको भए पनि यो वर्ष विज्ञापन कर असुल गरेको देखिएन। त्यसै गरी पालिकाले सामाजिक सञ्जाल फेसबुक, युट्युव, ईन्सग्राम जस्ता विद्युतीय संजाल मार्फत गरिने विज्ञापनलाई करको दायरामा ल्याउन सकिएको देखिएन । समाजिक सञ्जाल तथा विद्युतीय प्लाटफर्म मार्फत गरिने विज्ञापनहरुलाई समेतलाई आर्थिक ऐनले समेटी उपयुक्त प्रणालीको विकास गरी करको दायरा फराकिलो बनाउनु पर्दछ ।

## ४५ रोजगार सेवा केन्द्रतर्फ

४५.१ **बेरोजगारको प्राथामिकिकरण** - स्थानीय तहमा सुचिकृत बेरोजगार व्यक्तिलाई न्यूनतम रोजगारीप्रत्याभुत गराउन एवम सामुदायिक पूर्वाधारहरुको विकास मार्फत नागरिकको जीवनयापनमा सुधार ल्याउने उद्देश्यले स्थानीय तह भित्र प्रधानमन्त्री रोजगार कार्यक्रम सञ्चालन रहेको छ। प्रधानमन्त्री रोजगार कार्यक्रम संचालन निर्देशिका, २०७५ को दफा २१ बमोजिम पालिकाले बेरोजगारको तथ्याङ्क अद्यावधिक गरेर सुचीमा समावेश भएकाहरुलाई प्राथामिकीकरण गरी प्राथामिकता क्रम अनुसार कामका लागि रोजगार कार्यक्रममा संलग्न गराई रोजगारी दिनुपर्ने व्यवस्था रहेको छ ।पालिकाले ७५९ जनालाई बेरोजगारको सूचिमा समावेश गरेको छ। बेरोजगारको सूचिमा समावेशलाई प्राथामिकिकरण गरेपनि प्राथमिकताका आधारमा रोजगार प्रदान गरेको छैन। कामका लागि रोजगार कार्यक्रम कार्यान्वियनका लागि निर्देशिकामा उल्लेखित व्यवस्थाहरुको पालना नगरी धेरै संख्यामा योजना छनोट भएको पूर्वाधार एवम अन्य विकास निर्माणका लागि अधिकांश योजना छनोट नभई अनुत्पादनमुलक कार्य गराउने गरी योजना छनोट भएका छन। साथै श्रमिकको संख्या पनि धेरै रहेकोले कार्यक्रमको उद्देश्य अनुरुप लक्ष्य हासिल गर्ने गरी कार्यान्वियन भएको पाइएन।

४५.२ **प्रधानमन्त्री रोजगार कार्यक्रम** - स्थानीयतहमा सूचीकृत बेरोजगार व्यक्तिलाई न्यूनतम रोजगारीको प्रत्याभूत गराउन एवम् सामूदायिक पूर्वाधारहरुको विकास मार्फत नागरिकको जीवनयापनमा सुधार ल्याउने उद्देश्यले स्थानीयतह भित्र प्रधानमन्त्री रोजगार कार्यक्रम सञ्चालनमा रहेको छ। यस कार्यक्रम व्यवस्थित रुपमा सञ्चालनका लागि प्रधानमन्त्री रोजगार कार्यक्रम सञ्चालन निर्देशिका, २०७५ तयार गरेको छ सोही अनसार रोजगारी कार्यक्रम संचालन गर्नुपर्ने तथा आइ डि ए आइ को साझेदारीमा रोजगारी सृजना कार्यक्रमको कार्यविधि अनुसार संचालन गर्नुपर्ने व्यवस्था छ। यस कार्यक्रम अन्तर्गत पालिकाले ६ वडामा ९ योजना सञ्चालन गरी यस वर्ष ८० जनालाई औसत ९५ दिन रोजगारी उपलव्ध गराई रू.४९८७९७६।०० श्रमिक ज्याला खर्च गरेको छ। पालिकाका नियमित योजना र प्रधानमन्त्री रोजगार कार्यक्रम अन्तर्गतका योजना छनौट गर्दा योजना छनौटको आधार नखुलाएकोले दोहोरो परे नपरेको सम्बन्धमा स्पष्ट हुन सकिएन। योजनामा दोहोरो नहुने गरी योजना छनौट गरी कार्यान्वयन गर्नुपर्दछ। उक्त खर्चवाट लक्षित वर्गमा अल्पकालीन रोजगारी सृजना भए तापनि कामको दीगोपना तथा दीर्घकालीन रोजगारी सिर्जना भएको देखिंदैन। तसर्थ कार्यक्रम सञ्चालन निर्देशिका बमोजिम व्यवस्थित तवरले कार्य सञ्चालन गर्नुपर्दछ।

| वडा नं | सुचिकृत बेरोजगारसंख्या | रोजगार संख्या | रोजगार प्राप्तगरेको दिन | प्रति व्यक्तिरोजगार प्राप्त गरेको दिन | कुल खर्च | प्रति व्यक्तीऔषत रोजगारी आय | रोजगार प्रतिशत |
|---|---|---|---|---|---|---|---|
| १ | ७० | १० | ९५० | ९५ | ६२४६०० | ६३४६० | १४.२८ |
| २ | ११२ | ११ | ९९५ | ९० | ६६४६६० | ६०४२३ | ९.८ |
| ३ | २३६ | २३ | २१५३ | ९४ | १४३८२०४ | ६२५३० | ९.७ |
| ४ | १३२ | १४ | १३४४ | ९६ | ८९७७९२ | ६४१२८ | १०.६ |
| ५ | ७० | १० | ९६० | ९६ | ६४१२८० | ६४१२८ | १४.२८ |
| ६ | १३९ | १२ | १००० | ९० | ७२१४४० | ६०१२० | ८.६३ |
|  | ७५९ | ८० | ७४०२ |  | ४९८७९७६ |  |  |

४६ **आन्तरिक आय**

स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को दफा ६६ बमोजिम स्रोत अनुमान तथा वजेट सीमा निर्धारण समितिले पालिकामा प्राप्त हुने आन्तरिक आय समेतको व्यवस्थापन गर्न सक्ने व्यवस्था छ। पालिकाले यो वर्ष नेपाल सरकारबाट प्राप्त समानिकरण अनुदान र राजस्व बाँडफाटबाट प्राप्त रकमको तुलनामा आन्तरिक आयको स्थिति देहाय बमोजिम छ।

| केन्द्रीय अनुदान | आन्तरिक आय | आन्तरिक आय प्रतिशत |
|---|---|---|
| १३७१२९८०७.२८ | २१७८३८०.८० | १.५९ |

उपर्युक्त विवरण अनुसार स्थानीय तहमा प्राप्त केन्द्रीय अनुदानबाट भएको खर्चको तुलनामा आन्तरिक आयको हिस्सा १.५९ प्रतिशत मात्र रहेको छ। स्थानीय वित्तीय आधारलाई फराकिलो बनाउदै आन्तरिक आय सङ्कलन प्रणालीलाई प्रभावकारी बनाउनु पर्दछ।

४७ **कृषि तथा पशुतर्फ**

४७.१ **अनुदानको अनुगमन** - प्रदेश तथा स्थानिय तहमा सशर्त वित्तिय हस्तान्तरीत कृषि पशुपन्छीतथा मत्स्य विकास कार्यक्रम सञ्चालन सम्वन्धी कार्यविधि २०८० को परिच्छेद २ अनुसार लक्षित वर्ग र क्षेत्र सम्बन्धित स्थानीय तहले सशर्त कार्यक्रमको प्रकृति तथा स्थानीयसम्भावना र आवश्यकताको आधारमा सशर्त कार्यक्रममा समेटिने कृषक, समूह, समिति, सहकारी, फर्म, संस्था, कम्पनी, निजी उद्यमी, व्यवसायी तथा लक्षित वर्गको पहिचान र निर्धारण गरी सम्भावना र प्राथमिकताको आधारमा आफ्नो कार्यक्षेत्र भित्रको उपयुक्त स्थानको पहिचान गरी अनुदान प्राप्त गर्ने मापदण्ड र प्राप्त गर्ने कृषकहरुको नामावली संचार माध्यमहरु एफएम, रेडियो तथा स्थानीय पत्रिकामा प्रकाशनगरी कार्यक्रम सञ्चालन गर्नुपर्ने उल्लेख छ। पालिकाले यस वर्ष कृषि तथा पशुतर्फ गरी रू.३१५८८३७।०० अनुदान वितरण गरेको छ। पालिकाले अनुदानको कार्यविधिले तोकिएको सबै प्रकृया पुरा गरे नगरेको देहायका अनुदान वितरण गरेको कार्यको अनुगमन गरी कृषि अनुदानलाई प्रभावकारी बनाउनुपर्दछ।

| **ब.उ.शी.नं.** | **कार्यक्रमको नाम** | **कृषक संख्या** | **कार्यालयबाट भुक्तानी भएको अनुदान रकम** | **कृषकले व्यहोरिएको अनुदान रकम** | **लागत सहभागित** |
|---|---|---|---|---|---|
| ८०७७३५०१५०२ | फ्रेस हाउस अनुदान | १ | १०००००।०० | १०००००।०० | ५० प्रतिशत |
| ८०७७३५०१५०१ | नयाँ स्याउ पकेट विकास कार्यक्रम | ११ | ७६४९३७।०० | ७६४९३७।०० | ५० प्रतिशत |
| ८०७७३५०१५०२ | उत्पादनमा आधारित अनुदान अमरिसो | ११ | ४०४०००।०० | ० | सतप्रतिशत |
| ८०७७३५०१५०२ | अमिलो प्रजातिका फलफुल प्रवर्द्धन | ८ | १२३०००।०० | १०८०००।०० | ५० प्रतिशत |
| ८०७७३५०१५०२ | उत्पादनमा आधारित राजमा बाली | १५४ | ४१६०००।०० | ० | सतप्रतिशत |
| | | | १८०७९३७।०० | | |

**पशुतर्फः**

| **ब.उ.शी.नं.** | **भौ नं र मिति** | **कार्यक्रमको नाम** | **कृषक संख्या** | **कार्यालयबाट भुक्तानी भएको अनुदान रकम** | **कृषकले व्यहोरिएको अनुदान रकम** | **लागत सहभागित** |
|---|---|---|---|---|---|---|
| ८०७७३५०१५०२ | ३५।०८२।०३।२० | नवप्रवर्तनमा आधारित उद्यमशिलता तथा आयआर्जन कार्यक्रम | १० | १३५०९०० | ० | सतप्रतिशत |

४७.२ **बाख्रा अनुदान** - प्रदेस सरकारबाट हस्तान्तरित कार्यक्रम अन्तर्गत नवप्रवर्तनमा आधारित उद्यमशिलता तथा आयआर्जन कार्यक्रम बमोजिम अनुदान वितरण गर्नुपर्ने उल्लेख छ। पालिकाले गोश्वरा भौचर नं. ३५।०८२।०३।२०बाट श्री जयमष्टा पशुपालन कृषि फलफूल तथा जडिबुटी फर्मबाट देहायका भेडा-बाख्रा बाट रू.१३५०९००।०० खरिद गर्दा जिल्ला दररेटलाई आधार लिएको पाइएन। यसले गर्दा खरिद गरेको मूल्य मितव्ययी तथा बस्तुपरक भएको एकिन हुन सकेन। पशु खरिद गर्दा क्वारेन्टाइन जाँचपास गराएर मात्र खरिद गर्नुपर्नेमा सो समेत गरेको पाइएन। अतः खरिद गर्दा जिल्ला दररेटलाई आधारलिई नियमले तोकेबमोजिम जाँच गरी गर्नुपर्दछ।

| क्र.सं. | पशु | संख्या | रकम भुकतानी |
|---|---|---|---|
| १ | भ्याङलुङ भेडा | ३६ | ५३६४०० |
| २ | खरि बाख्रा | ९ | १३४१०० |
| ३ | सिनाल बाख्रा | ४५ | ६७०५०० |
| | | | १३४१००० |

## ४८ बाख्रा वितरण

स्थानीय सरकार सञ्चालन ऐन २०७४ को दफा ७३ मा सभा बाट स्वीकृत बजेट खर्च गर्दा प्रमुख प्रशासकीय अधिकृतले बजेट खर्च गर्दा नियमितता, मितव्ययिता, कार्यदक्षता, प्रभावकारिता र औचित्यता कायम गर्न आवश्यक व्यवस्था मिलाउनु पर्ने उल्लेख छ।पालिकाले गो.भौ १९-०८२।०१।१० बाट रु.११,०००।०० का दरले ३५ गोटा बाख्राको जम्मा रु.३,८५,०००।०० एकल महिलाहरुलाई वितरण गरेको देखिन्छ।बितरण पश्चात उक्त वितरण गरिएको अनुदानको पालिका बाट कुनै किसिमको अनुगमन भएको प्रतिबेदन पेस नभएको पाईएकोले यस्ता अनुदानको अनुगमन गरी अनुदानलाई प्रभावकारी बनाउनुपर्दछ।

## ४९ अनुदानको अनुगमन

प्रदेश तथा स्थानिय तहमा सशर्त वित्तिय हस्तान्तरीत कृषि पशुपन्छीतथा मत्स्य विकास कार्यक्रम सञ्चालन सम्वन्धी कार्यविधि २०८० को परिच्छेद २ अनुसार लक्षित वर्ग र क्षेत्र सम्बन्धित स्थानीय तहले सशर्त कार्यक्रमको प्रकृति तथा स्थानीय सम्भावना र आवश्यकताको आधारमा सशर्त कार्यक्रममा समेटिने कृषक, समूह, समिति, सहकारी, फर्म, संस्था, कम्पनी, निजी उद्यमी, व्यवसायी तथा लक्षित वर्गको पहिचान र निर्धारण गरी सम्भावना र प्राथमिकताको आधारमा आफ्नो कार्यक्षेत्र भित्रको उपयुक्त स्थानको पहिचान गरी अनुदान प्राप्त गर्ने मापदण्ड र प्राप्त गर्ने कृषकहरुको नामावली संचार माध्यमहरु एफएम, रेडियो तथा स्थानीय पत्रिकामा प्रकाशनगरी कार्यक्रम सञ्चालन गर्नुपर्ने उल्लेख छ। पालिकाले रू.९६१४८७।०० बराबरको अनुदान रकम वितरण गरेको छ। पालिकाले अनुदानको कार्यविधिले तोकिएको सबै प्रकृया पुरा नगरी देहायका अनुदान वितरण गरेको कार्यको अनुगमन गरी कृषि अनुदानलाई प्रभावकारी बनाउनुपर्दछ ।

| **कार्यक्रमको नाम** | **कृषक संख्या** | **अनुदान रकम** | **लागत सहभागित** |
|---|---|---|---|
| फलफुलको विरुवा वितरण(टिमुर,कागति,सुन्तला,चुक,दारिम,मौसमी) | ३७६ घरधुरी | ४८६०४२।०० | ५० प्रतिशत |
| राज्मा प्रबर्धन कार्याक्रम | ८ समुहका ३०० घरधुरी | ४७५४४५।०० | ५० प्रतिशत |
| **जम्मा रु.** | | **९६१४८७।००** | |

## ५० मर्मत सम्भार खर्च

सार्वजनिक खरिद नियमावली, २०६४ को नियम ९६ मा कुनै मालसामान मर्मत गर्नुपर्दा नियम १३ अनुसार लागत अनुमान तयार गर्नुपर्ने, प्रतिस्थापित पार्टपुर्जा दाखिला गर्नुपर्ने, नियमावलीको प्रक्रीया अवलम्बन गरी पार्टपुर्जा खरिद गर्नुपर्ने तथा मर्मत अभिलेख राख्नुपर्ने व्यवस्था छ । त्यसैगरी म.ले.प.फा.नं. ४१४ र ४१४(क) बमोजिमको ढाँचामा मर्मतसंभार तथा संरक्षण आवेदन फारम र म.ले.प.फा.नं. ४१५ बमोजिमको ढाँचामा मर्मतसंभार तथा संरक्षण अभिलेख खाता राख्नुपर्ने व्यवस्था छ । पालिकाबाट प्राप्त विवरण अनुसार पालिका अन्तर्गत २ पाङ्ग्रे १ थान, जेनेरेटर, र एम्बुलेन्स एक एक थान रहेकोमा उल्लिखित सवारी साधनहरुको मर्मतमा

रु.३,४०,३६७।०० खर्च गरेकोमा मर्मत आदेश फारम, मर्मत सम्पन्न फारम, मर्मत अभिलेख खाता तयार नगरी खर्च लेखेको पाइयो । तोकिएका फारामहरुको प्रयोग गरेको नदेखिएकोले मर्मत खर्चको यथार्थता परीक्षण गर्न सकिएन । मर्मतलाई मितव्ययी बनाउन तोकिएको ढाँचामा अभिलेखाङ्कन गरी अध्यावधिक गर्नुपर्नेतर्फ पालिकाको ध्यान दिनुपर्छ

५१ **शिक्षातर्फ**

५१.१ **अनुगमन नियमन व्यवस्था** - स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को दफा ११ अनुसार माध्यामिक तहसम्मका विद्यालय संचालन तथा व्यवस्थापनको लागि आवश्यक नीति निर्माण, अनुगमन मुल्यांकन तथा नियमन सम्बन्धि कार्य सम्बन्धित पालिकाले गर्ने व्यवस्था भएकोमा पालिकाले विद्यालय अनुगमन मापदण्ड तयार गरेको छैन। जसबाट विद्यालय अनुगमन कार्यका साथै शिक्षण सिकाई कार्य प्रभावकारी रुपमा संचालन हुन नसक्ने देखिएकोले मापदण्ड तयार गरी विद्यालय अनुगमन कार्यलाई प्रभावकारी रुपमा सञ्चालन गर्नेतर्फ ध्यान दिनुपर्दछ।

५१.२ **शैक्षिक गुणस्तर** - सामुदायिक विद्यालयकोशैक्षिक गुणस्तर सुधारको नीति तथा कार्यक्रम, २०७५ अनुसारसामुदायिक विद्यालयको शैक्षिक गुणस्तर सुधार नीति तथा कार्यक्रम कार्यान्वियन गर्दास्थानीय सरकारको अग्रणी भुमिका हुने व्यवस्था अनुरुप सामुदायिक विद्यालयको शैक्षिक गुणस्तर सुधारमार्फत नागरिकको छनौटको विद्यालयको रुपमा विकास गरी समाजमा सामुदायिक विद्यालयको ख्याति स्थापित गर्न स्थानिय तहले बाल विकास केन्द्रहरुको पुनर्वितरण तथा सञ्चालनमा सुधार, पाठ्यक्रम तथा पाठ्यसामग्रीमा समसममयिक सुधार, प्रधानाध्यापकहरुको व्यवस्थापकिय एवम् नेतृत्व क्षमता बढाउने, शिक्षक छनौट प्रक्रियामा सुधार, शिक्षक तालिम तथा पेसागत विकासलाई सुदृढिकरण, शिक्षक प्रशंसा तथा प्रोत्साहनको व्यवस्था गरी उत्प्रेणा अभिवृद्धि, शिक्षकको वृत्ति विकास प्रणालीमा परिवर्तन, विद्यार्थी मुल्याङ्कन प्रणालीमा सुधार, विद्यालय र नागरिकबीच सुमधुर सम्बन्ध, सहयोग र सहकार्य तथा प्राविधिक तथा व्यवसायिक शिक्षामा सुधार जस्ता कुराहरुलाई समेटि शैक्षिक गुणस्तर मापन मापदण्ड तयार गरी लागु गर्नुपर्नेमा सो सम्बन्धि कुनै पनि कार्य गरेको देखिएन। यसमा सुधारका लागि पालिकाको ध्यान जानुपर्दछ ।

५१.३ **पालिका शिक्षक अनुदान तलब** - अन्तरसरकारी वित्तीय व्यवस्थापन ऐन, २०७४ को दफा ९ मा स्थानीय तहलाई स्वीकृत दरबन्दी भित्रका शिक्षकलाई तलब भत्ता वापत सशर्त अनुदान उपलव्ध गराउने व्यवस्था छ। साविकको जिल्ला शिक्षा कार्यालयबाट अनुमति प्राप्त गरी सञ्चालन रहेका र कुनै दरबन्दी तथा राहत अनुदान कोटा प्राप्त नगरेका विद्यालयलाई एकमुष्ट अनुदान दिन सकिने व्यवस्था छ। तर पालिकाले स्वीकृत दरबन्दी बेगर एंव दरबन्दी मिलान नगरि समानिकरण अनुदानबाट १०९ शिक्षकलाई रू.१६४०९१३३।३३ तलब भत्ता भुक्तानी गरेको पाइयो। पालिकाले विद्यालय मर्ज तथा शिक्षक दरबन्दी मिलान गर्नुको साथै शिक्षक विद्यार्थी अनुपातलाई विश्लेषण गरी विद्यार्थी चाप बढी भएको विद्यालयमा शिक्षक दरबन्दी माग गरि विद्यालयको शैक्षिक गुणस्तर कायम राख्ने तर्फ ध्यान दिनुपर्दछ।

५१.४ **प्रति विद्यार्थी लागतका आधारमा अनुदान** - कार्यक्रम कार्यान्वियन पुस्तिका २०८१/८२ को क्रियाकलाप नम्बर २.७.१३.५० मा प्रति विद्यार्थी लागतका आधारमा सिकाई सामाग्री तथा डिजिटल सामाग्री व्यवस्थाका लागि विद्यालयलाई अनुदान कार्यक्रम अर्न्तगत विद्यालयलाई अनुदान निकासा पश्चात अनुदानको प्रगति प्रतिवेदन पेश गर्नु पर्ने व्यवस्था छ। यस वर्ष २२ वटा विद्यालयका १६३४ विद्यार्थिलाई रू.११७१।९८ प्रति विद्यार्थिका दरले जम्मा रू.१९१५०००।००निकासा भएकोमा अनुदान उपयोगको प्रगति प्रतिवेदन पेश भएको पाईएन। अत: कार्यक्रम कार्यान्वियन पुस्तिकाको पालना हुनुपर्दछ।

५१.५ **कार्य सम्पादनमा आधारित अनुदान** - कार्यक्रम कार्यान्वियन पुस्तिका २०८१/८२ अनुसार तोकिएको सुचकाङ्कका आधारमा उत्कृष्ट व्यवस्थापन भएका विद्यालयलाई सिकाई सुदृढिकरणका उच्चतम अङ्क प्राप्त गर्ने प्रथम र द्वितीय हुने विद्यालयलाई क्रमशः तीन लाख र दुई लाख अनुदान दिनेउल्लेख छ। पालिकाकोशिक्षा शाखाबाट विद्यालयको स्व-मुल्याङ्कनको आधारमा देहाएकाविद्यालयलाई रू.५०००००।०० अनुदान निकासा भएको देखियो। पालिकाले कार्यक्रम कार्यान्वियन पुस्तिकाको सबै व्यहोरा पालना गरीअनुदान दिनुपर्दछ।

| क्र.सं. | विद्यालयको नाम | अनुदानको प्रकार | रकम |
|---|---|---|---|
| १ | सरसस्वती आधारभुत विद्यालय, मरखोला | शैक्षिक गुणस्तर सुदृढीकरण एवम् कार्य सम्पादनमा आधारित अनुदान | ३०००००।०० |
| २ | छिपुलकेदार मा. वि., धंक | शैक्षिक गुणस्तर सुदृढीकरण एवम् कार्य सम्पादनमा आधारित अनुदान | २०००००।०० |
| | | | ५०००००।०० |

५१.६ **दिवा खाजा** - आर्थिक वर्ष २०८१/८२ को लागि शिक्षा, विज्ञान तथा प्रविधि मन्त्रालयबाट स्वीकृत कार्यक्रम पुस्तिका २०८१/८२ को अनुसूची ४(ख) मा ४ देखि १२ बर्ष उमेरका बालबालिकाका लागि दैनिक आवश्यक पर्ने वृहत र सुक्ष्म पोषक तत्वको मात्रा तोकिएको छ। त्यसै गरि उक्त अनुसूचीले दिवा खाजा व्यवस्थापन सम्बन्धमा दिवा खाजाका लागि स्थानीय स्तरमा उत्पादन हुने खाद्यान्न प्रयोग गरी विद्यालयमा दिवा खाजा तयार गरी विद्यार्थीलाई उपलब्ध गराउने, विद्यालय व्यवस्थापन समितिले अभिभावक आमा समूह मार्फत खाजा व्यवस्थापनको प्रत्यक्ष रेखदेख तथा अनुगमनको व्यवस्था मिलाउन सक्ने र दिवा खाजाका लागि विद्यार्थीलाई नगद उपलब्ध नगराउने उल्लेख छ। पालिकामा विश्व खाद्य कार्यक्रम मार्फत स्थानीय स्तरमा उत्पादन हुने खाद्यान्न उपलब्ध गराउने तथा सो को ढुवानी पालिकाले बेहोर्ने गरेको पाइयो। पालिकाले शसर्त अननुदानबाट कुल २२ विद्यालयका लागि खाजा ढुवानी वापत रू.१६०२०१।०० विद्यालयको खातामा निकासा गरेको पाइयो।निकासा गरेको रकमको सदुपयोग भए नभएको र विद्यार्थीहरुले तोकिए बमोजिमका पौष्टिकयुक्त खानेकुरा पाए नपाएको सम्बन्धमा पालिका र अन्य कुनै सम्बन्धित निकायबाट अनुगमन गरी यससँग सम्बन्धित निकायले सहि सदुपयोगको सुनिश्चितता गर्नुपर्दछ।

५१.७ **अनुदानको अनुगमन** - शिक्षा तथा मानव स्रोत विकास केन्द्र द्वारा जारी कार्यक्रम कार्यान्वयन पुस्तिका, २०८१।८२ मा भएको व्यवस्था अनुसार स्थानीय तहले अनुदान प्राप्त विद्यालयले निर्धारित मापदण्ड र प्रक्रीया अनुरुप गरे नगरेको नियमित रुपमा अनुगमन गरी सोको एक प्रति प्रतिवेदन शिक्षा तथा मावन स्रोत विकास केन्द्रमा पठाउनु पर्ने व्यवस्था छ। पालिकाले अन्तर्गतका विद्यालयहरुलाई यो वर्ष निम्नानुसार रू. अनुदान निकासा गरेकोमा उल्लिखित व्यवस्था अनुसार नियमित अनुगमन गर्ने तथा प्रतिवेदन दिने गरेको देखिएन। कार्यक्रम कार्यान्वयन पुस्तिकामा उल्लिखित व्यवस्था अनुसार नियमित अनुगमन हुनुपर्दछ।

| क्र स | विद्यालयलाई अनुदान | विद्यालय संख्या | निकासा रकम | खर्च रकम |
|---|---|---|---|---|
| १ | आधारभूत शिक्षक तलव भत्ता अनुदान | १८ | ३९३३००१० | ३९३३००१० |
| २ | माध्यमिक शिक्षक तलव भत्ता अनुदान | ४ | १११६५५२८ | १११६५५२८ |
| ३ | प्रारम्भिक वाल विकास र विद्यालय कर्मचारी अनुदान | १२, २९ | ५२७२००० | ५२७२००० |
| ४ | पुर्ति विद्यार्थी लागत अनुदान | २२ | १९१५००० | १९१५००० |
| ५ | पाठ्यपुस्तक अनुदान | २२ | ८२३१७७ | ८२३१७७ |
| ६ | छात्रवृत्ति अनुदान | २२ | १६२४०० | १६२४०० |
| ७ | पुस्कतकालय तथा आइसिटी अनुदान | ० | ० | ० |
| ८ | विज्ञान प्रयोगशाला अनुदान | ० | ० | ० |
| ९ | कार्य सम्पादनमा आधारित अनुदान | २ | ५००००० | ५००००० |
| ११ | अङ्ग्रेजी गणित विज्ञान शिक्षक अनुदान | ७ | ६४६९६१६ | ६४६९६१६ |
| १२ | विद्यालय संचालन तथा व्यवस्थापन अनुदान | २२ | १४९३००० | १४९३००० |
| १७ | दिवा खाजा खर्च अनुदान | २२ | १६०२०१ | १६०२०१ |
| जम्मा | | | ६७२९०९३२ | ६७२९०९३२ |

५१.८ **शिक्षक विद्यार्थी अनुपात** - स्थानीय तहमा रहेका सामुदायिक विद्यालयहरुमा दरबन्दी अनुसार शिक्षकको पदपूर्ति भई नियमित पठनपाठनको व्यवस्था हुनुपर्दछ । विद्यालय समायोजन कार्यान्वयन निर्देशिका, २०७० ले न्यून विद्यार्थी भएका विद्यालयलाई जिल्ला शिक्षा समन्वय अधिकारीको सिफारिसमा जिल्ला शिक्षा समितिलेबन्द गरी अर्को पायक पर्ने विद्यालयमा नियमानुसार समायोजन गर्न सक्ने उल्लेख छ। निर्देशिकाको बुदाँ नं. १४.१ मा विद्यालय समायोजन सम्बन्धी कार्यक्रम कार्यान्वियनका लागि विद्यालयको तथ्याङ्क संकलन गरी सम्भाव्यता अध्ययन गर्नुपर्ने व्यवस्था छ। पालिकाअर्न्तगत रहेका २२ सामुदायिक विद्यालयको प्राप्त विवरण अनुसार शिक्षक विद्यार्थी अनुपात निम्नानुसार रहेको छ।

यस पालिकामा रहेका विद्यालयमध्ये शिक्षक विद्यार्थी अनुपात १:६ देखि १:१९ सम्म रहेको प्राप्त विवरणबाट देखिन्छ। सो अनुसार कतिपय विद्यालयमा शिक्षक दरबन्दी न्यून अवस्थामा रहेको र कतिपयमा न्यून विद्यार्थी संख्या रहेका कारण प्रति विद्यार्थी लागत बढ्न गरेको अवश्था देखिन्छ । अत: न्यून विद्यार्थी संख्या भएको विद्यालय समायोजन एवं शिक्षक दरबन्दी मिलान गरी पठनपाठन व्यवस्थित गर्न सम्बन्धित निकायले ध्यान दिनुपर्दछ ।

**(विस्तृत विवरण बेरूजु दफा ५१.८ सँग सम्बन्धित अनुसूचीमा संलग्न छ ।)**

५१.९ **शिक्षक दरवन्दी र पदपूर्ति** - स्थानीय तह अन्तर्गत रहेका सामुदायिक विद्यालयहरुमा दरबन्दी अनुसार शिक्षकको पदपूर्ति भई नियमित पठनपाठनको व्यवस्था हुनुपर्दछ। पालिका अन्तर्गत विभिन्न तहका २२ वटा सामुदायिक विद्यालयमा ८० शिक्षक दरवन्दी रहेकोमा ८० शिक्षकको पदपूर्ति रहेको छ । शिक्षा नियमावली, २०५९ को नियम ७७ को उपनियम (१) मा सामुदायिक विद्यालयको प्रत्येक कक्षामा सामान्यतया उपत्यका तथा तराई, पहाडी र हिमाली क्षेत्रमा क्रमश: ५०, ४५ र ४० विद्यार्थी हुनुपर्ने व्यवस्था छ। सोही नियमावलीको नियम १२क. मा अधिकांश कक्षामा नियम ७७ बमोजिमको विद्यार्थी संख्या नभएकोमा विद्यालय गाभ्न सक्ने व्यवस्था छ । पालिकाका स्थित २२ वटा सामुदायिक विद्यालयमा १८९ शिक्षक तथा १६३४ जना विद्यार्थी रहेका छन । पालिकाले न्यून विद्यार्थी भएका विद्यालय अन्य विद्यालयमा गाभ्ने वा अन्य प्रकृया संचालन गरी शिक्षक विद्यार्थीको अनुपात मिलाउनुपर्दछ ।

५१.१० **सामुदायिक सिकाई केन्द्र** - कार्यक्रम कार्यान्वयन पुस्तिका २०८१/८२ को ६.७ मा स्थानीय तहको शिक्षा शाखाले नियमित रुपमा सञ्चालनमा रहेका सामुदायिक सिकाई केन्द्रको स्थलगत निरिक्षण गरी वार्षिक साधारण सभा भएको, विद्यान बमोजिम पदाधिकारीको निर्वाचन भएको, साधारणसभाबाट बजेट र कार्यक्रम प्राप्त गरेको गत आर्थिक वर्षको खर्च स्वीकृत गरेको र लेखापरीक्षण गरी प्रतिवेदन पेश गरेको लगायतको मापदण्ड पुरा गरेका सामुदायिक केन्द्रहरुलाई एकमुष्ट रू.३,००,०००।०० अनुदान उपलब्ध गराउने उल्लेख छ। शैक्षिक पहुँचमा सुनिश्चितता, अनौपचारीक तथा वैकल्पिक शिक्षा कार्यक्रम अर्न्तगत सामुहिक सिकाई केन्द्र संचालनवापत निम्न सिकाई केन्द्रलाई संचालन अनुदान रू. ५,२४,३५३।३२ निकासा भएको देखियो। उक्त केन्द्रलाई निकासा भएको अनुदान पारिश्रमिकका लागि खर्च भएको पाइयो । सिकाई केन्द्रको कर्मचारीले मापदण्ड अनुसार कार्य गरेको उपलब्धि खुल्ने प्रगति प्रतिवेदन पेश गरेको देखिएन । अत: अनुदान उपयोगको मापदण्ड अनुरुप भएको अनुगमन गर्नुपर्दछ।

| क्र स | गोभौ र मिति | सिकाई केन्द्रको नाम | रकम |
|---|---|---|---|
| १. | २१८।०८।०३।२३ | श्री कपिल हिमाल सामुदायकि सिकाई केन्द्र अपिहिमाल-४, दार्चुला | २९७०२०।०० |
| २. | | श्री सानो पाईला सामुदायिक सिकाई केन्द्र अपिहिमाल-३, दार्चुला | ११३६६६।६६ |
| ३. | | श्री श्रीअपिहिमाल सामुदायिक सिकाई केन्द्र अपिहिमाल-१, दार्चुला | ११३६६६।६६ |
| | | जम्मा | ५२४३५३।३२ |

५१.११ **स्यानिटरी प्याड** - स्यानिटरी प्याड (वितरण तथा व्यवस्थापन) कार्यविधि,२०७६ को दफा ४ मा पालिकाले खरिद गरेको स्यानिटरी प्याड गुणस्तरमा कमी नआउने गरी भण्डारण गर्नुपर्ने उल्लेख छ। साथै दफा ५ मा स्यानिटरी प्याड त्रैमासिक, चौमासिक वा अर्धवार्षिक रुपमा वितरण गर्न सकिने उल्लेख छ। पालिकाका भित्रका सामुदायिक विद्यालयहरुमा कक्षा ६ भन्दा माथिका ३४२ छात्रा विद्यार्थीहरुको

लागि पालिकाले श्री जानकी रुबी ट्रेडर्स एण्ड सप्लायर्स बाट गो भौ १८४।०८२।०३।१६ मा ६००० प्याकेट रू.४,१२,४५०।०० तथा गोभौ २०३।-८२।०३।२२ मा १०९३ प्याकेट रू.७४१०५ समेत गरी ७०९३ प्याकेट स्यानिटरी प्याड रू.४,८६,५५५।०० (मु अ कर समेत) मा खरिद गरेको छ। पालिकाले गत विगतको खपतलाई आधार मानी समयमै उचित परिमाणमा खरिद गर्नुपर्नेमा वर्षान्तमा खरिद गरि मौज्दातमा राखेको देखिन्छ। खरिद गरिएका प्याडहरु भण्डारण गर्दा गुणस्तरमा कमी नआउने गरी सुरक्षित रुपमा राख्नुपर्दछ। तसर्थः पालिकाले आवश्यकताको पहिचान गरी आवश्यक परिमाण तोकिएको Specification अनुसार प्याड खरिद गर्नुपर्दछ।

५१.१२ **प्रति विद्यार्थी लागत** - विद्यालय समायोजन कार्यान्वयन निर्देशिका, २०७० ले न्यून विद्यार्थी भएका विद्यालयलाई जिल्ला शिक्षा समन्वय अधिकारीको सिफारिसमा जिल्ला शिक्षा समितिले बन्द गरी अर्को पायक पर्ने विद्यालयमा नियमानुसार समायोजन गर्न सक्ने उल्लेख छ । निर्देशिकाको बुँदा नं १४.१ मा विद्यालय समायोजनसम्बन्धी कार्यक्रम कार्यान्वयनका लागि विद्यालयको तथ्याङ्क संकलन गरी सम्भाव्यअध्ययन गर्नुपर्ने व्यवस्था छ । पालिका अन्तर्गत रहेका २२ सामुदायिकविद्यालयबाट प्राप्त विवरण अनुसार विद्यालयलाई भएको कूल निकासाको आधारमा प्रति विद्यार्थीलागतको विवरण निम्नानुसार छन । पालिकाबाट प्राप्त विवरण अनुसार पालिका अन्तर्गतका निम्नानुसार २२ सामुदायिक विद्यालय (वाल विकास केन्द्र समेत) लाई यो वर्ष कूल रू. ८३९०६००९।९४ (पालिका अनुदान समेत) चालु खर्चको लागि भएकोनिकासाको आधारमा प्रति विद्यार्थी लागत निम्नानुसार देखियो। प्राप्त विवरण अनुसार श्री महादेव आधारभुत विद्यालय ल्वाथी मा प्रति विद्यार्थी लागत सबै भन्दा धेरै रू.१०७७७३।०० र श्री भवानी आधारभुत विद्यालय सौगन्ना मा सबै भन्दा कम रू.३३६१८।०० देखिएको छ । प्रति विद्यार्थी लागतमा अस्वभाविक भिन्नता देखिनु मनासिव देखिदैन । अस्वभाविकप्रति विद्यार्थी लागत भएको विद्यालयलाई अन्य विद्यालयहरुमा समायोजन गर्न आवश्यक अध्ययन गर्नुपर्दछ ।

**(विस्तृत विवरण बेरूजु दफा ५१.१२ सँग सम्बन्धित अनुसूचीमा संलग्न छ ।)**

५१.१३ **पाठ्यपुस्तक** - कार्यक्रम कार्यान्वयनपुस्तिका २०८१।८२ को क्रियाकलाप नं. २.४.६.१. मा सार्वजनिक विद्यालयमा कक्षा १ देखि १२ सम्म अध्ययनरत विद्यार्थीका लागि निःशुल्क पाठ्यपुस्तक अनुदान दिने व्यवस्था छ । यसरी अनुदान उपलब्ध गराउँदा IEMIS मा प्रविष्टतथ्याङ्कलाई स्थानीय तह अन्तर्गत सञ्चालित सामुदायिक विद्यालयमा कक्षा १-१२ सम्मका विद्यार्थीको यथार्थ तथ्याङ्कसँग सत्यापन गराई सत्यापित विवरण शिक्षाअधिकृतबाट प्रमाणित गरी सोका आधारमा आवश्यक कक्षागत र विषयगत पाठ्यपुस्तकको संख्यायकिन गर्ने, यकिन भएका विद्यार्थी संख्याका लागि स्वीकृतदररेटका आधारमा हिसाव गरी अनुदान उपलब्ध गराउने, विद्यार्थीहरुले शैक्षिक सत्रको सुरुवात मै पूरा सेटमा नयाँ पाठ्यपुस्तकपाए नपाएको अनुगमन गरी उपलब्धताको सुनिश्चितता गर्ने कार्य स्थानीय तहको हुने, जिल्ला तथा स्थानीय तहले पाठ्यपुस्तक समयमा उपलब्धता, अनुदानबाट नयाँ पाठ्यपुस्तक खरिद गरी विद्यार्थीलाई वितरण गरे नगरेकोसम्बन्धमा संयन्त्र बनाई आवश्यक अनुगमनको व्यवस्था मिलाउने लगायतका व्यवस्था छ ।पालिकाले यस आ.व.माIEMIS मा प्रविष्टतथ्याङ्क र विद्यालयमा अध्ययनरत विद्यार्थीको यथार्थ तथ्यांकसँग सत्यापन नगराईIEMIS मा देखिएको शैत्रिक सत्र २०८१ को तथ्याङ्कलाई आधार मानी २२ सामुदायिकविद्यालयतर्फका कक्षा १ देखि १२ सम्मका विद्यार्थीको लागि रू.८२३१७७।०० अनुदान दिएको छ । पालिकाले विद्यालयहरुले समयमा नै पूरा सेटमा नयाँ पाठ्यपुस्तक खरिद गरीविद्यार्थीहरुलाई बितरण गरे नगरेको सम्बन्धमा अनुगमनगरेको देखिएन । विद्यालयमा अध्ययनरतविद्यार्थीको यथार्थ तथ्यांकसँग सत्यापन गराई अनुदान दिनुपर्दछ र खर्चको सुनिश्चितताकोलागि आवश्यक संयन्त्र बनाइ अनुगमन गरिनुपर्दछ ।

५१.१४ **छात्रवृत्ति सहायता सार्वजनिकिकरण** - नेपालको संविधानको अनुसूची ८ अनुसार आधारभूत र माध्यमिक शिक्षा स्थानीय तहको अधिकारको सूची अन्तर्गत रहेको देखिन्छ । अनिवार्य तथा निःशुल्क शिक्षा सम्बन्धी ऐन, २०७५ को दफा २७ मा निजी लगानीका विद्यालयले प्रारम्भिक बालविकास तथा शिक्षा देखि बाह्र कक्षा सम्मका कूल विद्यार्थी संख्या अनुसार पांचसय जनासम्म, पांचसय देखि आठसय जनासम्म र आठसय भन्दा बढी विद्यार्थी संख्या भएका विद्यालयले क्रमशः कम्तीमा दश, बाह्र र पन्ध्र प्रतिशत विद्यार्थीलाई निःशुल्क शिक्षा प्रदान गर्न स्थान आरक्षण गर्नुपर्ने व्यवस्था छ । शिक्षा नियमावली, २०५९ को नियम १५१ मा संस्थागत विद्यालयले गरीव, अपाङ्ग , महिला, दलित र जनजाति विद्यार्थीलाई छात्रवृत्ति उपलब्ध गराउनुपर्ने व्यवस्था छ । यसर्थ पालिकाले आफ्नो क्षेत्रका

विद्यालयको अनुगमन गरी यस्ता छात्रवृत्ति कार्यक्रमको कार्यान्वयनको पारदर्शिता र जवाफदेहिता प्रवर्धनको लागी यसरी छात्रवृत्ति पाउने विद्यार्थीको नाम, ठेगाना र रकम पालिकाको र सम्वन्धित विद्यालयको वेभसाइटबाट सार्वजनिकरण गर्नु गराउनुपर्दछ ।

५१.१५ **विपन्न लक्षित छात्रवृत्ति** - शिक्षा तथा मानव श्रोत विकास केन्द्रले आर्थिक वर्ष २०८१।८२ को लागि जारी गरेको कार्यक्रम कार्यान्वयन पुस्तिकाको क्रियाकलाप नं. २.३.१६ मा सार्वजनिक विद्यालयमा अध्ययनरत विद्यार्थीहरुको लागि विभिन्न आधारमा छात्रवृत्तिको दर निर्धारण गरेको छ । त्यसैगरी IEMIS मा प्रविष्ट तथ्याङ्कलाई सम्बन्धित विद्यालयबाट कक्षागत विद्यार्थीहरुको यथार्थ तथ्याङ्कसँग सत्यापन गराई शिक्षा अधिकृतबाट प्रमाणित गरी सोका आधारमा विद्यार्थीहरुलाई रकम निकासा गर्नुपर्ने व्यवस्था छ। पालिकाले यो वर्ष निम्नानुसार ३३ विद्यालयहरुलाई छात्रवृत्तिवापतको रू.६,०००।०० का दरले रू.१,६२,४००।०० निकासा गरेको छ। छात्रवृत्ति रकमको यथार्थ उपयोग सम्बन्धमा पालिकाबाट आवश्यक अनुगमन हुनुपर्दछ ।

५१.१६ **छात्रवृत्ति** - शिक्षा तथा मानव श्रोत विकास केन्द्रले आर्थिक वर्ष २०८१।८२ को लागि जारी गरेको कार्यक्रम कार्यान्वयन पुस्तिकाको क्रियाकलाप नं. २.७.११.१ मा सार्वजनिक विद्यालयमा अध्ययनरत विद्यार्थीहरुको लागि विभिन्न आधारमा छात्रवृत्तिको दर निर्धारण गरेको छ । त्यसैगरी IEMIS मा प्रविष्ट तथ्याङ्कलाई सम्बन्धित विद्यालयबाट कक्षागत विद्यार्थीहरुको यथार्थ तथ्याङ्क सँग सत्यापन गराई शिक्षा अधिकृतबाट प्रमाणित गरी सोका आधारमा विद्यालयहरुलाई रकम निकासा गर्नुपर्ने व्यवस्था छ । पालिकाले यो वर्ष निम्नानुसार २२ विद्यालयहरुलाई छात्रवृत्ति वापतको रू.१,६२,४००।०० निकासा गरेको छ। छात्रवृत्ति रकमको यथार्थ उपयोग सम्बन्धमा पालिकाबाट आवश्यक अनुगमन हुनुपर्दछ ।

५१.१७ **अनुदानको अनुगमन** - कार्यक्रम कार्यान्वयन पुस्तिका २०८१।८२ को क्रियाकलाप नं २.७.१३.१० मा विद्यालय सञ्चालन तथा व्यवस्थापन अनुदान अन्तर्गत विद्यालयहरुमा इन्टरनेटको शुल्क वापत आधारभूत तह सञ्चालित विद्यालयहरुलाई रु.१०,०००।०० र माध्यमिक तह सञ्चालित विद्यालयहरुलाई रु.१५,०००।०० अनुदान दिने व्यवस्था छ । पालिकाअन्तर्गत सञ्चालित २२ वटा सामुदायिक विद्यालयहरुलाई इन्टरनेट शुल्कका लागि रु.३,०८,०००।०० अनुदान रकम निकासा दिएको देखियो। उपलब्ध अनुदानबाट विद्यालयहरुले इन्टरनेट जडान गरेको तथा सो को शुल्क तिरेको विल भरपाई पालिकामा पेश गर्दा फोन नम्बरमा भुक्तानी गरेको पेश गरेका छन । पालिकाले विद्यलयबाट आधिकारिक विल प्राप्त गरी जडान गरेको तथा कार्यान्वयनमा आए नआएको सम्बन्धमा अनुगमन हुनुपर्दछ।

५२ **विद्यालयको सामाजिक तथा आर्थिक लेखापरीक्षण** (३९-2081-07-26):

कार्यक्रम कार्यान्वयन पुस्तिका २०८१।८२ को क्रियाकलाप नं २.७.१३.१० मा विद्यालय सञ्चालन तथा व्यवस्थापन अनुदान अन्तर्गत विद्यालयहरुको सामाजिक परीक्षण तथा आर्थिक लेखापरीक्षण गराउनको लागि आधारभूत तह सञ्चालित विद्यालयहरुलाई रु.१०,०००।०० र माध्यमिक तह सञ्चालित विद्यालयहरुलाई रु.१५,०००।०० अनुदान दिने व्यवस्था छ । पालिका अन्तर्गत सञ्चालित २२ वटा सामुदायिक विद्यालयहरुलाई सामाजिक परीक्षण तथा आर्थिक लेखापरीक्षण गराउनको लागि रु.२४००००।०० अनुदान रकम निकासा दिएको देखियो । उपलब्ध अनुदानबाट विद्यालयहरुले यस वर्षको आर्थिक लेखापरीक्षण गराई प्रतिवेदन पालिकामा पेश गरेको छैन। पालिकाले विद्यलयबाट प्रतिवेदन प्राप्त गरी लेखापरीक्षण प्रतिवेदनमा उल्लेख भएका सुझाव विद्यालयले कार्यान्वयनमा ल्याए नल्याएको सम्बन्धमा अनुगमन हुनुपर्दछ।

५३ **स्वास्थ्यतर्फ**

५३.१ **औषधी खरिद** - पालिकाकालाई आवश्यक पर्ने औषधी पालिकाबाट खरिद गर्नुपर्ने र तालुक निकायबाट प्राप्त हुने परिमाण एकिन गरी वार्षिक आवश्यकताको परिणाम तयार गरी पुल सिस्टमको आधारमा आपूर्ति व्यवस्थापन गर्नुपर्दछ। यसवर्ष पालिकाले देहायका फर्मसँग विभिन्न मितिमा रू.१३४२१८४।०० को औषधी सोझौ खरिद गरेको देखिन्छ।

| खरिद मिति | गोभौ/मिति | औषधि आपूर्तीकर्ताको नाम | रकम |
|---|---|---|---|
| २०८१।११।२८ | १००, १०४, २२१।०८२।०३।२४ समेत | रौलाकेदार मेडिसिन सप्लायर्स | ९४८६६४।०० |
| २०८१।०८।१९ | ४२।०८१।०८।१९ | कुन्दकेश्वर आयुर्वेद फार्मेसी | ३९३५२०।०० |
| जम्मा रू. | | | १३४२१८४।०० |

आपूर्ति हुने औषधी वा अन्य सामानमा उत्पादन मिति, म्याद सकिने मिति, ब्याच नं., उत्पादक कम्पनीको नाम र नि:शुल्क वितरणको लागि लगायतका सूचना उल्लेख रहेको हुनुपर्दछ। आपूर्ति भएका औषधीको म्याद सकिने मिति भण्डार दाखिला समयदेखि औषधि Self life को कम्तिमा ३/४ भाग अवधि बाँकी हुनुपर्ने तथा भण्डारमा दाखिला गर्दा समेत उल्लिखित सबै विवरण खुलाउनुपर्दछ । अत: पालिकाले औषधी खरिद, उपयोग र मौज्दातको अवस्था यकिन गरी औषधी खरिदलाई व्यवस्थित बनाउनुपर्दछ। साथै खरिद गरिएका औषधी निर्धारित म्यादको नहुँदा जनस्वास्थ्यमा पर्ने प्रतिकुल प्रभावप्रति पालिकाले ध्यान दिनुपर्ने देखिन्छ।

५३.२ **स्वास्थ्य कार्यक्रम सञ्चालन** - स्वास्थ्य तथा जनसंख्या मन्त्रालयले आर्थिक बर्ष २०८१/८२ मा सशर्त अनुदानतर्फ स्थानीय तहबाट कार्यान्वयन गरिने स्वास्थ्य तथा जनसङ्ख्या सम्बन्धी कार्यक्रमका लागि जारी सञ्चालन मार्गदर्शनले उपचारात्मक सेवा, नर्सिङ तथा सामाजिक सुरक्षा व्यवस्थापन, क्षयरोग नियन्त्रण, स्वास्थ्य शिक्षा, सूचना तथा संचार, परिवार कल्याण, इपियोडिमिलोजी तथा रोग नियन्त्रण लगायतका आधारभुत स्वास्थ्य सम्वन्धी विविध कार्यक्रमहरु पालिकाबाट सञ्चालन हुने व्यवस्था गरेको छ । साथै यसरी कार्यान्वयन गर्दा कार्यक्रमको नियमित अनुगमन गरी सोको प्रतिवेदन गर्नुपर्ने उल्लेख छ । पालिकाले यो वर्ष स्वास्थ्यसँग सम्बन्धित निम्नानुसार कार्य गरेकोमा मार्गदर्शनले निर्देशित गरे बमोजिम अनुगमन, मुल्याङ्कन तथा नियमित प्रतिवेदन भएको पनि देखिदैन। कार्याविधि अनुसार नियमित अनुगमन गरी कार्यक्रमको प्रभावकारिता अभिवृद्धि गर्नुपर्दछ ।

| सि.न. | कार्यक्रमको नाम | बजेट (रू.) | **खर्च (रू.)** |
|---|---|---|---|
| १ | मातृ तथानव शिशु अन्तर्गत अल्ट्रा साउण्ड कार्यक्रम | १००००० | १००००० |
| २ | मातृ तथानव शिशु अन्तर्गत PNC home visit | ३०९००० | २७४७८० |
| ३ | क्षयरोगकार्यक्रम अन्तर्गतसमुदायमा क्षयरोग खोजपड्ताल | ८७००० | ८७००० |
| ४ | नियमित खोपकार्यक्रम अन्तर्गत पूर्णखोप सुनिस्चता एबं दिगोपना | २२४००० | २२१६६० |
| ५ | आमासुरक्षा कार्यक्रम अन्तरगत उत्प्रेरणाप्रोत्साहन , न्यानोझोलाखरिद तथा गर्भपतन | ७६७००० | ७५२९९६ |
| ६ | चार कडारोगमृगौला प्रत्यारोपण,डाइलाइसिसक्यान्सर र मेरुदण्ड पक्षघातबिरामी लाई औषधि उपचार खर्च बाफत मासिक ५ हजार | ४९०००० | ४९०००० |
| | जम्मा रू. | १९७७००० | १९२६४३६ |

५३.३ **दिर्घ रोग उपचार खर्च** - मृगौला प्रत्यारोपण गरेका डायलाइसिस गरिरहेका क्यान्सर रोगी र मेरुदण्ड पक्षाघातका बिरामीलाई औषधी उपचारबापत खर्च उपलव्ध गराउने सम्बन्धी कार्यविधि, २०७८ को बुँदा नं. ४ मा नेपाल सरकारले तोकेको मासिक पाँच हजार रुपियाँको दरले यस कार्यविधिमा तोकिएका ४ प्रकारका कडा रोगीहरुको बैङ्क खातामा जम्मा गरिने तर नेपाल सरकार वा नेपाल सरकारको पूर्ण वा आधिकांश स्वामित्व भएका संस्थाबाट रोजगारी वा पेन्सन वा विदेशी सरकारबाट रोजगारी वा पेन्सन प्राप्त गरिरहेका व्यक्तिलाई यस निर्देशिका बमोजिमको सुविधा प्रदान नगरिने उल्लेख छ । त्यसै गरी बुदाँ नं. ८ मा मन्त्रालय र प्रदेश सरकारको स्वास्थ्य हेर्ने मन्त्रालयले उपचार खर्च सम्बन्धी कार्यको नियमित अनुगमन तथा निरीक्षण गर्न सक्ने व्यवस्था छ। यो वर्ष पालिकाबाट उल्लिखित ४ प्रकारका ८ रोगीहरुलाई १२ महिनाको रू.४८००००।०० तथा १ रोगीलाई २ महिनाको रू.१००००।०० गरी रू.४९००००।०० उपचार खर्च भुक्तानी भएको छ। उक्त लाभग्राहीले प्राप्त गरिरहेका उपचारको खर्चको सम्बन्धमा कार्यविधिको बुँदा नं. ८ बमोजिम

अनुगमन भएको अभिलेख देखिएन जसले गर्दा बुँदा नं. ४ बमोजिम यस्तो सुविधा पाउने या नपाउने सम्बन्धी परीक्षण गर्न सकिएन। कार्यविधि बमोजिम सम्बन्धित निकायहरुले अनुगमन गर्नुपर्दछ।

५३.४ **न्यानो झोला कार्यक्रम** - स्वास्थ्य तथा जनसंख्या मन्त्रालयबाट जारी गरेको आर्थिक वर्ष २०८१।८२ मा सशर्त अनुदानतर्फ स्थानीय तहबाट सञ्चालन गरिने कार्यक्रमहरुको मार्गदर्शनमा प्रसुतिका आधारमा अनुमान गरी न्यानो झोलाको लागि अस्पतालहरूले सार्वजनिक खरिद ऐन र नियमावली अनुसार तोकिएको स्पेशिफिकेशन अनुसार खरिद गरी सो अनुसार गुणस्तर भए नभएको आधिकारिक तहबाट गुणस्तर परीक्षण गर्नुपर्ने व्यवस्था छ। पालिकामा गतवर्ष ८५ थान मौज्दात रहेकोमा यो वर्ष कुनै पनि खरिद गरेको छैन । यो वर्ष ५१ जना प्रसुती भएको अभिलेखबाट देखिन्छ। पालिकाको भण्डारमा खरिद गरिएका ३४ थान न्यानो झोला मौज्दातमा रहेका छन् । मौज्दात रहेका झोलाहरु विगत २४ महिनादेखि भण्डारण रहेका छन । लामो समयसम्म भण्डारण गर्दा सोको गुणस्तरमा ह्रास आउने हुनाले त्यसतर्फ समेत पालिकाले ध्यान दिनुपर्दछ।

५४ **सामाजिक सुरक्षातर्फ**

गाँउपालिकाले यस आर्थिक वर्ष २०८१।०८२ मा सामाजिक सुरक्षा भत्ता वापत माछापुच्छ्रे बैँकबाट जम्मा रु.२,४९,१९,०८०।०० वितरण गरेको विवरण उपलब्ध गराएको छ।यस सम्बन्धमा देखिएका व्यहोरा निम्न छन्:

५४.१ **वर्गगत सामाजिक सुरक्षा खर्च** - सामाजिक सुरक्षा कार्यक्रम संचालन कार्यविधी, २०७७ अनुसार सामाजिक सुरक्षा भत्ता वितरण गर्नुपर्ने व्यवस्था छ। यस सम्वन्धमा देखिएका व्यहोरा देहाय बमोजिम छन। पालिकाले यस आर्थिक वर्षमा सामाजिक सुरक्षा भत्ता मा यस बर्षमा माछापुच्छ्रे बैँकबाट जम्मा रू.२४९१९०८०।०० वितरण गरेको विवरण उपलब्ध गराएकोमा वर्गगत सामाजिक सुरक्षा भत्ता वितरणको विवरण निम्नानुसार छः

| सामाजिक सुरक्षा भत्ता पाउने समुह | कायम संङ्ख्या | वितरण गरेको संङ्ख्या | वितरण गरेको रकम |
|---|---|---|---|
| अन्य ज्येष्ठ नागरिक भत्ता | १५७७ | १५७७ | १८७३०२२३ |
| ज्येष्ठ नागरिक भत्ता (दलित) | ३२ | ३२ | २५५३६० |
| ज्येष्ठ एकल महिला | ११० | १०९ | ८७७८०० |
| विधवा | ३९५ | ३९५ | ३१२२८४० |
| पुर्ण अपाङ्ग भत्ता | ३७ | ३७ | ४३४९१० |
| अति अशक्त अपाङ्गता भत्ता | २०५ | २०५ | १३०९३३८ |
| दलित बालबालिका | १२१ | १२१ | १८८६०९ |
| जम्मा | २४७७ | २४७६ | २४९१९०८० |

५४.२ **त्रैमासिक वितरण** - सामाजिक सुरक्षा भत्ता वितरण कार्यविधि, २०७७ को परिच्छेद ५ मा सामाजिक सुरक्षा भत्ता वितरण बैङ्कमार्फत गर्नुपर्ने व्यवस्था छ। यस पालिकामा सामाजिक सुरक्षा कार्यक्रम सञ्चालन तर्फ ६ वडाका लाभग्राहीको खातामा भत्ता रकम जम्मा गर्न माछापुच्छ्रे बैंकमार्फत प्रथम त्रैमासिकमा रू.६२,२३,६९३।०० दोस्रो त्रैमासिकमा रू.६२,२९,८२८।०० तेस्रो त्रैमासिकमा रू.६१,९५,१४७।०० र चौथो त्रैमासिकमा रू.६२,६४,०२९।०० समेत रू.२,४९,१२,६९७।०० निकासा गरेको छ। यस सम्बन्धमा देखिएका व्यहोरा निम्नानुसार छन् ।

| वडा नं. | प्रथम त्रैमासिक | दोस्रो त्रैमासिक | तेस्रो त्रैमासिक | चौथो त्रैमासिक | जम्मा खर्च |
|---|---|---|---|---|---|
| १ | ५९८९६२ | ५९८९६२ | ५९८९६२ | ५९३६२२ | २३९०५०८ |
| २ | ९५९२५९ | ९५०५९२ | ९३०१७८ | ९१८३३६ | ३७५८३६५ |
| ३ | १६३२९६२ | १६२७७५० | १६१५२५० | १६२४२४७ | ६५००२०९ |
| ४ | १४०५४८३ | १४१२८३२ | १४०७९४६ | १४३०८३० | ५६५७०९१ |
| ५ | ४६४४७५ | ४८०७४० | ४८०३७८ | ४९७४८४ | १९२३०७७ |
| ६ | ११६२५५२ | ११५८९५२ | ११६२४३३ | ११९९५१० | ४३८३४४७ |
| जम्मा | ६२२३६९३ | ६२२९८२८ | ६१९५१४७ | ६२६४०२९ | २४९१२६९७ |

५४.३ **मृतकको खातामा भत्ता निकासा** -

( ✂ ….. कार्यालयले बेरुजु फर्स्यौट गरी पेश गरेको मनासिब देखिएकोले मिति **२०८३-१-३** को निर्णयले रू **३३,६००** सम्परीक्षण गरी लगत कट्टी गरिएको ।)

( ✂ ….. कार्यालयले बेरुजु फर्स्यौट गरी पेश गरेको मनासिब देखिएकोले मिति **२०८३-१-३** को निर्णयले रू **२३,२००** सम्परीक्षण गरी लगत कट्टी गरिएको ।)

( ✂ ….. कार्यालयले बेरुजु फर्स्यौट गरी पेश गरेको मनासिब देखिएकोले मिति **२०८३-१-३** को निर्णयले रू **२३,७३३** सम्परीक्षण गरी लगत कट्टी गरिएको ।)

( ✂ ….. कार्यालयले बेरुजु फर्स्यौट गरी पेश गरेको मनासिब देखिएकोले मिति **२०८३-१-३** को निर्णयले रू **१७,४६६.६६** सम्परीक्षण गरी लगत कट्टी गरिएको ।)

| | |
|---|---|
| असुल गर्नुपर्ने | ० |

५४.४ **निष्कृय खाता** - निष्क्रिय खाताको रकम फिर्ता सामाजिक सुरक्षा भत्ता वितरण कार्यविधि, २०७७ को बुँदा नं. २६ अनुसार सामाजिक सुरक्षा कार्यक्रमको लागि निकासा भएको रकम सोही आर्थिक वर्षमा खर्च नभएमा संघीय संचित कोषमा फिर्ता गर्नुपर्दछ । राष्ट्रिय परिचयपत्र तथा पञ्जिकरण विभागको च.न.६७ मिति २०८१।६।६ अनुसार २०७८ श्रावण १ भन्दा पहिले सामाजिक सुरक्षा भत्ताका लागि खोलिएका खाताहरु निष्क्रिय भएको भए लाभग्राहीको सम्पुर्ण विवरण माग गरी रकम फिर्ता गर्नुपर्ने र Parking वा Settlement account मा रहेको २०८१ असार मसान्त भन्दा पहिलेको रकम फिर्ता गर्नुपर्ने व्यवस्था छ। पालिकाले हालसम्म लाभग्राहीको संख्या अनुसार सामाजिक सुरक्षा भत्ता माछापुच्छ्रे बैंकमार्फत भुक्तानी गर्दै आएको छ । लेखापरीक्षणको क्रममा पालिकाको कर्मचारीलाई पटक पटक निष्कृय खाता सम्बन्धमा सोधपुछ गर्दा बैंकले मिति २०८२।०५।२९ को पत्र संख्या नं. MBL/API/2082/083-01 अनुसार १७ जनाको रू.६५२२७।२३ निष्कृय खाताको रुपमा रहेको जानकारी पाइयो । निष्कृय खातामा रहेका संघीय संचित कोषमा दाखिला गरेको प्रमाण पेस हुनुपर्दछ ।

| | |
|---|---|
| प्रमाण पेश नगरेको | ६५,२२७.२३ |

५४.५ **के वाइ सी अद्यावधिक नभएको** - सामाजिक सुरक्षा भत्ता वितरण कार्यविधि, २०७७ को बुँदा नं २४ अनुसार बैंकले सामाजिक सुरक्षा भत्ता सम्बन्धित लाभग्राहीको नाममा शुन्य मौज्दातमा खाता खोली जम्मा गरिदिने र सम्बन्धित लाभग्राहीले कागजात पेश गरे पश्चात खाता सक्रिय हुने उल्लेख छ। पालिकाले हरेक बर्ष खाता अद्यावधिक नगरी लाभग्राहीको खातामा रकम जम्मा गरिएकोले बास्तविक लाभग्राही हुन होइनन एकीन गर्न नसकिने भएकोले व्यक्तिगत विवरण प्राप्त गरी लाभग्राहीको खाता अध्यावधिक गर्नुपर्दछ ।

**पारदर्शिता** - सामाजिक सुरक्षा कार्यक्रम संचालन कार्यविधि, २०७७ को दफा ३२ मा स्थानीय तहको कार्यालयले लाभग्राहीको नाम दर्ता तथा नविकरण प्रक्रिया, भत्ताको दर, प्राप्त हुने बैंक, लाभग्राहीले पुरा गर्नुपर्ने प्रक्रिया जस्ता भत्ता सम्बन्धी जानकारी स्थानीय सामाजिक संघ संस्था, गैरसरकारी संस्था, सामाजिक परिचालनमा संलग्न संस्था समेतको सहयोग लिएर अनिवार्यरुपमा प्रचार प्रसार गर्ने र भत्ता प्राप्त गर्ने लाभग्राहीहरुको नामावली सम्बन्धित स्थानीय तहको वेभसाइटमा राख्ने व्यवस्था छ । कार्यालयले उल्लिखित व्यवस्था परिपालना गरेको पाइएन। कार्यविधिमा उल्लिखित व्यवस्था परिपालना गरी सामाजिक सुरक्षा कार्यक्रमको पारदर्शिता प्रवर्द्धन गर्नुपर्दछ।

**अनुगमन तथा निरीक्षण** - सामाजिक सुरक्षा कार्यक्रम संचालन कार्यविधि, २०७७ को दफा २७ (३) अनुसार गाउँ कार्यपालिका अध्यक्ष वा प्रमुख प्रशासकीय अधिकृतले भत्ता वितरण कार्य प्रक्रियाको निरीक्षण तथा अनुगमन गर्नुपर्ने व्यवस्था छ। पालिकाले सो कार्य गरेको पाइएन। यस तर्फ पालिका क्रियाशिल हुनुपर्ने देखिन्छ।

## ५५ तामाखानी पर्यटकिय पदमार्ग (ठेक्का नं.AHRM/DAR/NCB/WORKS/03/081-082)

५५.१ (३-2082-03-24):

**कोटेश्वनबाट गरिएको कार्य** - सार्वजनिक खरिद ऐन, २०६३ मा सार्वजनिक खरिदलाई बढी भन्दा बढी प्रतिस्पर्धी र मितव्ययी बनाउनुपर्ने व्यवस्था छ । पालिकाले यस बर्ष ठेक्का नं.AHRM/DAR/NCB/WORKS/03/081-082 तामाखानी पर्यटकिय पदमार्ग निर्माण कार्यको लागि निर्माण व्यवसायी निर्माण व्यवसायी हटिनाथ निर्माण सेवासँग लागत अनुमान रू.३५,१९,९२२।०५ भएकोमा ४५.६१ प्रतिशत घटिमा मिति २०८२।११।०१ मा रू.१९,१४,४८४।५५ सम्झौता गरी रू.१८,२८,१३०।१ भुक्तानी गरेकोमा पालिकाले उक्त निर्माण स्थलमा पुनः लागत अनुमान रू.९,९९,३५३।५० भएकोमा ४.२८ प्रतिशत घटीमा बोहरा निर्माण सेवा, अपिहिमाल-४, दार्चुलासँग रू.९,५६,५७४।७७ मा खरिद सम्झौता गरेको छ । पालिकाले उक्त कार्य ठेक्कामार्फत कार्य गर्ने निर्माण व्यवसायी आपसी वार्ताद्धारा ठेक्कामा कवोल गरेको दररेटमा नै भेरिएशन आदेश जारी गरी हटिनाथ निर्माण सेवासँग कार्य गराउनुपर्नेमा छुट्टै कोटेश्वनद्धारा कार्य गराउँदा पालिकामाथि रू.४,१३,०२६।४० व्ययभार परेको देखिन्छ । अतः पालिकाले थप व्ययभार पार्ने कार्यमा नियन्त्रण गर्नुपर्दछ ।

५५.२ **बढी दररेट विश्लेषण** - सार्वजनिक खरिद ऐन, २०६३ मा सार्वजनिक खरिदलाई बढी भन्दा बढी प्रतिस्पर्धी र मितव्ययी बनाउनुपर्ने व्यवस्था छ । त्यसैगरी सार्वजनिक खरिद नियमावली, २०६४ को नियम १०(१) मा सार्वजनिक निकायले निर्माण कार्यको लागत अनुमान तयार गर्दा नियम ९ को अधीनमा रही तयार गर्नुपर्ने व्यवस्था छ । पालिकाले यस बर्ष बोलपत्र आव्हान गरेको ठेक्का नं.AHRM/DAR/NCB/WORKS/03/081-082 तामाखानी पर्यटकिय पदमार्ग निर्माण कार्यको लागि सडक विभागद्धारा स्वीकृत नर्म्स Norms For Rate Analysis Road And Bridge Works, 2075 बमोजिम दररेट विश्लेषण गर्नुपर्नेमा भवन विभागद्धारा स्वीकृत नर्म्सको प्रयोग गरी दररेट विश्लेषण गरेको छ । फरक नर्म्सको प्रयोग भएको कारणले पालिकामाथि रू.५,२३,३८७।६ थप व्ययभार परेको छ ।अतः पालिकाले लागत अनुमान तयार गर्दा बढी भन्दा बढी मितव्ययी हुने गरी स्वीकृत नर्म्सबमोजिम गर्नतर्फ पालिकाको ध्यान जानुपर्दछ ।

| क्र.सं. | आइटम | परिमाण (घ.मि.) | पालिकाको दर (रू.) | वास्तविक दर (रू.) | थप व्ययभार (रू.) |
|---|---|---|---|---|---|
| १ | Cleaning and Grubbing the site for Construction | ३५७५.३ | ३९।८ | २९।७ | ३६००३।६ |
| २ | Stone Masonry work 1:6 | २५.८ | १७२८३।७ | १३६०६।०० | ९४८११।६ |
| ३ | Stone Dry Wall | १५६ | ७१९५।८ | ४६७९।४ | ३९२५७२।४ |
| जम्मा रू. | | | | | ५२३३८७।६ |

## ५६ बर्षान्तमा बोलपत्र आव्हान

आर्थिक कार्यविधि तथा वित्तीय उत्तरदायित्व नियमावली, २०७७ नियम १६(७) कार्यालयले बोलपत्र आह्वान गर्ने जस्ता कार्य प्रथम त्रैमासिक अवधिभित्र सम्पन्न गर्ने गरी बजेट प्रस्ताव गर्नुपर्ने व्यवस्था छ । ठेक्का नं.AHRM/DAR/NCB/WORKS/03/081-082 तामाखानी पर्यटकिय पदमार्ग निर्माण कार्य गर्न मिति २०८१।११।२१ मा बोलपत्र आह्वान लागि निर्माण व्यवसायी निर्माण व्यवसायी हटिनाथ निर्माण सेवासँग बोलपत्र आवह्वान पहिलो त्रैमासिकभित्र बोलपत्र आव्ह्वान नगरी तेस्रो त्रैमासिकको २०८१।११।२१ मा बोलपत्र आह्वान गरी २०८२।१।११ मा रू.१९,१४,४८४।५५ मा सम्झौता गरेको कारणले निर्माण व्यवसायीले बर्षान्तको कारण जनाई सम्झौताबमोजिम पुरै कार्य नगरी ४.५१ प्रतिशत घटी बाँकी काम रहेको अवस्थामा रू.१८,२८,१३०।१ मा मिति २०८२।३।१८ मा कार्यस्वीकार गरेको छ । यसरी बर्षान्तितिर बोलपत्र आह्वान गराउँदा सम्झौताबमोजिम पुरै कार्य नहुने र हतारमा कार्य गराउँदा गुणस्तरीय कार्य नहुने हुँदा पालिकाले ऐनमा भएकोमा व्यवस्थाबमोजिम पहिलो त्रैमासिकभित्र बोलपत्र आह्वान गरी सम्झौतामा तोकिएकोको सबै आईटमहरूको कार्य गराउन पालिकाको ध्यान जानुपर्दछ । निम्न कार्यहरू बाँकी रहेको देखिन्छ ।

| *क्र.सं.* | *आइटम* | सम्झौता परिमाण (घ.मी.) | काम भएको परिमाण (घ.मी.) | काम गर्न बाँकी परिमाण (घ.मी.) |
|---|---|---|---|---|
| *१* | Excavation In Hard Soil/Gravel/B.M.S. For Foundation Lead 10m & Lift 1.5m As Per The Standard Specification And Engineer's Instruction All Complete. | २७७.२ | २७०.८ | ६.४ |
| *२* | Stone Dry Wall Works Stone Dry Wall Work As Per The Standard Specification And Engineer's Instruction All Complete. | १६६.२ | १५६.१ | १०.१ |
| *३* | Stone Masonry Work In 1:6 Cement Sand Mortar Up To Plinth | २६.३ | २५.८ | ०.६ |

५७ **गुणस्तर परिक्षण**

सार्वजनिक खरिद नियमावली, २०६४ को नियम ९ को उपनियम २ मा लागत अनुमान तयार गर्दा गुणस्तर परीक्षणको छुट्टै आइटम बनाई लागत अनुमानमा समावेश गर्नुपर्ने व्यवस्था छ। त्यसैगरी सडक विभागवाट स्वीकृत भएको सडक निर्माणको स्पेसिफिकेसन, २०७८ (संशोधनसमेत) को सेक्सन ६०० मा निर्माण कार्यको गुणस्तर परीक्षण गराउनुपर्ने उल्लेख छ। पालिकाले यसबर्ष निर्माण गरेका योजनामा निर्माण सामग्रीहरूको गुणस्तर परीक्षण गरेको छैन । गुणस्तर परीक्षण नभएको कारणले पालिकाबाट यस बर्ष सञ्चालन र सम्पन्न भएका योजनाहरू गुणस्तरीय रहेको छन् भनेर विश्वस्त हुन सक्ने अवस्था छैन । अतः यसतर्फ पालिकाको ध्यान जानुपर्दछ ।

५८ **खण्डेश्वरी माध्यमिक विद्यालय (ठेक्का नं.03/2080/081/NCB/WORKS/AHRM)**

५८.१ (६-2082-02-22):

**बढी भुक्तानी -**

( ✂ ..... कार्यालयले बेरुजु फर्स्यौट गरी पेश गरेको मनासिब देखिएकोले मिति **२०८३-१-९** को निर्णयले रू **२१८,९११** सम्परीक्षण गरी लगत कट्टी गरिएको ।)

| असुल गर्नुपर्ने | ० |
|---|---|

५८.२ (१५-2082-03-24):

**ठेक्का बिलको भुक्तानी -**

( ✂ ..... कार्यालयले बेरुजु फर्स्यौट गरी पेश गरेको मनासिब देखिएकोले मिति **२०८३-१-९** को निर्णयले रू **२२६,१८२** सम्परीक्षण गरी लगत कट्टी गरिएको ।)

| असुल गर्नुपर्ने | ० |
|---|---|

५८.३ (१५-2082-03-24):

**दोहोरो भुक्तानी -**

( ✂ ..... कार्यालयले बेरुजु फस्र्यौट गरी पेश गरेको मनासिब देखिएकोले मिति **२०८३-१-९** को निर्णयले रू **३४३,५७०** सम्परीक्षण गरी लगत कट्टी गरिएको ।)

| | |
|---|---|
| असुल गर्नुपर्ने | ० |

५९ **औद्योगिक ग्रामको प्रारम्भिक वातावरणीय परीक्षण**

५९.१ **पूर्वनिर्धारित क्षतिपुर्ति** - सार्वजनिक खरिद नियमावली,२०६४ को नियम १२१(क) मा परामर्शदाताको ढिलाईको कारणले खरिद सम्झौता बमोजिमको काम सो सम्झौतामा तोकिएको म्यादमा सम्पन्न हुन नसकेमा निजले सार्वजनिक निकायलाई सम्झौता रकमको दश प्रतिशतमा नबढ्ने गरी प्रतिदिन सम्झौता रकमको शुन्ना दशमलब शुन्ना पाँच प्रतिशत पूर्व निर्धारित क्षतिपूर्ति दिनुपर्ने व्यवस्था छ । औद्योगिक ग्रामको प्रारम्भिक वातावरणीय अध्ययन प्रतिवेदन तयार गर्न पालिका र ओम कन्सल्टेन्ट नयाँबानेश्वर काठमाडौँबीच मिति २०८१।८।१६ देखि २०८१।१०।३० सम्म कार्यसम्पन्न गर्ने गरी लागि मूअकरसहित रू.४,९८,८९५।०० सम्झौता भएको देखिन्छ । परामर्शदाताले कार्यसम्पन्न मितिभित्र प्रतिवेदन नबुझाई मिति २०८१।१।१२ मा अर्थात् ४१ दिन ढिला प्रतिवेदन बुझाएको देखिन्छ । अतः उक्त परामर्शदाताबाट पूर्वनिर्धारित क्षतिपुर्तिवापत असुल गर्नुपर्ने रू.

| | |
|---|---|
| असुल गर्नुपर्ने | ९,०६६ |

५९.२ (३-2082-03-16):

**परामर्शदातालाई बढी भुक्तानी** - सार्वजनिक खरिद नियमावली, २०६४ नियम १२३ (घ) मा बिल वा बिजकको भुक्तानी गर्दा हस्तान्तरण गरिएको वा पूरा गरिएको कार्यको परिमाणको आधारमा भुक्तानी गर्नुपर्ने व्यवस्था छ । पालिका र ओम कन्सल्टेन्ट नयाँबानेश्वर काठमाडौँबीच मिति २०८१।८।१६ मा औद्योगिक ग्रामको प्रारम्भिक वातावरणीय अध्ययन प्रतिवेदन तयार गर्नको लागि मूअकरसहित रू.४,९८,८९५।०० खरिद सम्झौता भएको देखिन्छ । सम्झौतामा उल्लेख गरेको जनशक्तिले प्राप्त गर्ने पारश्रमिकको लागत अनुमान र परामर्शदाताले पेश गरेको प्रतिवेदनको अध्ययन गर्दा सम्झौता उल्लेख गरेका जनशक्तिले परामर्श दिएको अर्थात् प्रतिवेदन गरेको देखिदैन । यस सम्बन्धी थप व्यहोराहरू निम्न रहेका छन् ।

| क्र.सं. | कर्मचारीको विवरण | महिना | प्रतिदिनको दर (रू.) | जम्मा (रू.) | कैफियत |
|---|---|---|---|---|---|
| १ | Team Leader | १. | १००००० | १००००० | |
| २ | Structural Engineer | ०.६१ | ८८००० | ५३६८० | यस जनशक्तिले काम गरेको भन्ने पुष्ट्याइ गर्ने प्रतिवेदन/परामर्श गरेको छैन |
| ३ | Architect | ०.५ | ८८००० | ४४००० | यस जनशक्तिले काम गरेको भन्ने पुष्ट्याइ गर्ने प्रतिवेदन/परामर्श गरेको छैन |
| ४ | Civil Engineer/Quantity Surveyor | ०.५ | ८८००० | ४४००० | यस जनशक्तिले काम गरेको भन्ने पुष्ट्याइ गर्ने प्रतिवेदन/परामर्श गरेको छैन |
| ५ | Draft Person | ०.२५ | ९०००० | २२५०० | यस जनशक्तिले काम गरेको भन्ने पुष्ट्याइ गर्ने प्रतिवेदन/परामर्श गरेको छैन |
| ६ | Electrical Engineer | ०.२ | ९०००० | १८००० | यस जनशक्तिले काम गरेको भन्ने पुष्ट्याइ गर्ने प्रतिवेदन/परामर्श गरेको छैन |
| ७ | Sanitary Engineer | ०.२ | ६०४०० | १२०८० | यस जनशक्तिले काम गरेको भन्ने पुष्ट्याइ गर्ने प्रतिवेदन/परामर्श गरेको छैन |
| ८ | Transportation | 1 LS | २०००० | २०००० | यस जनशक्तिले काम गरेको भन्ने पुष्ट्याइ गर्ने प्रतिवेदन/परामर्श गरेको छैन |
| ९ | Communication Cost | 1 LS | ५००० | ५००० | यस जनशक्तिले काम गरेको भन्ने पुष्ट्याइ गर्ने प्रतिवेदन/परामर्श गरेको छैन |
| १० | Reports including printing/binding all complete | 1 LS | ६०००० | ६०००० | यस जनशक्तिले काम गरेको भन्ने पुष्ट्याइ गर्ने प्रतिवेदन/परामर्श गरेको छैन |
| ११ | Counter survey, topographical survey, cross sections, longitudinal sections, traverse etc, | १. | ६३००० | ६३००० | यस जनशक्तिले काम गरेको भन्ने पुष्ट्याइ गर्ने प्रतिवेदन/परामर्श गरेको छैन |
| जम्मा रू. | | | | ४४२२६० | |
| १३ प्रतिशत मूअकर | | | | ४४४९३ | |
| मूअकरसहित जम्मा रू. | | | | ३८६७५४ | |

माथि तालिकामा उल्लेख गरेको कैफियत हेर्दा मुख्य जनशक्तिले बाहेक अन्य जनशक्तिले कार्य गरी प्रतिवेदन गरेको देखिदैन । अतः कार्य नगरी बढी भुक्तानी भएको सम्बन्धित परामर्शदाताबाट मू.अ.करसहित असुल गर्नुपर्ने रू.

| असुल गर्नुपर्ने | ३,८६,७५४ |
|---|---|

६० **प्रशासकिय भवन निर्माण (ठेक्का नं.AHRM/NCB/09/077/-078)**

पालिका र निर्माण व्यवसायी रबिना/प्रसंसा/एल.बि. एण्ड ए.बि. जेभी धनगढी कैलालीबीच २०७८।४।१५ मा प्रशासकिय भवन निर्माण कार्यको लागि रू.७,४२,९१,०००।८४ मा ठेक्का सम्झौता भएकोमा थप वेहोराहरू निम्न रहेको देखिन्छः

६०.१ सार्वजनिक खरिद ऐन, २०६३ को दफा ५९(७) मा सम्झौता बमोजिम कामको प्रगति नगरेमा सार्वजनिक निकायले त्यस्तो सम्झौता जुनसुकै बखत अन्त्य गर्न सक्नेछ र ऐनको दफा ५९ (८) मा उपदफा (७) बमाजिम सम्झौता अन्त्य भएमा सो काम बापत राखिएको पूरै जमानत जफत हुनेछ व्यवस्था छ । र त्यसरी सम्झौता अन्त्य भएको कारणले सम्झौता बमोजिम बाँकी रहेको कार्य पूरा गर्न जे-जति रकम आवश्यक पर्छ सो रकम त्यसरी सम्झौता बमोजिम कार्य नगर्ने बोलपत्रदाताबाट सरकारी बाँकी सरह असुल उपर गर्ने व्यवस्था छ ।

पालिका र निर्माण व्यवसायी रबिना/प्रसंसा/एल.बि. एण्ड ए.बि. जेभी धनगढी कैलालीबीच २०७८।४।१५ मा प्रशासकिय भवन निर्माण कार्यको लागि रू.७,४२,९१,०००।८४ मा ठेक्का सम्झौता भएकोमा निर्माण व्यवसायीले सम्झौता बमोजिम कार्यसम्पन्न गरेको देखिदैन । सम्झौतामा उल्लेख गरेको रू.१५००००।०० बराबर रकमको १० केभिए जेनेरेटर (10kv air coolent silent a single phase generator make Kirloskar or eqv) खरिद गरि पालिकालाई हस्तान्तरण गर्ने सम्झौता भएकोमा सम्झौता बमोजिम पालिकालाई हस्तान्तरण नगरी कार्य स्वीकार लिएको अवस्था छ । अतः सम्झौता कार्यान्वयन नगर्ने निर्माण व्यवसायीबाट कार्यसम्पादन जमानत वापतको रू.४२,००,०००।०० रोक्का राखी कार्यसम्पन्न गर्न बाँकी रकम रू.१५००००।०० को जेनेरेटर जडान गरेको प्रमाण पेश गर्नुपर्ने अन्यथा असुल गर्नुपर्ने रू.

| | |
|---|---|
| प्रमाण पेश नगरेको | १,५०,००० |

६०.२ **एज बिल्ट ड्रइङ -**

( ✂ ..... कार्यालयले बेरुजु फर्स्यौट गरी पेश गरेको मनासिब देखिएकोले मिति **२०८३-१-९** को निर्णयले रू **२००,०००** सम्परीक्षण गरी लगत कट्टी गरिएको ।)

| | |
|---|---|
| असुल गर्नुपर्ने | ० |

६०.३ (१-2081-12-28):

**प्रोभिजनल सम -**

( ✂ ..... कार्यालयले बेरुजु फर्स्यौट गरी पेश गरेको मनासिब देखिएकोले मिति **२०८३-१-३** को निर्णयले रू **१२०,०००** सम्परीक्षण गरी लगत कट्टी गरिएको ।)

| | |
|---|---|
| असुल गर्नुपर्ने | ० |

६१ **बिमा नगराएको**

सार्वजनिक खरिद नियमावली, २०६४ को नियम ११२ मा बीस लाख रुपैयाभन्दा बढी मुल्यको निर्माण कार्य गर्ने निर्माण व्यववसायीले निर्माण सामाग्री, प्रयोग गरिने मेशिन औजार तथा प्लाण्ट र निर्माण कार्यको पुर्ण प्रतिस्थापन खर्चको बीमा गराउनु पर्ने व्यवस्था छ। त्यसरी गर्ने बिमाको अवधि त्रुटी सच्याउने अवधि बराबर वा सो भन्दा बढि अवधिको हुनुपर्ने व्यवस्था छ। पालिकाबाट यो वर्ष संचालित योजनाहरुको नमुना परीक्षण गर्दा निम्नानुसार योजनाहरु तोकिएको मूल्य भन्दा बढि मूल्यको निर्माण कार्यमा बीमा हुन गएको देखिएन। अतः नियमानुसार बीमा गराई जोखिम व्यवस्थापन गर्न लगाउन पालिकाको ध्यान जानुपर्दछ।

| क्र स | योजनाको नाम | निर्माण व्यवसायीको नाम र ठेगाना | लागत अनुमान (रू.) | सम्झौता (रु.) | BOQ मा बीमाको रकम (रू.) |
|---|---|---|---|---|---|
| १ | पालिकाको प्रशासकिय भवन निर्माण | रबिना/प्रसंसा/एल.बि. एण्ड ए.बि. जेभी धनगढी कैलाली | ६३५६०९२।५५ | ३८१०९९७।७६ | ४२०००० |
| २ | दश शैया अस्पताल निर्माण | स्वार/एसोसियट/रन्जितकार जे.भी. धनगढी कैलाली । | १५९५६७०००।१३ | १०३३२९०००।४१ | ७५०००० |
| ३ | तामाखानी पर्यटकिय पदमार्ग | हटिनाथ निर्माण सेवा मार्मा-०४, दार्चुला । | ३४९९९२२।०५ | १९,१४४८४।५५ | २०००० |
| ४ | आधारभुत स्वास्थ्य केन्द्र भवन निर्माण | हटिनाथ निर्माण सेवा | ३८७८६१९।६७ | २३५१०३६।३२ | २०००० |
| जम्मा रू. | | | | | १२१०००० |

## ६२ च्यानेज (CHAINAGE) नखुलेको

पालिकाअन्तर्गतका निम्न सडकहरुको बिभिन्न स्थानमा फरक निर्माण ब्यबसायीहरुबाट कार्य गराएको पाईयो । उक्त सडकको बिभिन्न स्थानमा बोलपत्र, शिलबन्दी दरभाउपत्र र सोझै खरिद बिभिबाट सडक निर्माण तथा मर्मत सम्बन्धि कार्य गराएको पाईयो । यसरी एकै सडकको फरक फरक स्थानमा निर्माण तथा मर्मत कार्य गराउँदा चेनेज खुलाई लागत अनुमान तयार गर्नु पर्नेमा गरेको पाईएन । यसरी चेनेज तथा कार्यस्थल नखुलाएको कारण निर्माण कार्यको OVER LAPPING भई दोहोरो नापी हुन सक्ने, एउटा निर्माण ब्यबसायीको दायित्वभित्रको कार्य अर्को निर्माण ब्यबसायीबाट भई भुक्तानी हुने सम्भावना रहन्छ । उल्लेखित योजनाहरुको कार्यस्थलको DEMARCATION तथा चेनेज नखुलेको कारण सडकको फरक फरक खण्डमा कार्य भए नभएको एकिन गर्न सकिएन । यसमा कार्यालयले ध्यान दिएको पाईएन ।

## ६३ अन्तरनिकाय समन्वय

आर्थिक कार्यविधि तथा वित्तीय उत्तरदायित्व नियमावली, २०७७ को नियम १६ मा विकास आयोजनाको बजेट तर्जुमा गर्दा सम्भाव्यता अध्ययन र आर्थिक, प्राविधिक, वातावरणीय तथा प्रशासकीय उपयुक्तताको आधारमा त्यसबाट हुने प्रतिफलकोसमेत विचार गरी त्यस्तो आयोजना स्वीकृत भएको हुनुपर्ने र जिल्लास्तरीय आयोजना अनुसूची-३ मा उल्लेख भए बमोजिम स्वीकृत गरी कार्यान्वियन गर्नको लागि विस्तृत सर्वेक्षण, ड्रइङ्ग, डिजाइन, लागत अनुमान र सो अनुसार वार्षिक कार्यक्रम निश्चित गरी वार्षिक बजेट तर्जुमा गर्नुपर्ने व्यवस्था छ । राष्ट्रिय यातायात नीति, २०५८ मा केन्द्रिय सडक प्रणाली अन्तर्गत रहेका राष्ट्रिय राजमार्ग, फिडर सडक, बढी सवारी चाप भएको शहरी सडक, बिद्युत, पर्यटन, उद्योग र महत्त्वपूर्ण स्थानमा जोडिने सडक बाहेक नगर र गाउँ क्षेत्रको सडक निर्माण, मर्मत तथा सुधारको सबै काम सम्बन्धित स्थानीय तहबाट जनसहभागिता जुटाई सञ्चालन गरिने उल्लेख छ । यद्यपी, संघीय सरकार अन्तर्गत सडक विभाग र मातहतका सडक डिभिजनहरु, प्रदेश मन्त्रालय र अन्तर्गतका पूर्वाधार विकास कार्यालयहरु र स्थानीय तहहरुबीच कार्यक्रम स्वीकृती र कार्यान्वियन गर्दा समन्वय हुने गरेको देखिँदैन। कार्यक्रम सञ्चालन गर्ने निकायबीच समन्वय नहुँदा एउटै सडक वा स्थानमा एक भन्दा बढी निकायबाट कार्यक्रम सञ्चालन हुनसक्ने अवस्था रहन्छ। सञ्चालित सडक निर्माण तथा मर्मत कार्यहरुको चेनेज, लम्बाई, चौडाई आदि खुल्ने विवरण र कार्यक्रमगत खर्चको अभिलेखसमेत राख्न सकेको छैन । यसका लागि संघीय सरकार अन्तर्गतका डिभिजन सडक कार्यालय र आयोजनाहरूको जिम्मेवारीमा रहने प्रदेश पूर्वाधार विकास कार्यालयरू र स्थानीय तहको जिम्मेवारीमा रहने सडकहरुको स्पष्ट रुपमा कार्यबिभाजन गरी काममा हुनसक्ने दाहोरोपनालाई नियन्त्रण गरिनुपर्दछ ।

## ६४ उपभोक्ता समितिबाट कार्य

सार्वजनिक खरिद नियमावली, २०६४ को नियम ९७ अनुसार उपभोक्ता समितिबाट काम गराउँदा सम्पन्न निर्माण कार्यको सञ्चालन उपभोक्ता समितिले गर्नुपर्ने, खर्चको सूचना सार्वजनिक गर्नुपर्ने, निर्माण कार्यमा डोजर, लोडर, एक्साभेटर, मेशीनहरू प्रयोग गर्न नहुने व्यवस्था छ । श्रममूलक प्रविधिमा आधारित रही श्रमको उपयोग र परिचालनलाई प्राथमिकता दिनुपर्ने, मेशीनरी उपकरणको प्रयोग गरेमा कारवाही गर्नुपर्ने, उपभोक्ता समितिमार्फत सञ्चालन भएका आयोजनाहरूको कार्यसम्पन्न भएपछि सम्वन्धित निकायले सोको रेखदेख मर्मतसंम्भार गर्ने जिम्मेबारी समेत तोकी उपभोक्ता समितिलाई हस्तान्तरण गर्नुपर्ने आदि व्यवस्थाहरु रहेका छन् । त्यसैगरी स्थानीय सीप, श्रोतसाधन उपयोग हुने र स्थानीयस्तरमा कार्यसम्पन्न गर्नसक्ने मात्र आयोजनाको कार्यान्वियन उपभोक्ता समितिमार्फत गर्न सकिने, उपभोक्ता समितिले सम्झौता बमोजिम गर्नुपर्ने काम समिति आफैले गर्नु/गराउनुपर्ने, अन्य कुनै निर्माण व्यवसायी वा अन्य व्यक्ति वा संस्थामार्फत गर्न गराउन नपाइने र उपभोक्ता समितिको लगत अनुसूची-१ मा तोकिएको ढाँचामा अद्यावधिक गराई राख्नुपर्ने उल्लेख छ । उपभोक्ता समितिबाट कार्यहरू गराउँदा कानूनको पूर्णरुपले अनुशरण र पालना गरेर मात्र गराउनु पर्नेमा गरेको पाईएन ।

## ६५ स्टोन सोलिङ्गको दर बिश्लेषण (ठेक्का)

सार्बजनिक खरिद नियमावली, २०६४ को नियम १० अनुसार सार्बजनिक निकायले निर्माण सम्बन्धि कार्यको लागत अनुमान तयार गर्दा निर्माण सम्बन्धि नर्मस भए त्यस्तो नर्मस बमोजिम र त्यस्तो नर्मस नभएको अवस्थामा आवश्यक नर्मस तयार गरी नेपाल सरकार मन्त्रीपरिषदबाट स्वीकृत गराई स्वीकृत नर्मस बमोजिम लागत अनुमान तयार गर्नुपर्दछ । सार्वजनिक खरिद नियमावली, २०६४ को नियम १०(४) मा सार्वजनिक निकायले लागत अनुमान तयार गर्दा सिमेन्ट, फलामे डण्डी, इंटा, माटो, बालुवा, जस्ता पाता, पोलिथिन पाईप, जि.आई.तार लगायतका निर्माण सामग्रीको दरभाऊ, मेशीन र उपकरणको भाडा वा कामदारको ज्याला निर्धारण गर्दा जिल्ला

दररेट निर्धारण समितिले निर्धारण गरेको दररेटको आधारमा निर्धारण गर्नुपर्ने उल्लेख छ । पालिकाले निम्न योजनाको लागत अनुमान तयार गर्दा स्वीकृत नर्मस र दररेटलाई पालना नगरेको कारणबाट निम्न आईटमवाईज कार्यको लागत अनुमान बढेको पाईयो । जसबाट पालिकालाई रु.३,७७,१०३।०० बढी ब्ययभार परेको छ । अतः यसतर्फ पालिकाको ध्यान जानुपर्दछ ।

| सि.नं. | ब.उ.शि.नं. | गो.भौ./ मिति | योजनाको नाम | निर्माण ब्यबसायी फर्मको नाम | आईटमवाईज कार्यको बिवरण | लागत अनुमानको कार्य परिमाण (घ.मी.) | लागत अनुमानको दर (मू.अ.कर सहित) | तयार हुनुपर्ने ल.ई. को दर (मू.अ.कर सहित) रु. | बढी हुन गएको ल.ई. रु. | कैफियत |
|---|---|---|---|---|---|---|---|---|---|---|
| १. | गाउँपालिका पूँजिगत | १७९। ०८१। ३।२५ | छिपुला केदानर धार्मिक तथा पुरातात्विक मन्दिर निर्माण | अपि शैपाल मार्मा कन्ष्ट्रक्सन एण्ड सप्लायर्स, मार्मा, दार्चुला | Providing Laying Stone Soling in Foundation | ८.३४ | ४३५८१। ९१ | ७०५४। ९० | ३०४६३५ | कार्यालयले तयार गरेको दर बिश्लेषण अनुसार Stone Soling in Foundation को दर प्रति घ.मी. रु. ७०५४।९० राख्नु पर्नेमा रू.४३५८१। ९१ राखेको कारण लागत अनुमान सारभुत रुपमा बढेको । |
| २. | गाउँपालिका पूँजिगत | १४०। ०८३। ३।१६ | ३ नं. वडा कार्यालय हल निर्माण योजना | लोथ्याल निर्माण सेवा, अपिहिमाल-१, खण्डेश्वरी | PCC Work in 1:2:4 | १६.५३ | ३०४०७ | २६०२३ | ७२४६८ | कार्यालयले तयार गरेको दर बिश्लेषण अनुसार PCC Work 1:2:4 को मोटार तयार गर्नका लागि आवश्यक पर्ने पानीका लागि बढीमा ३३९ प्रति घन मिटर सम्म राख्नु पर्नेमा अश्वभाबिक परिमाण र दर राखेको कारण प्रति घ.मी. रु.४७२३।४६ राखेको कारण लागत अनुमान सारभुत रुपमा बढेको । |
| **जम्मा रू.** | | | | | | | | | **३७७१०३** | |

६६ **हाई अल्टिच्युड साहासिक रंङ्गशाला**

कार्यालयले हाई अल्टिच्युड साहासिक रंङ्गशालाको रूपमा अपि हिमाल क्रिकेट स्टेडियम निर्माण कार्य अगाडी बढाउनका लागि डि.पी.आर. तयार गरेको पाईयो । परामर्शदाताले तयार गरेको उक्त योजनाको लागत अनुमान रु.११,६२,९७,१४८।१६ (मू.अ. कर र कन्टिन्जेन्सीसहित) रहेको छ । उक्त लागत अनुमानमा उक्त रंङ्गशाल निर्माण सम्पन्न गर्नसक्ने अवस्था देखिदैन र उक्त योजनाको

हालसम्म ठेक्का आव्हान भएको छैन । पालिकासम्म सडक सञ्जाल नजोडिएको, बिजुली बत्ती तथा संञ्चार सुबिधा सहज नभएको अवस्थामा रंङ्गशालाको सञ्चालनको सम्भवना अत्यन्त न्युन रहेको छ । उक्त योजनाको लागि भबिष्यमा ठुलो बजेट रकमको श्रोत सुनिश्चितता गर्नसक्ने भरपर्दो आधार समेत देखिदैन । साथै पालीकालेसमेत आफ्नो श्रोतबाट यस किसिमका ठुलो बजेट आवश्यक पर्ने योजनाहरु सञ्चालन गर्नसक्ने अवस्था देखिदैन । पालिकाले योजनाको DPR तयार गर्दा श्रोतको सुनिश्चिततामा ध्यान दिएको पाईएन । यसरी बजेट अभावमा योजना सम्पन्न गर्न नसकी बिचैमा अधुरो छोडनु पर्ने अवस्था आउन सक्ने साथै भौतिक सुबिधाको अभावमा रंङ्गशाला बनिहाले पनि सञ्चालन हुनसक्ने अवस्था नदेखिएको हुँदा उक्त योजनाको कार्य अगाडी बढाउने कुरामा पुनर्बिचार गरिनुपर्दछ ।

६७ **परामर्श सेवा खरिद**

पालिकाबाट बजेट व्यवस्था भई कार्यान्वियन हुने आयोजनाको मात्र डिपीआर लगायतको अध्ययत गरी प्रतिवेदन तयार गर्नु पर्दछ। विस्तृत परियोजना प्रतिवेदन (Detail Project Report-DPR) गर्नका लागि स्वीकृत कार्यक्रम तथा बजेट ब्यबस्था भए/नभएको एकिन गरेर मात्र गर्न पर्नेमा विस्तृत परियोजना प्रतिवेदन (Detail Project Report-DPR) सम्बन्धि कार्यक्रम र बजेट ब्यबस्था नहुँदै विस्तृत परियोजना प्रतिवेदन (Detail Project Report-DPR) गराएको पाईयो । डि.पी.आर.तयार गर्दा कार्यालयको मौजुदा प्राविधिक जनशक्तिबाट हुनसक्ने अवस्था भएकमा कार्यालय भित्रबाट र मौजुदा जनशक्तिबाट गर्न नसकिने भएमा मात्र बाह्य परामर्शदाता फर्म/ब्यक्तिबाट गराउनु पर्दछ । सबै किसिमका DPR बाह्य परामर्शदाताबाट गराउनुको कारण पालिकाले पुष्टी हुनुपर्दछ । पालिकाले आगामी दिनमा कार्यालयकै प्राविधिक जनशक्तिबाट यस्तो कार्य गराउनु पर्नेतर्फ ध्यान दिनुपर्दछ । पालिकाले यो बर्ष स्वीकृत बार्षिक कार्यक्रम बेगर देहाय बमोजिमको कार्य परामर्शदाताबाट गराई प्रतिवेदन प्राप्त गरेको छ । यसरी अध्ययन प्रतिवेदन तयार भएका आयोजनाहरु लेखापरीक्षण अवधिसम्म कार्यान्वयनमा गएको समेत देखिएन। यसरी डि.पी.आर बनाउने कार्यमा नियन्त्रण गरी कार्यान्वयनमा लैजानुपर्दछ ।

| सि.नं. | गो.भौ./मिति | परामर्शदाताको नाम | अध्ययनको बिषय | आयोजनाको लागत (मू.अ.कर सहित) | लागत अनुमान (मू.अ.कर सहित) | भुक्तानी रकम (मू.अ.कर सहित) |
|---|---|---|---|---|---|---|
| १. | ३३८।०८१।३।२३ | Western Nepal Engineering& Solutions Pvt.Ltd., Nagarjun, Kathmandu | DPR Preparation for constructions of Khandeshwori Secondary School Dormitory Construction | ४९०४७८००। ०० | ९९९५३०। ०० | ९९६९९९। ०० |
| २ | १४७/२०८२/०३/१७ | Dream Makers Engineering Pvt. Ltd., Kathmandu, Buddanagar-10 | DPR Preparation for Construction of Kshetti-Ghajir Religious Tourism Infrastructure-Ward No. -3, Darchula. | १७९४२४३९३। ४७ | ११९९९४७। ०० | ११९३८४५। ०० |
| ३ | १/२०८२/०३/१६ (संघिय शसर्त पूँजिगत) | Everest Eingineering Consultan Pvt.Ltd,Baneshwar, Kathmandu. | DPR Preparation of Makarigad,Khandeshwari-Ghusha jadibuti Pahuch Marga Sadak Nirman Ward No 3,4,2 of Apihimal Rural Municipality, Darchula of Apihimal Rural Municipality, Darchula. | ४५२०३२३२५। ४४ | ९९१५७५। ०० | ९९६७११। २१ |
| ४ | ३/२०८२/०३/१६ (संघिय शसर्त पूँजिगत) | OM Consultants PVT.Ltd. Kathmandu, Nepal | To Prepare Initial Environmental Examination (IEE) Report of Industrial Area | नखुल्ने | ४९९७५४। ०० | ४९९७५३। ८० |
| जम्मा रू. | | | | | | ३६८७३०९ |

६८ **प्रोभिजनल सम**

सार्वजनिक नियमावली, २०६४ को नियम २२ तथा अनूसूची-४ अनुसार काम गर्ने परिस्थिति पूर्वानुमान गर्न नसकिने प्रकृतिको निर्माण कार्य गराउनको लागि लागत सोधभर्ना सम्झौता गर्न सकिने व्यवस्था छ । कार्यालयले बिभिन्न ठेक्काको प्रोभिजनल सममा राखिएको आईटमवाईज कार्य बापतको रकम भुक्तानी गर्दा निर्माण ब्यबसायी वा सेवा प्रदायकबाट खर्चको बिल भरपाई पेश गर्नुपर्ने ब्यबस्था रहेको

छ । कार्यालयले ठेक्काको प्रोभिजनल सम (Provisional Sum) मा राखिएका आईटमवाईज कार्यको बिल भरपाई पेश भएको अवस्थामा मात्र बिल बमोजिमको रकम भुक्तानी दिनु पर्दछ । पालिकाअन्तर्गत सञ्चालित निम्न ठेक्कामा निर्माण ब्यबसायीबाट पेश भएको बिल भरपाई भन्दा बढी तथा बिल भरपाई पेश नभएको अवस्थामासमेत PROVISIONAL SUM बापतको रकम रु.१,०५,७८०।- भुक्तानी दिएको हुँदा खर्चका सक्कल बिल भरपाई पेश भएको छैन । अतः प्रमाण पेश गर्नुपर्ने अन्यथा असुल गर्नुपर्ने रु.

| सि.नं. | ब.उ.शि.नं. | गो.भौ./ मिति | योजनाको नाम | भुक्तानी पाउने निर्माण ब्यबसायीको नाम | PS Items को बिवरण | भुक्तानी भएको रकम (मू.अ.कर सहित) | पेश भएको बिल अनुसार भुक्तानी हुनुपर्ने रकम (मू.अ.कर सहित) | बिल भर्पाई भन्दा बढी भुक्तानी भएको रकम रु. |
|---|---|---|---|---|---|---|---|---|
| १. | पालिका पूँजिगत | १७९। ०८१। ३।२५ | छिपुला केदानर धार्मिक तथा पुरातात्विक मन्दिर निर्माण | अपि शैपाल मार्मा कन्ष्ट्रक्सन एण्ड सप्लायर्स, मार्मा, दार्चुला | Insurance for all coverage | ३५००० | ४२२० | ३०७८० |
| | | | | | Information Board | ८००० | ० | ८००० |
| | | | | | Occupational health & safety | ७५००० | ० | ७५००० |
| जम्मारू. | | | | | | ११८००० | ४२२० | १०५७८० |

| | |
|---|---|
| प्रमाण पेश नगरेको | १,०५,७८० |

६९ **कार्यसम्पन्न प्रतिवेदन (भवानी माध्यमिक बिद्यालय)**

( ✂ ..... कार्यालयले बेरुजु फर्स्यौट गरी पेश गरेको मनासिब देखिएकोले मिति **२०८३-१-१०** को निर्णयले रू **१७५,३५०** सम्परीक्षण गरी लगत कट्टी गरिएको ।)

| | |
|---|---|
| असुल गर्नुपर्ने | ० |

७० **प्राकृतिक श्रोतको रोयल्टी**

सुदूरपश्चिम प्रदेश आर्थिक ऐन. २०८१ को दफा ८(१), अनुसुचि-६ को खण्ड (क) बमोजिम पालिकाले प्रदेश सरकारले तोकेको ढुङ्गा, गिट्टी, रोडा, ग्राभेल, चट्टान, स्लेट. बालुवा र चिप्सको लागि रु.४ प्रति घन फिट, माटो, भरौट, बलौट र ईट्टा बनाउने माटो जस्ता निर्माण समग्रीमा रु.३ प्रति घनफिटको दरले र दहत्तर/बहत्तरको रु.१।०० प्रति के.जी. का दरले रोयल्टी असुल गर्नुपर्ने ब्यबस्था रहेको छ । पालिकाले ढुङ्गा, गिट्टी, बालुवा, मिस्कट लागयतका स्थानीय निर्माण सामग्रीहरुको रोयल्टी संकलनका लागि ठेक्का लगाएको छैन । बिभिन्न योजनाहरुमा स्थानीय खोलनाला र खानीहरुबाट संकलन गरिएको निर्माण सामग्री प्रयोग गरेको पाईएको हुँदा सो बापतको रोयल्टी रकम गणना गरी असुल गर्नुपर्नेमा सोसमेत गरेको पाईएन । पालिकाबाट सम्पन्न भएका योजनामा प्रयोग भएको निर्माण सामग्री बापतको रोयल्टी रकम यकिन गरी असुल गर्नुपर्दछ ।

७१ **मकरीगाड-खण्डेशवरी-घुसा जडिबुटी पहुँचमार्ग (१५ किमी)**

७१.१ **बढी भुक्तानी** - भौतिक पूर्वाधार तथा यातायात मन्त्रालय सडक विभागद्धारा जारी गरेको ज्याला दररेटमा प्रतिदिन ईन्जिनियरको रू.५२७६।००, सब ईन्जिनियरको रू.२८२७।००, असिस्टेन्ट सब इन्जिनियरको रू.२८२७।००, टेप/चेनमेनको सम्बन्धित जिल्लाको जिल्ला दररेट कायम गर्नुपर्ने उल्लेख छ । पालिकाले मकरीगाड-खण्डेशवरी-घुसा जडिबुटी पहुँचमार्ग (१५ किमी) सडक निर्माणको विस्तृत परियोजना प्रतिवेदन तयार गर्नको लागि सम्झौता मिति२०८१।९।३ मा एभरेस्ट इन्जिनियरीङ कन्सल्टेन्ट काठमाडौँसँग रू.९,९६,७११।२१ मा खरिद सम्झौता पाईयो । लागत अनुमानमा उक्त ज्याला दररेटमा उल्लेख भएभन्दा फरक ईन्जिनियरको रू.५८९८।०२, सब ईन्जिनियरको रू.४६८८।५५, असिस्टेन्ट सब इन्जिनियरको रू.४४४१।७७, टेप/चेनमेनको रू.९००।०० प्रतिदिन राखि लागत अनुमान तयार गरेको छ । पालिकाले सर्भेतर्फ प्रतिकिलोमिटर रू.३१३१६।७७ राखेकोमा प्रति किलोमिटर

रू.२३७१३।९४ हुन आउँछ । त्यसैगरी डिजाईनतर्फ सब ईन्जिनियरको रू.२८२७।००, असिस्टेन्ट सब इन्जिनियरको रू.२८२७।०० र कम्प्यूटर अपरेटरको रू.१८१७।०० राख्नुपर्नेमा क्रमशः रू.३१२५।७ र रू.३१२५।७ ज्याला कायम गरेको छ । स्वीकृत ज्यालादर अनुसार प्रतिकिलोमिटर रू.२६३७२।३ हुनुपर्नेमा रू.२७४८६।२५ कायम गरेको छ । सडक विभागद्धारा स्वीकृत नर्म्स Norms for Estimate of Consultancy Services related to Road and Bridge Works-2075 मा भएको व्यवस्था बमोजिम १० कि.मी. सडक भन्दा बढी विस्तृत परियोजना प्रतिवेदन (Detail Project Report-DPR) तयार गर्दा १० किमिको शत प्रतिशत र बाँकी ५ किमिको Man-Days (MD) मा ८० प्रतिशतमात्रै भुक्तानी गर्नुपर्नेमा पालिकाले शत प्रतिशत नै भुक्तानी गरेको छ । स्वीकृत ज्याला र १० किमि पछि ८० प्रतिशत मात्रै ज्याला दिनुपर्नेमा सो नगरेको कारणले १५ किमिको रू.७,०१,२०७।०० (मू.अ.कर बाहेक) हुनुपर्नेमा रू.८,८२,०४५।०० (मू.अ.कर बाहेक) भुक्तानी गरेको छ । अतः बढी भुक्तानी भएको रकम मू.अ.करसहित असुल गर्नुपर्ने रू.

| | |
|---|---|
| असुल गर्नुपर्ने | २,०४,३४७ |

७१.२ **पूर्वनिर्धारित क्षतिपुर्ति** - सार्वजनिक खरिद नियमावली,२०६४ को नियम १२१(क) मा परामर्शदाताको ढिलाईको कारणले खरिद सम्झौता बमोजिमको काम सो सम्झौतामा तोकिएको म्यादमा सम्पन्न हुन नसकेमा निजले सार्वजनिक निकायलाई सम्झौता रकमको दश प्रतिशतमा नबढ्ने गरी प्रतिदिन सम्झौता रकमको शुन्ना दशमलब शुन्ना पाँच प्रतिशत पूर्व निर्धारित क्षतिपूर्ति दिनुपर्ने व्यवस्था छ । मकरीगाड-खण्डेशवरी-घुसा जडिबुटी पहुँचमार्ग सडक निर्माणको विस्तृत परियोजना प्रतिवेदन तयार गर्न पालिका र एभरेस्ट इन्जिनियरीङ कन्सल्टेन्ट काठमाडौँबीच मिति २०८१।९।३ देखि २०८१।११।२८ सम्म कार्यसम्पन्न गर्ने गरी लागि मूअकरसहित रू.८,८२,०४५।३२ (मू.अ.कर बाहेक) मा खरिद सम्झौता भएको देखिन्छ । परामर्शदाताले कार्यसम्पन्न गर्नुपर्ने मितिभित्र प्रतिवेदन नबुझाई मिति २०८१।१२।१४ मा अर्थात् १४ दिन ढिला प्रतिवेदन बुझाएको देखिन्छ । अतः उक्त परामर्शदाताबाट पूर्वनिर्धारित क्षतिपुर्तिवापत असुल गर्नुपर्ने रू.

| | |
|---|---|
| असुल गर्नुपर्ने | ६,१७५ |

७२ **कार्यसम्पन्न प्रतिवेदन**

सार्वजनिक खरिद नियमावली, २०६४ को नियम १२५ अनुसार परीक्षण गर्ने त्रुटि सच्याउने दायित्वको अवधि समाप्त नहुँदै कुनै त्रुटि देखिएमा सार्वजनिक निकायले सोको एकीन गरी समयमा नै दाबी गर्नुपर्ने व्यवस्था गरेको छ । त्रुटी सच्याउने दायित्वको अवधि समाप्त भएपछि त्यस्तो निर्माण कार्य स्वीकृत ड्रइङ्ग, डिजाइन वा स्पेसिफिकेशन बमोजिम भए नभएको कुरा प्राविधिक कर्मचारीबाट जाँचबुझ गराई कार्यसम्पन्न प्रतिवेदन तयार गर्नुपर्ने व्यवस्था गरेको छ । तर पालिकाले सो अनुसार कार्यसम्पन्न प्रतिवेदन तयार गरेको देखिएन ।

७३ **निर्मित संरचनाको अभिलेख**

सार्वजनिक खरिद नियमावली, २०६४ को नियम ९७ उपनियम (११) मा निर्माण कार्यसम्पन्न गरिसकेपछि पूर्वाधार विकास कार्यालयले आफ्नो क्षेत्राधिकारभित्र रहेका पुल, कल्भर्ट, सडक लगायतका संरचनाहरुको निर्माण एवम् संचालन अवस्था र लागत खुलाई अभिलेखाङ्कन अद्यावधिक गरी राख्नु पर्नेमा तद्अनुसार अभिलेख राखेको देखिएन । निर्मित संरचना खुल्ने गरी नापी किताब समेत अद्यावधिक छैन । निर्मित संरचना, निर्माणाधिन एवं प्रस्तावित संरचनाको अभिलेख, सो को संचालन अवस्था, मर्मत सम्भार कार्य योजनाका लागि आवश्यकता पहिचान सर्वेक्षण, डिटेल डिजाइन लागत अनुमान तयारी गर्दा चेनेज डिजाइनमा GPS को माध्यमले स्थान पहिचान र अभिलेख खुल्ने संयन्त्रको विकास गरी सिस्टमबाट नै अभिलेख राख्ने र हेर्न मिल्ने व्यवस्था मिलाउनु पर्दछ । अन्तरनिकाय समन्वय, संरचना निर्माणमा दोहोरोपनाको अन्त्य र अभिलेख व्यावस्थापनका लागि GPS बाट अभिलेख (Geodetic Coordinate बाट Geographic Information System को माध्यमले अभिलेख) राख्ने व्यवस्था तत्काल मिलाउनु पर्दछ ।

७४ **एज बिल्ट ड्रोईङ्ग**

सार्वजनिक खरिद नियमावलीको नियम, २०६४ को नियम १२५(१) मा खरिद सम्झौता वमोजिम निर्माण कार्य सम्पन्न भएको ३० दिनभित्र सम्वन्धित निर्माण व्यवसायीले निर्माण भए वमोजिमको (एज विल्ट) नक्सा सार्वजनिक निकायमा पेश गर्नुपर्ने उल्लेख छ।

पालिका अन्तर्गत सञ्चालित ठुला योजनाको समेत एजबिल्ड ड्रइङ पेश भएको पाईएन । यस्तो प्रतिबेदन पेश गर्ने गराउने तर्फ पालिकाले ध्यान दिनुपर्ने देखिन्छ ।

७५ **बढी भुक्तानी (तामाखानी पर्यटकिय पदमार्ग निर्माण)** (१४-2082-03-26):

( ✂ ..... कार्यालयले बेरुजु फस्र्योट गरी पेश गरेको मनासिब देखिएकोले मिति **२०८३-१-३** को निर्णयले रू **१४३,९८६** सम्परीक्षण गरी लगत कट्टी गरिएको ।)

| | |
|---|---|
| असुल गर्नुपर्ने | ० |

# अनुसूचीहरू

## अनुसूची - १

## आर्थिक कारोबारको स्थिति

आर्थिक बर्ष: २०८१/८२

कार्यालय र स्थान : अपिहिमाल गाउँपालिका, दार्चुला , अपिहिमाल गाउँपालिका , दार्चुला

| पद | नाम | कार्यकाल सुरु मिति | कार्यकाल समाप्त मिति |
|---|---|---|---|
| कार्यालय प्रमुख | ईन्द्र बहादुर रावल | २०७९-१०-८ | हाल सम्म कार्यरत |
| लेखा प्रमुख | इश्वर सिह धामी | २०८०-७-१ | हाल सम्म कार्यरत |

बेरुजु वर्गीकरण:

| असूल गर्नुपर्ने | अनियमित भएको | प्रमाणका कागजात पेश नभएको | जिम्मेवारी नसारेको | सोधभर्ना नलिएको | जम्मा पेश्की |
|---|---|---|---|---|---|
| २,४३२,०९८.६६ | २४०,००० | ३२१,००७.२३ | ० | ० | १००,००० |
| **प्रारम्भिक प्रतिवेदनबाट देखिएको बेरुजू रु.** | | | | | ३,०९३,१०५.८९ |
| **प्रारम्भिक प्रतिवेदन उपर फछ्र्यौट गरी संपरीक्षण भएको रकम रु.** | | | | | १,५२५,९९८.६६ |
| **संपरीक्षणबाट थप भएको बेरुजू रु.** | | | | | ० |
| **लेखापरीक्षण प्रतिवेदनमा कायम बेरुजू रु.** | | | | | १,५६७,१०७.२३ |

स्थानीय तह :

| | | | |
|---|---|---|---|
| **गत बर्षको जिम्मेवारी** | | २८३२३९६९.३१ | |
| **आम्दानी** | | **खर्च** | |
| **संघीय सरकारबाट अनुदान** | १९००८३२० | **चालु खर्च** | १९७२५९४०४.०९ |
| **प्रदेश सरकारबाट अनुदान** | ३०१६७९६४ | **पूँजीगत खर्च** | ८३४४४२१५.९१ |
| **राजश्व बाँडफाँट** | ६९९६१४८७.२८ | **वित्तीय/अन्य व्यवस्था** | १०८८९८२८६.१ |
| **आन्तरिक आय** | २१७८३८०.८ | | |
| **अन्य आय** | २७००२४७८६.८३ | | |
| **कुल आय** | ३९१३४०९३८.९१ | **कुल खर्च** | ३८९६०१९०६.१० |
| **बाँकी मौज्दात** | | ३००६३००२.१२ | |

**अनुसूची - २**

## बेरूजु दफा ३ सँग सम्बन्धित विवरण - अनुसूची - ३

| प्राप्ति र भुक्तानीको एकिकृत वार्षिक प्रतिवेदन (बजेट र गैरबजेट निकाय) | | | | | | | |
|---|---|---|---|---|---|---|---|
| क्र.स./ आर्थिक सङ्केत | विवरण | चालु आ.ब.को कारोबार | | | गत आ.ब. को कारोबार | | |
| | | नगद | तेस्रो पक्ष भुक्तानी (सोझै भुक्तानी) | जम्मा | नगद | तेस्रो पक्ष भुक्तानी (सोझै भुक्तानी) | जम्मा |
| | राजस्व अनुदान र अन्य प्राप्ति | | | | | | |
| ११००० | कर | ६,७०,८५,५८६.८८ | ० | ६,७०,८५,५८६.८८ | ५,९२,९९,७४७.६७ | ० | ५,९२,९९,७४७.६७ |
| १३००० | अनुदान | २१,२८,९८,१४७.७७ | ० | २१,२८,९८,१४७.७७ | २०,७९,३३,७३९.७६ | ० | २०,७९,३३,७३९.७६ |
| १४००० | अन्य राजस्व | ४८,७४,६७८.२० | ० | ४८,७४,६७८.२० | १९,३४,३४२.११ | ० | १९,३४,३४२.११ |
| १५००० | विविध प्राप्ति | १,७९,६०३.०० | ० | १,७९,६०३.०० | २,३७,५००.०० | ० | २,३७,५००.०० |
| क | **कुल जम्मा प्राप्ति** | २८,५०,३८,०१५.८५ | | २८,५०,३८,०१५.८५ | २६,९४,०५,३२९.५४ | | २६,९४,०५,३२९.५४ |
| ३ | चालु | १९,७२,५९,४०४.०९ | ० | १९,७२,५९,४०४.०९ | १८,३७,४०,९०२.९९ | ० | १८,३७,४०,९०२.९९ |
| २१००० | पारिश्रमिक / सुविधा | ३,८९,०४,०५९.६३ | ० | ३,८९,०४,०५९.६३ | ४,२५,५३,६०९.९२ | ० | ४,२५,५३,६०९.९२ |
| २२००० | मालसामान तथा सेवाको उपयोग | ६,७९,३१,७६८.४७ | ० | ६,७९,३१,७६८.४७ | ५,८७,७४,२१९.३६ | ० | ५,८७,७४,२१९.३६ |
| २५००० | सहायता (Subsidy) | ८,४६,७५,७८९.९९ | ० | ८,४६,७५,७८९.९९ | ७,६३,२२,८०३.७१ | ० | ७,६३,२२,८०३.७१ |
| २६००० | अनुदान | १,४०,०००.०० | ० | १,४०,०००.०० | ० | ० | ० |
| २७००० | सामाजिक सुरक्षा | ४४,३३,७७१.०० | ० | ४४,३३,७७१.०० | ४९,२५,४१०.०० | ० | ४९,२५,४१०.०० |
| २८००० | अन्य खर्च | ११,७४,०१५.०० | ० | ११,७४,०१५.०० | ११,६४,८६०.०० | ० | ११,६४,८६०.०० |
| ४ | पूंजीगत | ८,३४,४४,२१५.९१ | ० | ८,३४,४४,२१५.९१ | ८,८८,७१,९६९.४१ | ० | ८,८८,७१,९६९.४१ |
| ३१११० | भवन तथा संरचना | २,६९,५५,०३६.०० | ० | २,६९,५५,०३६.०० | ४,७८,६८,४०२.०० | ० | ४,७८,६८,४०२.०० |
| ३११२० | सवारी साधन मेशिनरी औजार फर्निचर्स तथा फिक्चर्स | ६६,११,७८२.०० | ० | ६६,११,७८२.०० | ७८,३१,८३४.८२ | ० | ७८,३१,८३४.८२ |

| | | | | | | | |
|---|---|---|---|---|---|---|---|
| ३११३० | अन्य पूँजीगत खर्च | २९,०२,४४०.०० | ० | २९,०२,४४०.०० | १४,९९,५८१.०० | ० | १४,९९,५८१.०० |
| ३११५० | सार्वजनिक निर्माण | ४,६९,११,००७.९१ | ० | ४,६९,११,००७.९१ | ३,१६,७२,१५१.५९ | ० | ३,१६,७२,१५१.५९ |
| ३११६० | निर्मितसरचनाको सुधार खर्च | ६३,९५०.०० | ० | ६३,९५०.०० | ० | ० | ० |
| ख) | **कुल जम्मा भुक्तानी** | २८,०७,०३,६२०.०० | | २८,०७,०३,६२०.०० | २७,२६,१२,८७२.४० | | २७,२६,१२,८७२.४० |
| ग) | **बचत /कमी (ग = क-ख )** | ४३,३४,३९५.८५ | | ४३,३४,३९५.८५ | -३२,०७,५४२.८६ | | -३२,०७,५४२.८६ |
| घ) | **धरौटी आकस्मिक कोष लगायतका अन्य कोषको मौज्दातको थप/ घट (+/-)** | -२५,९५,३६३.०४ | | -२५,९५,३६३.०४ | -४,३२,९४१.७८ | | -४,३२,९४१.७८ |
| घ.१) | **कट्टी रकम भुक्तानी/दाखिला गर्न बाकी** | | | | | | |
| ङ) | **यस आ.ब.को नगद तथा बैंक मौज्दात (बचत /(कमी)) ( ङ = ग+घ)** | १७,३९,०३२.८१ | | १७,३९,०३२.८१ | -३६,४०,४८४.६४ | | -३६,४०,४८४.६४ |
| च) | **गत आ.व.को नगद तथा बैंक मौज्दात** | २,८३,२३,९६९.३१ | | २,८३,२३,९६९.३१ | ३,१९,६४,४५३.९५ | | ३,१९,६४,४५३.९५ |
| छ) | **विनिमय नाफा/ घाटा तथा अन्य समायोजन** | | | | | | |
| ज) | **आ.व. अन्तको बाँकी नगद तथा बैंक मौज्दात ( ज= ङ+च+छ)** | ३,००,६३,००२.१२ | | ३,००,६३,००२.१२ | २,८३,२३,९६९.३१ | | २,८३,२३,९६९.३१ |

| शाखा | क्र.सं. | पदको नाम | सेवा | तह | पदनाम | स्वीकृत दरबन्दी | पदपूर्ति(आषाढमसान्तको स्थिति) | | | | | रिक्त |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| | | | | | | | संघबाट समायोजन भई आएको | साविक स्थानीयमा कार्यरत | लोक सेवाबाट पदपूर्ति मार्फत | आन्तरिक पदपूर्ति | करारबाट | |
| गा.पा. | १ | प्रमुखप्रशासकीय अधिकृत | प्रशासन | सातौं/ आठौं | प्रमुखप्रशासकीय अधिकृत | १ | ० | ० | ० | ० | ० | १ |
| प्रशासन, योजना तथा अनुगमन | १ | शाखाप्रमुख | प्रशासन | छैटौं/सातौं | प्रशासकीयअधिकृत | १ | ० | ० | १ | ० | ० | ० |
| | २ | प्रशासनसहायक | प्रशासन | पाँचौं | ना.सु. | ५ | ० | ० | ० | ० | ० | ५ |
| | ३ | सहायककम्प्युटर अपरेटर | विविध | चौथों | सहायककम्प्युटर अपरेटर | १ | ० | ० | ० | ० | १ | ० |
| | ४ | प्रशासनसहायक | प्रशासन | चौथों | खरिदार | ३ | ० | ० | ० | ० | ० | ३ |
| पूर्वाधारशाखा | १ | शाखाप्रमुख | इन्जिनियरिङ | छैटौं/सातौं | इन्जिनियर | १ | ० | ० | ० | ० | १ | ० |
| | २ | सब-इ.जनरल/ सिभिल | इन्जिनियरिङ | पाँचौं | सबइन्जिनियर | २ | ० | ० | १ | ० | १ | ० |
| | ३ | अ. सब-इ.जनरल/ सिभिल | इन्जिनियरिङ | चौथों | अ. सबइन्जिनियर | १ | ० | ० | १ | ० | ० | ० |
| | ४ | अमिन | इन्जिनियरिङ | चौथों | अमिन | १ | ० | ० | ० | ० | १ | ० |
| सामाजिकविकास शाखा | १ | शाखाप्रमुख | प्रशासन | छैटौं/सातौं | सामाजिकविकास अधिकृत | १ | ० | ० | ० | ० | ० | १ |
| | २ | महिलाविकास निरीक्षक | विविध | पाँचौं | महिलाविकास निरीक्षक | १ | ० | ० | ० | ० | ० | १ |
| | ३ | प्रशासनसहायक | प्रशासन | पाँचौं | ना.सु. | २ | ० | ० | ० | ० | ० | २ |
| | ४ | खा.पा.स.टे. | इन्जिनियरिङ | चौथो | खा.पा.स.टे. | १ | ० | ० | १ | ० | ० | ० |
| शिक्षा, युवा तथा खेलकुद शाखा | १ | शाखाप्रमुख | शिक्षा | छैटौं/सातौं | शिक्षाअधिकृत | १ | ० | ० | १ | ० | ० | ० |
| | २ | प्राविधिकसहायक | शिक्षा | पाँचौं | प्राविधिकसहायक | २ | ० | ० | १ | ० | ० | ० |
| आर्थिकविकास शाखा | १ | शाखाप्रमुख | कृषि | छैटौं/सातौं | कृषिअधिकृत | १ | ० | ० | ० | ० | १ | ० |
| | २ | कृषिप्रा.स. | कृषि | पाँचौं | प्रा.स. | १ | ० | ० | १ | ० | ० | ० |
| | ३ | कृषिना.प्रा.स. | कृषि | चौथों | ना.प्रा.स. | १ | ० | ० | १ | ० | ० | ० |
| | | | | | | | | | | | | |

| | | | | | | | | | | | | |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| | ४ | भेटेनरीअधिकृत | पशु | छैटौं/सातौं | भेटेनरीअधिकृत | १ | ० | ० | ० | ० | ० | १ |
| | ५ | लापोटेड/ना.प्रा.स. | पशु | पाँचौं | प्रा.स. | २ | ० | ० | २ | ० | ० | ० |
| | ६ | लापोतटेढ/<br>ना.प्रा.स. | पशु | चौथों | ना.प्रा.स. | १ | ० | ० | १ | ० | ० | ० |
| | ७ | प्रशासनसहायक | प्रशासन | पाँचौं | ना.सु. | २ | ० | ० | ० | ० | ० | २ |
| | ८ | प्रशासनसहायक | प्रशासन | चौथों | खरिदार | १ | १ | ० | ० | ० | ० | ० |
| जनस्वास्थ्यशाखा | १ | शाखाप्रमुख | स्वास्थ्य | छैटौं/सातौं | जनस्वास्थ्यअधिकृत | १ | ० | ० | १ | ० | ० | ० |
| | २ | नर्सिङ्गकर्मचारी | स्वास्थ्य | पाँचौं/छैटौं | सि.अ.न.मी.निरीक्षक | १ | ० | ० | १ | ० | ० | ० |
| | ३ | सि.अ.हे.व./अ.सनि | स्वास्थ्य | पाँचौं/छैटौं | स्वास्थ्यचौकी प्रमुख | २ | ० | ० | २ | ० | ० | ० |
| | ४ | अ.हे.व. | स्वास्थ्य | चौथों/पाँचौं | अ.हे.व. | ८ | ० | ० | ४ | ० | ४ | ० |
| | ५ | अ.न.मी. | स्वास्थ्य | चौथों/पाँचौं | अ.न.मी. | ८ | ० | ० | ३ | ० | ५ | ० |
| | ६ | कविराज | आयुर्वेद | पाँचौं | कविराज | १ | ० | ० | ० | ० | १ | ० |
| | ७ | वैध | आयुर्वेद | चौथौँ | वैध | १ | ० | ० | ० | ० | १ | ० |
| आ.प्र.शाखा | १ | लेखापाल | लेखा | पाँचौं | लेखापाल | १ | ० | ० | १ | ० | ० | ० |
| | २ | सहायकलेखापाल | लेखा | चौथों | सहायकलेखापाल | १ | ० | ० | ० | ० | ० | १ |
| आलेप इकाई | १ | आलेप सहायक | लेखा | पाँचौं | आलेप सहायक | १ | ० | ० | ० | ० | ० | १ |
| सु. प्र. शाखा | १ | सूचनाप्रविधि<br>अधिकृत | कम्प्युटर | छैटौं/सातौं | सूचनाप्रविधि<br>अधिकृत | १ | ० | ० | ० | ० | १ | ० |
| रोजगारसेवा केन्द्र | १ | रोजगारसंयोजक | प्रशासन | छैटौं/सातौं | रोजगारअधिकृत | १ | ० | ० | ० | ० | १ | ० |
| | २ | रोजगारसहायक | प्रशासन | पाँचौं | रोजगारसहायक | १ | ० | ० | ० | ० | १ | ० |
| | ३ | रोजगारप्राविधिक | इन्जिनियरिङ | चौथों | रोजगारप्राविधिक | १ | ० | ० | ० | ० | १ | ० |
| विपद्व्यवस्थापन<br>शाखा | १ | अधिकृत | प्रशासन | छैटौं/सातौं | शाखाअधिकृत | १ | ० | ० | ० | ० | १ | ० |
| | २ | प्रशासनसहायक | प्रशासन | चौथों | खरिदार | १ | ० | ० | ० | ० | ० | १ |
| वडाकार्यालय तर्फ | १ | वडा सचिव | प्रशासन | पाँचौं | ना.सु. | २ | ० | ० | २ | ० | ० | ० |
| | २ | वडा सचिव | प्रशासन | चौथों | खरिदार | ४ | १ | ० | १ | ० | ० | २ |
| | ३ | सब-<br>इन्जिनियरसिभिल/<br>जनरल | इन्जिनियरिङ | पाँचौं | सब-इन्जिनियर | २ | ० | ० | ० | ० | २ | ० |

| | | | | | | | | | | | |
|---|---|---|---|---|---|---|---|---|---|---|---|
| | ४ | अ.सब-इन्जिनियर सिभिल/जनरल | इन्जिनियरिङ | चौथों | अ.सब-इन्जिनियर | ४ | ० | ० | ३ | ० | १ | ० |
| अन्यतर्फ (सेवा करारका) | १ | पशु सेवाना.प्रा.स. | पशु | चौथों | ना.प्रा.स. | ६ | ० | ० | ० | ० | ६ | ० |
| | २ | कृषि सेवाना.प्रा.स. | कृषि | चौथों | ना.प्रा.स. | ६ | ० | ० | ० | ० | ६ | ० |
| | ३ | का.स.कार्यालय तर्फ | विविध | श्रेणीविहीन | कार्यालयसहयोगी | ४ | ० | ० | ० | ० | ४ | ० |
| | ४ | का.स. वडातर्फ | विविध | श्रेणीविहीन | कार्यालयसहयोगी | ६ | १ | ० | ० | ० | ५ | ० |
| | ५ | पाले | विविध | श्रेणीविहीन | पाले | २ | ० | ० | ० | ० | १ | १ |
| | ६ | का.स.स्वास्थ्य तर्फ | विविध | श्रेणीविहीन | कार्यालयसहयोगी | ६ | ० | ० | ० | ० | ६ | ० |
| | ७ | का.स.आयुर्वेद तर्फ | विविध | श्रेणीविहीन | कार्यालयसहयोगी | १ | ० | ० | ० | ० | १ | ० |
| | ८ | स्वीपरस्वास्थ्य तर्फ | विविध | श्रेणीविहीन | स्वीपर | ६ | ० | ० | ० | ० | ६ | ० |
| | ९ | ड्राइभर | विविध | श्रेणीविहीन | ड्राइभर | २ | ० | ० | ० | ० | १ | ० |
| | १० | माली | विविध | श्रेणीविहीन | माली | १ | ० | ० | ० | ० | १ | ० |
| | ११ | का.स. कृषिर पशु तर्फ | विविध | श्रेणीविहीन | कार्यालयसहयोगी | १ | ० | ० | ० | ० | १ | ० |
| | १२ | स्वास्थ्यसेवा अनमी | स्वास्थ्य | चौथों | अनमी | ४ | ० | ० | ० | ० | ० | ४ |
| | | जम्मा | | | | १२२ | ३ | ० | २९ | ० | ६२ | २६ |

## बेरूजु दफा ५१.८ सँग सम्बन्धित विवरण - अनुसूची -५

| सि.न. | विद्यालयको नाम | शिक्षक दरबन्दी | | | | जम्मा शिक्षक | विद्यार्थी संख्या | शिक्षक विद्यार्थी अनुपात |
|---|---|---|---|---|---|---|---|---|
| | | स्थायी | राहत | करार | जम्मा | | | |
| १ | श्री महादेव आ.वि. ल्वाथी -१ | १ | ० | १ | २ | २ | १५ | १:८ |
| २ | श्री भवानी आ.वि. सिति -१ | ३ | १ | ० | ४ | ७ | ७५ | १:११ |
| ३ | श्री महादेव आ.वि. घुसा -२ | ३ | ४ | ० | ७ | ११ | १५६ | १:१४ |
| ४ | श्री सिद्वनाथ आ.वि. दैभात -२ | ० | २ | ० | २ | ३ | १७ | १:६ |
| ५ | श्री अपिनाम्पा आ.वि. पाटु -२ | ० | ० | ० | ० | ३ | १८ | १:६ |
| ६ | श्री सिद्धनाथ आ.वि. घाजिर-३ | २ | ० | ० | २ | ३ | २७ | १:९ |
| ७ | श्री हिमालय आ.वि. पाथा-३ | ५ | ० | ० | ५ | ८ | ५६ | १:७ |
| ८ | श्री महादेव आ.वि. काटै -३ | १ | ० | ० | १ | २ | १२ | १:६ |
| ९ | श्री सुर्मा भवानी आ.वि. थुम्ती-३ | ४ | ० | ० | ४ | ५ | ५५ | १:११ |
| १० | श्री खण्डेश्वरी मा.वि. क्षेत्ती-४ | १२ | २ | ८ | २२ | २७ | ३८९ | १:१५ |
| ११ | श्री सरस्वती आ.वि. मरखोला-४ | २ | १ | १ | ४ | ८ | १४९ | १:१९ |
| १२ | श्री तामाखानी आ.वि. चौबिसन-४ | ३ | २ | ० | ५ | ९ | १०६ | १:१२ |
| १३ | श्री भवानी मा.वि. सौगन्रा-५ | ४ | ० | १ | ५ | ९ | १९८ | १:२२ |
| १४ | श्री डाडाँबाग आ.वि. लुम्थी -५ | ३ | ० | ० | ३ | ३ | ५२ | १:१७ |
| १५ | श्री चौलानी आ.वि.तल्लोफेर -५ | ० | ० | ० | ० | ३ | ३० | १:१० |
| १६ | श्री छिपुलकेदार मा.वि. धंकं -६ | ४ | ० | ० | ४ | ९ | १५६ | १:१७ |
| १७ | श्री महादेव आ.वि. खडियान-६ | २ | ० | ० | २ | ३ | ३० | १:१० |
| १८ | श्री गौरी शंकर आ.वि. मज्जे -६ | २ | ० | १ | ३ | ३ | २५ | १:८ |
| १९ | श्री भुमिराज आ.वि. चौकिबगर-६ | ० | २ | ० | २ | २ | १४ | १:७ |
| २० | श्री महादेव आ.वि. राङपाङ -६ | ० | २ | ० | २ | २ | १९ | १:१० |
| २१ | श्री सानो आ.वि. माङदाङ -६ | १ | ० | ० | १ | २ | २३ | १:१२ |
| २२ | श्री भवानी आ.वि. ककनाडी -६ | ० | ० | ० | ० | २ | २२ | १:११ |
| जम्मा | | ५२ | १६ | १२ | ८० | १२६ | १६३४ | १:१३ |

**बेरूजु दफा ५१.१२ सँग सम्बन्धित विवरण - अनुसूची -६**

| सि.न. | विद्यालयको नाम | विद्यालयगत जम्मा निकासा | विद्यार्थी संख्या | प्रति बिद्यार्थी लागत |
|---|---|---|---|---|
| १ | श्री महादेव आ.वि. ल्वाथी-१ | १६१६५९२।४५ | १५ | १०७७७३।०० |
| २ | श्री भवानी आ.वि. सिति-१ | ४४६७८५५।३० | ७५ | ५९५७१।०० |
| ३ | श्री महादेव मा.वि. घुसा-२ | ६७९७८७९।४१ | १५६ | ४३५७६।०० |
| ४ | श्री सिद्धनाथ आ.वि. दैभात-२ | १६१३३१०।२५ | १७ | ९४९००।०० |
| ५ | श्री अपिनाम्पा आ.वि. पाटु-२ | १२६६२९३।८० | १८ | ७०३५०।०० |
| ६ | श्री सिद्धनाथ आ.वि. घाजिर-३ | १७९३९२०।३० | २७ | ६६४४१।०० |
| ७ | श्री हिमालय आ.वि. पाथा-३ | ४६७२३१९।१० | ५६ | ८३४३४।०० |
| ८ | श्री महादेव आ.वि. काँटै-३ | ११७४६४४।६० | १२ | ९७८८७।०० |
| ९ | श्री सुर्मा भवानी आ.वि. थुम्ती-३ | ३२७७१३०।४० | ५५ | ५९५८४।०० |
| १० | श्री खण्डेश्वरी मा.वि. क्षेत्ती-४ | २०८३८७३७।०० | ३८९ | ५३५७०।०० |
| ११ | श्री सरस्वती आ.वि. मरखोला-४ | ५२३६३६०।२१ | १४९ | ३५१४३।०० |
| १२ | श्री तामाखानी आ.वि. चौविसन-४ | ५१७८३११।८० | १०६ | ४८८५२।०० |
| १३ | श्री भवानी आ.वि. सौगन्ना-५ | ६६५६२७७।३८ | १९८ | ३३६१८।०० |
| १४ | श्री डाँडाबाग आ.वि. लुम्थी-५ | २२५८५३६।१० | ५२ | ४३४३३।०० |
| १५ | श्री चौलनी आ.वि. तल्लोफेर-५ | १११६१२०।८० | ३० | ३७२०४।०० |
| १६ | श्री छिपुलकेदार मा.वि. धंक-६ | ७५०१११९।२१ | १४६ | ५१३७८।०० |
| १७ | श्री महादेव आ.वि. | १७८९२६०।६० | ३० | ५९६४२।०० |

| | | | | |
|---|---|---|---|---|
| | खाँडेयान-६ | | | |
| १८ | श्री गौरीशंकर आ.वि. मज्जे-६ | २०९४८७७।२० | २५ | ८३७९५।०० |
| १९ | श्री भुमिराज आ.वि. चौकीबगर-६ | १३२०१९६।२० | १४ | ९४३००।०० |
| २० | श्री महादेव आ.वि. राङपाङ-६ | १३०२२४०।६० | १९ | ६८५३९।०० |
| २१ | श्री सानो आ.वि. माङदाङ-६ | ११७६०२३।९० | २३ | ५११३१।०० |
| २२ | श्री भवानी आ.वि. ककनाडाँ-६ | ७५८००३।३३ | २२ | ३४४५५।०० |
| **जम्मा** | | **८,३९,०६,००९।९४** | **१६३४** | **१३,७८,५७६।००** |

# सुझाव

स्थानीय तहहरूद्धारा प्रदान गरिने सेवालाई छिटो, सरल, सुलभ र गुणस्तरीय बनाई स्थानीय जनताको जीवनस्तरमा सुधार ल्याउन यस स्थानीय तहले कानुन तथा नीति निर्माण, साधन स्रोतको प्रभावकारी परिचालन, विकास प्रशासन, राजस्व परिचालन, नियमित सेवा प्रवाह, आर्थिक प्रशासन लगायतका विषयमा तपसिल अनुसारका सुधार गर्नुपर्दछः

- वित्तीय हस्तान्तरण र राजस्व बाँडफाँटबाट प्राप्त हुने रकम सम्बन्धित मार्गदर्शनमा तोकिएबमोजिम विनियोजनमा कुशलता, कार्यान्वयनमा दक्षता र अपेक्षित नतिजा प्राप्त हुने गरी बजेट विनियोजन गरी समयमै पारित गर्नुपर्दछ।
- आन्तरिक आयका क्षेत्रहरू पहिचान गरी आन्तरिक आय वृद्धि गर्नुपर्दछ। कार्ययोजना तयार गरी विगतका आय बक्यौता असुल गर्ने व्यवस्था गर्नुपर्दछ।
- नेपालको संविधानको धारा ५९ को उपधारा ७ मा सङ्घ, प्रदेश र स्थानीय तहको बजेट घाटा व्यवस्थापन तथा अन्य वित्तीय अनुशासन सम्बन्धी व्यवस्था संघीय कानुन बमोजिम हुने उल्लेख भएकोमा कतिपय प्रदेश र स्थानीय तहले यस सम्बन्धी कानुन निर्माण गर्दा संघीय कानुनसँग सामाञ्जस्यता कायम नगरेकोले यसमा सुधार हुनुपर्दछ ।
- स्थानीय तहका पदाधिकारी तथा सदस्यहरूको सुविधा सम्बन्धी ऐन अनुसार मात्र पदाधिकारीलाई तोकिएको सुविधा व्यवस्था गर्नुपर्दछ। निर्वाचित हुने पद बाहेक राज्यकोषबाट तलव सुविधा बेहोर्ने गरी नियुक्त हुने सबै पदमा योग्यता र मापदण्ड तोकिनुपर्दछ ।
- स्थानिय सेवा ऐन र नियम अनुसार सङ्गठन तथा व्यवस्थापन सर्वेक्षणको आधारमा सङ्गठन संरचना निर्माण गरी स्थायी पद सिर्जना, पद दर्ता र पदपूर्ति गरी कर्मचारी व्यवस्थापन गर्नुपर्दछ।
- भौगोलिक अवस्था, स्रोतको उपलब्धता, सेवा प्रवाहको अवस्थासमेतका आधारमा कानुन बमोजिम जनशक्ति व्यवस्थापन गर्नुपर्दछ । पदाधिकारी तथा कर्मचारीहरूको क्षमता विकास गरी कार्यसम्पादनमा प्रभावकारिता ल्याउन प्रशिक्षण तथा तालिमको व्यवस्था गर्नुपर्दछ।
- अनुदान दिने विषय, क्षेत्र, वर्ग, समूहबारे कानुनबाट नै स्पष्ट गरी अन्तिम प्रयोगकर्तालाई प्रत्यक्ष फाइदा पुग्ने तथा उत्पादन र उत्पादकत्वमा वृद्धि हुने गरी अनुदान प्रदान गर्नुपर्दछ । अति विपन्न र न्यून आय वर्गलाई सेवामा पहुँच दिन प्रदान गरिने सुविधा सोही वर्गमा पुगेको सुनिश्चित गर्न सो प्राप्त गर्नेको विवरण सार्वजनिकीकरण गर्नुपर्दछ ।
- व्यावसायिक प्रकृतिको संस्थाहरूलाई पुँजीगत अनुदान प्रदान गर्दा लाभग्राहीले प्राप्त गर्ने लाभको सुनिश्चितता हुनुपर्दछ । यस्ता संस्थाहरु विघटन भएमा बाँकी सम्पत्ति लगानीको अनुपातमा फिर्ता हुने सुनिश्चितता हुन पर्दछ। यस्तो निर्माण व्यक्तिगत स्वामित्व रहेको जग्गा वा सम्पत्तिमा गरिनु हुँदैन ।
- एउटै प्रकृतिको काममा समेत लागत अनुमान टुक्र्याई सोझै खरिद गर्ने, पूर्वानुमान गर्न सकिने अवस्थामा पनि लागत अनुमान यथार्थपरक तवरले तयार नगरी भेरिएसनबाट थप कार्य गराउने प्रवृत्तिमा नियन्त्रण गर्नुपर्दछ।
- खरिद सम्झौताको निर्धारित समयमा ठेक्काको काम सम्पन्न गर्नुपर्दछ। म्याद थप कार्यलाई वस्तुनिष्ठ र तथ्यमा आधारित बनाउनुपर्दछ। निर्माण व्यवसायी वा उपभोक्ताबाट भएको निर्माण कार्यको विस्तृत विवरण देखिने गरी तोकिएको ढाँचामा अभिलेख राख्नुपर्दछ।
- स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को दफा ७८(५) बमोजिम स्थानीय तहले सार्वजनिक सेवा प्रवाहलाई पारदर्शी, उत्तरदायी र जवाफदेही बनाउन सार्वजनिक तथा सामाजिक परीक्षण र सार्वजनिक सुनुवाइ गर्नुपर्दछ।
- स्थानीय तहले आन्तरिक आयको परिधिभित्र रही मापदण्डका आधारमा आर्थिक सहायता वितरण गरी प्राप्त गर्नेको नाम सार्वजनिक गर्नुपर्दछ। त्यसैगरी अनुत्पादक र वितरणमुखी कार्यक्रममा गरिने खर्च घटाउनुपर्दछ।
- आधारभूत तथा माध्यमिक तहका विद्यालयहरूमा प्रचलित नियमले तोकेअनुसार शिक्षक विद्यार्थी अनुपातको आधारमा शिक्षक संख्या कायम गरी बढी भएका शिक्षकहरू समायोजन गर्नुपर्दछ।
- एकीकृत शैक्षिक व्यवस्थापन सूचना प्रणालीमा रहेका विद्यार्थी संख्याको आधारमा दिवा खाजा, छात्रवृत्ति, पाठ्यपुस्तक र अन्य अनुदान रकम विद्यालयलाई निकासा दिनुपर्दछ ।

- बजेट तर्जुमा पूर्व नै अनुमान गर्न सकिने शीर्षकमा समेत अर्थ विविध वा अबण्डामा बजेट राख्ने र वर्षान्तमा रकमान्तर गरी खर्च गर्ने परिपाटी नियन्त्रण गर्नुपर्दछ।
- पूर्व तयारीका कार्य सम्पन्न भएका आयोजनामा मात्र बजेट विनियोजन गर्नुपर्दछ। स्रोतको सुनिश्चितताबेगरका कार्यक्रम/आयोजनामा आगामी वर्षको लागि दायित्व सिर्जना गरी भुक्तानी बाँकी राख्ने कार्यमा नियन्त्रण गर्नुपर्दछ।
- कार्यालय तथा अस्पताल भवन, सडक, सिँचाइ, खानेपानी जस्ता आयोजनाहरू कार्यान्वयन गर्दा स्पेसिफिकेशनले तोकेको संख्यामा निर्माण सामग्रीहरूको गुणस्तर परीक्षण गराउनुपर्दछ। साथै रनिङ्ग बिलसाथ गुणस्तर परीक्षण प्रतिवेदन संलग्न गरेर भुक्तानी दिनुपर्दछ।
- उपभोक्ता समितिबाट काम गराउँदा खरिद सम्झौतामा तोकिए बमोजिमको जनसहभागिताको अंश समितिबाट व्यहोर्ने गरी सम्झौता गरेकोमा कतिपय काममा सो अंश व्यहोरेको यकिन नगरी भुक्तानी दिएकोले सम्बन्धित कर्मचारीलाई जवाफदेही बनाउनुपर्दछ ।
- जटिल प्रविधि तथा उपकरणको प्रयोग हुने निर्माण कार्य र सामग्री खरिद गर्ने कार्य समेत उपभोक्ता समितिबाट गराएकोले सोमा नियन्त्रण हुनुपर्दछ ।
- कृषि, पशु, सहकारी संस्था लगायतलाई विभिन्न प्रयोजनमा अनुदान उपलब्ध गराउँदा किसानको सूचीकरण, वर्गीकरण, परिचयपत्रको व्यवस्था गरी तीनै तहको समन्वयमा दोहोरो नपर्ने व्यवस्था गर्दै एकीकृत विद्युतीय अभिलेख राखी वितरण गर्नुपर्दछ। नाफामूलक संस्थालाई अनुदान वितरण गर्नु हुँदैन।
- सहकारी तथा गरिबी सम्बन्धी व्यवस्थापन सूचना प्रणाली (कोपोमिस) तथा विद्यमान सहकारी ऐन तथा नियमको आधारमा सहकारी संस्थाहरूको सुपरिवेक्षण गरी उक्त ऐन नियम अनुसार सञ्चालन भए नभएको सुनिश्चित गर्नुपर्दछ।
- आन्तरिक नियन्त्रण प्रणाली कार्यविधि तयार गरी कार्यसम्पादनलाई मितव्ययी, पारदर्शी र व्यवस्थित गर्नुपर्दछ। अन्तिम लेखापरीक्षण अगावै आन्तरिक लेखापरीक्षण सम्पन्न गरी सोबाट देखिएका बेहोरा जिम्मेवार व्यक्तिले फर्स्यौट गर्नुपर्दछ।
- वित्तीय अनुशासन कायम गर्न लेखापरीक्षण प्रतिवेदनको सार्वजनिकीकरण तथा बेरुजु फर्स्यौटको कानुनी व्यवस्था एवं संयन्त्र तय गरिनुपर्दछ । लेखा समितिको कार्यसञ्चालन सम्बन्धी कानुन तर्जुमा गरी सो समितिलाई प्रभावकारी बनाई बेरुजु फर्स्यौट कार्यलाई व्यवस्थित बनाउनुपर्दछ।
- सरकारी पेश्की बाँकी रहेकालाई सार्वजनिक पदमा नियुक्ति नगर्ने तथा निर्वाचित हुने पदको हकमा उम्मेदवार हुन वञ्चित गर्ने एवं म्याद नाघेको पेश्कीको विवरण सार्वजनिक निकायले आर्थिक वर्ष समाप्त भएको ७ दिनभित्र सार्वजनिकीकरण गर्ने कानुनी व्यवस्था हुनुपर्दछ ।
- सार्वजनिक पदमा रहेका व्यक्तिको नाममा असुल गर्नुपर्ने बेरुजु कायम रहेकोमा सो फर्स्यौट नगरुञ्जेल वृत्ति विकासमा रोक्का गर्ने तथा नयाँ नियुक्ति नहुने कानुनी व्यवस्था गर्नुपर्दछ ।
- सार्वजनिक पदमा रहेका व्यक्तिको नाममा बेरुजु कायम भएमा सो व्यक्तिलाई उक्त बेरुजुबारे समयमै जानकारी गराउनुपर्ने र जानकारी नगराउने कर्मचारी उपर विभागीय कारबाही गर्ने कानुनी व्यवस्था गर्नुपर्दछ ।
- जिन्सी सामग्री, यन्त्र उपकरण तथा औजारहरु आवश्यकता र औचित्यका आधारमा खरिद गरी उपयोगको सुनिश्चितता हुनुपर्दछ । मौज्दातमा रहेका यन्त्र, उपकरण र औजार मर्मत सम्भार गरी उपयोग हुन नसक्ने अवस्था एकीन गरेर मात्र खरिद गर्नुपर्दछ ।
- जुनसुकै तरिकाले प्राप्त गरेको जिन्सी एवं सार्वजनिक सम्पत्तिको अभिलेख अनिवार्य रूपमा सार्वजनिक सम्पत्ति व्यवस्थापन प्रणाली (पाम्स) मा अभिलेख राख्नुपर्दछ।
- सार्वजनिक खरिद ऐन, २०६३ को दफा २९ अनुसार कार्यालयको जनशक्तिले गर्न नसक्ने कामको लागि मात्र परामर्श सेवा खरिद गरी परामर्शदाता माथिको निर्भरता कम गर्नु पर्दछ । तयार गरिएका विस्तृत आयोजना प्रतिवेदन लगायतका प्रतिवेदनहरू क्रमिक रुपले कार्यान्वयन गर्नुपर्दछ।
- सरकारी डिजिटल सेवाहरूको गुणस्तर, पहुँच र विश्वसनीयता बढाउन सेवा स्तर सम्झौता तथा गोपनीयता सम्झौता अनिवार्य गर्नुपर्दछ। एकै प्रकारको कामको लागि निकायगतरूपमा अलग - अलग सूचना प्रविधि प्रणाली खरिद गर्ने कार्यमा नियन्त्रण हुनुपर्दछ।
- सेवा प्रवाहको प्रभावकारिता लागि नागरिक सचेतना वृद्धि कार्यक्रम गर्नुका साथै नागरिकबाट पृष्ठपोषण प्राप्त गर्ने विधि अवलम्बन गर्नुपर्दछ। समयको उपलव्धता एवं सेवा खरिद गर्ने सामर्थ्य सहितको सेवा प्रवाह तय गरिनुपर्दछ ।
- सेवाग्राही समेतको योगदानमा आधारित रही विभिन्न कोषको स्थापना भएकोमा यस्ता कोषको रकम खर्च गर्दा सेवाग्राहीको हित संरक्षण भएको सुनिश्चितता हुनुपर्दछ ।

- संघ र प्रदेशबाट प्राप्त अनुदानमध्ये खर्च नभई वर्षान्तमा बाँकी रहेको मौज्दात आर्थिक वर्ष समाप्तिपश्चात् समेत फिर्ता हुँदा खर्चमा यथार्थता नदेखिएकोले सोमा सुधार गर्नुपर्दछ ।
- स्थानीय तहहरूमा रहेका भारी यन्त्र उपकरणहरू निःशुल्करूपमा समेत प्रयोग गरेको कारण ती उपकरणबाट प्राप्त आम्दानी भन्दा सञ्चालन खर्च बढी रहेको देखिन्छ। अतः यस्ता उपकरण प्रयोगको शुल्क तोकी प्रयोग गरेको लगबुकको आधारमा शुल्क असुल गर्ने व्यवस्था गर्नुपर्दछ।
- आन्तरिक लेखापरीक्षण नुहने, भएकोमा प्रतिवेदन नदिने, प्रतिवेदनमा उल्लिखित बेहोरा कार्यान्वियन नहुने, आन्तरिक लेखापरीक्षकलाई फरक जिम्मेवारीमा खटाउने गरेकोले आन्तरिक लेखापरीक्षण प्रभावकारी देखिँदैन। आन्तरिक लेखापरीक्षणलाई प्रभावकारी बनाउनुपर्दछ।